# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ३ पूर्णाङ्क ५२ | २०७४ असार १९ गते सोमबार | Monday, July 3, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी माओवादीद्वारा श्रद्धाञ्जली व्यक्त

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य 'किरण'ले एक शोक वक्तव्य जारी गर्दै पार्टीका केन्द्रीय सल्लाहाकार टंक प्रसाइँ प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गरेका छन् । सल्लाहकार प्रसाइँको ६० वर्षको उमेरमा असार १२ गते दुःखद निधन भएको थियो । नेता प्रसाइँ



केही समय अगाडिदेखि अस्वस्थ थिए ।

क्रान्तिकारी माओवादी पार्टीका अध्यक्ष किरणले सल्लाहाकार प्रसाईको निधन प्रति दुःख ब्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेका छन् ।

सर्लाही निवासी प्रसाइँ वि.सं. २०३६ सालको विद्यार्थी आन्दोलन हुँदै तत्कालिन संयुक्त चौथो महाधिवेशनदेखिनैआन्दोलनमा क्रियाशिल थिए ।

उनका एक श्रीमती, दुई छोरी र एक छोरा छन् ।

# कांग्रेस, एमाले र राप्रपाजस्तै माके

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । नेपालमा नयाँ जनवादी राज्यव्यवस्थाको स्थापानार्थ दशवर्ष जनयुद्ध लडेको तत्कालीन नेकपा (माओवादी)को एउटा हिस्सा नेकपा (माओवादी केन्द्र)को रूपमा संसदीय व्यवस्थालाई अंगिकार गर्न पुगेपछि माओवादी केन्द्रलाई हेर्ने आम श्रमजीवि जनताको दृष्टिकोण नेपाली कांग्रेस, एमाले र राप्रपा भन्दा फरक देखिन छाडेको छ । त्यसमा पनि स्थानीय तहको निर्वाचनमा माओवादी केन्द्र-कांग्रेसको चुनावी तालमेलले गर्दा जनताले माओवादी केन्द्रलाई कांग्रेस, एमाले र राप्रपासँगै तुलना गरेर हेर्न थालेका छन् । राजनीतिक एजेण्डा, सोच, चिन्तन, जीवनशैली, कार्यशैलीमा भिन्नता नदेखिएकोले जनतामा यस्तो प्रभाव पर्नु स्वभाविक भएको टिप्पणी गर्छन् कम्युनिष्ट आन्दोलनका वयोवृद्ध नेता तथा मार्क्सवादी चिन्तक कृष्णदास श्रेष्ठ । माके राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरू छाडेर प्रतिक्रियावादी एजेण्डाको मतियार बनेको उनको ठहर छ ।

नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण' मूलबाटो डटकमसँग कुराकानीको क्रममा भनेका छन्, 'कांग्रेस र माओवादीबीचको चुनावी तालमेल भनेको माकेको प्रतिक्रियावादीकरणको कुरूप नमूना हो ।' वर्गीय र राष्ट्रिय रूपमा आत्मसमर्पण गर्न पुगेको



माओवादी केन्द्र श्रमजीवि, शोषित-उत्पीडित वर्गका मुद्दाहरू छाडेर प्रतिक्रियावादी कित्तामा उभिन पुगेको उनको विश्लेषण छ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष तथा क्रान्तिकारी माओवादीका बरिष्ठ नेता सीपी गजुरेलले वर्गदृष्टि साप्ताहिकसँगको कुराकानीमा माओवादी केन्द्र देशी विदेशी प्रतिक्रियावादीहरूको भरिया भनेको टिप्पणी गरेका छन् । जनताका वर्गीय मुद्दा छाडेपछि माकेका नेताहरू अहिले सिंहदरबारको शासकीय अधिकार गाउँ नगरमा पुगेको भनेर फलाको हालिरहेको उनले दावी गरे । उनले कांग्रेस, एमाले, राप्रपाले जस्तै माकेले पनि संसदीय व्यवस्थामा गरिने चुनावलाई साध्यको रूपमा लिएको विश्लेषण गरे ।

स्थानीय तहको निर्वाचनमा विगतमा युद्ध लडेर आएका त्यागी र इमान्दार नेता कार्यकर्तालाई भन्दा पनि पैसा भएका र नेतृत्वको चाकडी गर्नेहरूलाई उम्मेदवार बनाएको भन्दै माओवादी केन्द्रभित्र अहिले अधिकांश युद्धको प्रक्रियाबाट आएका र आर्थिक रूपले कमजोर नेता कार्यकर्तामा तीव्र असन्तुष्टी बढेर गएको छ । उनीहरूले कांग्रेससँग गरेको चुनावी तालमेलप्रति पनि असन्तुष्टी जाहेर गर्दै आएका छन् । नाम उल्लेख नगर्ने सर्तमा माओवादी केन्द्रका एक कार्यालय सदस्यले भने, "अब माओवादी केन्द्रमा सर्वहारावर्गीय मूल्य, मान्यता, आदर्श केही बाँकी रहेन । हेर्दा हेर्दै हाम्रो पार्टी पनि कांग्रेस, एमाले र राप्रपाजस्तै भयो । पार्टीभित्रका त्यागी, इमान्दार र क्रान्तिकारी नेता कार्यकर्ताले पार्टी नेतृत्वको यस्तो चिन्तन र शैलीको विरोध गर्ने हिम्मत गर्नैपर्दछ ।" ती नेताले यो पनि खुलासा गरे कि माओवादी केन्द्र गुटहरूको केन्द्रजस्तै बनेको छ । उनले भने, "पार्टी गुटहरूको केन्द्र जस्तै बनेको छ । प्रचण्ड, बादल, बर्षमान पुन, कृष्णबहादुर महरा, नारायणकाजी श्रेष्ठ, मणि थापा, मातृका यादवलगायतले खुल्लम खुल्ला गुट चलाएका छन् ।"

७४४ स्थानीय तहका लागि भएको निर्वाचनको दोस्रो चरणसम्म आइपुग्दा दुई अंक पनि कटाउन नसक्ने ...बाँकी ७ पेजमा

## चुनावी परिणाम आउने क्रम जारी, तेस्रो चरण अनिश्चित

काठमाडौं । दोस्रो चरणको निर्वाचनको मत परिणाम आउने क्रम जारी छ । हिजो साँझसम्म (यो समाचार तयार पारिँदासम्म) एमाले पार्टीले नै अग्रता कायम गरेको छ । एमालेले ९१ वटा, काँग्रेसले ७६ वटा र माओवादी केन्द्रले २८ वटा स्थानमा जित हासिल गरेको छ । त्यसैगरी राजमोले २, संघीय समाजवादीले १ र फोरम लोकतान्त्रिकले पनि १ स्थानमा जित हात पारेको छ ।

एमालेले प्रदेश नं १ बाट ४२, प्रदेश नं ५ बाट २१ र प्रदेश नं ७ बाट २८ स्थान जित हासिल गरेको छ । त्यस्तै काँग्रेसले प्रदेश नं १ बाट २३, प्रदेश नं ५ बाट २२ र प्रदेश नं ७ बाट ३१ स्थानमा जितेको छ । माओवादी केन्द्रले प्रदेश नं १ बाट ७ वटा, प्रदेश नं ५ बाट १५ र प्रदेश नं ७ बाट ६ वटा स्थानमा विजय बनेका छन् । यसरी नै प्रदेश नं ५ बाट राजमोले २ स्थान, संघीय समाजवादी फोरम र फोरम लोकतान्त्रिकले १/१ स्थानबाट जितेका छन् ।

पहिलो चरणको चुनावमा जस्तै यसपाली पनि एमाले काँग्रेस कै बीचमा तीव्र प्रतिस्पर्धा हुने देखिएको छ । मत परिणाम आउन बाँकी स्थानहरूमा एमाले ५० , काँग्रेस ४९ , ...बाँकी ७ पेजमा

### बाढी र पहिरोबाट जनजीवन अस्तव्यस्त

## सप्तरी, कास्की र प्यूठानमा गरी पाँच जनाको ज्यान गयो

राजविराज । शनिवार विहानै देखि परेको अविरल वर्षाका कारण सप्तरी जिल्लाका विभिन्न नदीहरूमा आएको बाढीका कारण जनजीवन अस्तव्यस्त बनेको छ । बाढीका कारण जिल्लाका एक हजार पाँच सयभन्दा बढी घर डुबानको समस्यामा परेका छन् ।

जिल्लाको खाँडो, त्रियुगा, जीता, बिहुल, बलान लगायतका नदीहरूमा आएको बाढीका कारण बस्ती तथा धान खेत डुबानमा परेको छ । तिलाठी, लौनियाँ, सकरपुरामा बाँध फुटेर गाउँमा बढी पसेपछि स्थानीयबासी विस्थापित बन्न पुगेका छन् ।

बाढीको त्रासले गर्दा स्थानीयले पशु चौपाया, लत्ताकपडा बोकेर केही व्यक्तिहरू सुरक्षित गन्तव्यतर्फ लागेका छन् । बाढीबाट तिलाठीको बस्तीमा करिब ४ फिटसम्म पानी पस्दा जनजीवन थप कष्टकर बन्न पुगेको छ । खाना पकाउने चुलो तथा पानी खानका लागि प्रयोग गरिने ट्यूवेल समेत पानीमा डुबेका कारण खानेपानीको समेत चरम अभाव भएको छ । बाढीले गर्दा बालबालिका र बृद्धबृद्धालाई जोगाउन निकै समस्या भइरहेको स्थानीय प्रशासनले जनाएको छ । बाढीले सडक कटान गर्दा राजविराज-कुनौली सडकमा आवागमन समेत अवरुद्ध भएको छ ।

खाँडो नदीको बाढी राजविराज नगरपालिकाको वडा नम्वर ९ र १० मा पस्दा दर्जनौ घर डुबानमा परेको छ । बस्तीमा अचानक नदीको पानी पस्दा मलेठका मो. यासिनको कुखुरा फर्ममा रहेका १ हजार २ सय कुखुरा, खाद्यान्न, लत्ताकपडा समेत पानीमा बगेको पीडितले बताएका छन् भने मलेठ स्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र समेत जलमग्न भएको छ । खाँडो नदीको पानीले गर्दा पर्खाल समेत भत्किएको छ । यस्तै लौनियाँ, मैनाकडेरी, वसविट्टि, तिलाठी, पौंवा, मुसहरनिया पिपराही, रायपुर, लौनियाँ, रूपनी, पकरी, रम्पुरा, मल्हनियाँ लगायतका गाउँ डुवानमा परेको छ । यस्तै महुली खोलामा आएको बाढीले गर्दा पोर्ताहा-४, ६, ७, र ८ का करिब तीन सय भन्दा बढी घर डुबानमा परेको स्थानीय प्रशासनले बतायो ।

यस्तै जिल्लाको लोहजरा-९ स्थितको बस्तीमा खोलाको बाढी पस्दा तीन फिटसम्म पानी जमेको छ । बाढीले गर्दा जिल्लाको विभिन्न स्थानहरू समेत गरी १ हजार पाँच सय घर डुबानमा परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक अनुराग द्विवेदीले जानकारी दिएका छन् । उनका ...बाँकी ७ पेजमा

# देजमो मत संरक्षण गर्न सफल



काठमाडौं । स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोगको नीति अन्तर्गत निर्वाचनमा सहभागी भएका देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारहरूले देजमो निकटको जनमत संरक्षण गर्न आफूहरू सफल भएको दावी गरेका छन् । दोस्रो चरणको निर्वाचनमा करिब २५ जिल्लाको दुईसयको हाराहारीमा उम्मेदवारी दिएका मोर्चाका उम्मेदवारहरूले आफूहरू जसरी पनि चुनाव जित्नका लागि नभई प्रतिक्रियावादी व्यवस्था, सत्ता र संविधानको भण्डाफोर गर्दै सकेसम्मको जनमत संरक्षण गर्ने नीति लिएर निर्वाचनमा दिएको दावी गर्दै त्यसमा मूलरूपमा सफल रहेको उनीहरूको दावी छ ।

निर्वाचन चिन्ह नदिइनु, स्वतन्त्रको हैसियतमा प्राप्त निर्वाचन चिन्हको प्रचार गर्ने समय चार दिन पनि नहुनु, खर्चको त्यत्तिकै अभाव हुनु, संसदवादीहरूको चौतर्फी घेराबन्दी लगायतको प्रतिकूलतालाई चिर्दै प्राप्त गरेको जनमतको गुणात्मकतालाई उच्च मूल्यांकन गर्नुपर्ने पनि उनीहरूको दावी छ । १ महानगरपालिका, ७ उपमहानगरपालिका लगायत प्रायः नगरपालिका र गाउँपालिकामा देजमोले उम्मेदवारी दिएको थियो ।

देजमोका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले तमाम प्रतिकूलताका बाबजुद देजमोका उम्मेदवारहरूले सम्मानजनक मत प्राप्त गरेको दावी गर्दै देजमोका उम्मेदवारहरूलाई मतदान गर्ने मतदाताहरूलाई धन्यवाद दिएका ...बाँकी ७ पेजमा

### पोखराको सस्तो बजारमाथि प्रहरी हस्तक्षेप प्रकरण

## क्रान्तिकारी माओवादीले गर्‍यो घोर भर्त्सना

पोखरा । पोखराको सस्तो बजार माथि गरेको प्रहरी हस्तक्षेपको नेकपा (क्रान्तिकारी माओवादी) कास्कीले एक सार्वजनिक वक्तव्य निकालेर घोर भर्त्सना गरेको छ । पार्टीका जिल्ला सम्मेलन आयोजक कमिटिका संयोजक भीमबहादुर श्रीसले एक वक्तव्य जारी गर्दै विरोध एवम् भर्त्सना गरेका हुन् ।

उनले वक्तव्यमा भनेका छन्, "एकाएक २०७४ असार १६ गते राती १० बजे एक्कासी गुण्डा नाइके राजु गोर्खाली, गृहप्रशासन र वायुसेवा निगमको मिलेमतोमा छापामार शैलीमा प्रवेशद्वार बन्द गरी सिल गरेको र त्यसपछि सस्तो बजार क्षेत्रलाई सुरक्षाकर्मीद्वारा घेरेर राखिएको छ । व्यवसायीहरु भित्र पस्न पाइरहेका छैनन् । बजारभित्र तरकारी, फलफूल कुहिन थालेको छ ।अन्य थुप्रै सामानहरु बिग्रिएर जाने अवस्था छ । रातीको समयमा गृह प्रशासन आफैले यस्तो हर्कत गनु अत्यन्तै निकृष्ट र खेदजनक कार्य हो । हामी यस कार्यको घोर भर्त्सना गर्दछौं ।"

श्रीसमगरले वक्तव्यमा स्थानीय राजनीतिक दल, प्रशासन, अधिकार कर्मी, सञ्चारकर्मीलगायत सबै सरोकारवालाहरुसँग व्यवसायीहरुको पक्षमा समस्याको समाधान खोजिदिन अपील समेत गरेका छन् ।

यसैबीच, वैकल्पिक व्यवस्थाविना विना कारण सस्तो बजारबाट आफूहरुलाई विस्थापित गराउन लागिएको भन्दै सैयौं व्यवसायीहरु प्रदर्शनमा उत्रिएका छन् ।


केही समय पहिले सस्तोबजार खाली गर्न गृहमन्त्रालयले पत्राचार गरेपछि आतंकित बनेका स्वरोजगार व्यवसायीहरुले यस्तो जनविरोधी कुकृत्य नगर्न र नगराउने वातावरण बनाइदिन तत्कालीन ...बाँकी ८ पेजमा

# सर्वहारा वर्गीय पार्टी निर्माणको सवाल : एक छलफल

**१. विषय प्रारम्भ**

मानवजातिको उत्पति र विकासको प्रक्रियासँगसँगै समाजमा वर्गको उत्पत्ति हुन पुग्यो । जब समाजमा दुईवटा वर्ग शोषक र शोषितका रूपमा उदय भयो तव दखि नै कुनै न कुनै तवरबाट वर्ग संघर्ष निरन्तर रूपमा जारी छ । समाजमा चलेका सवै प्रकारका वर्ग संघर्षहरूको विश्लेषण र संश्लेषण गर्ने काम मार्क्सवादले गर्‍यो । त्यसैले मार्क्सवाद आफैमा एउटा विज्ञान बन्न पुग्यो । मार्क्सवाद अघिका दार्शनिकहरूले पनि विश्लेषण र संश्लेषण गर्न नखोजेको होइनन् । उनीहरूको त्यो खोज, अनुसन्धान र निष्कर्श यथार्थपरक, वस्तुसम्मत बन्न सकेन जसले गर्दा पूर्णरूपमा विज्ञानसम्मत वन्न सकेन तर त्यो मार्क्सका लागि अध्ययनका निमित्त एउटा आधार भने बन्न पुग्यो । जब मार्क्स तथा एंगेल्स जस्ता महान

*मार्क्स, एगेल्स, लेनिन, स्टालिन र माओहरूले सर्वहारा वर्गको मुक्ति र समानताका निमित्त पुरा गर्नुपर्ने अविभारा पुरा गरेर मात्र देखाउनु भएन बरू बाँकी दिनहरूमा सर्वहारा वर्गका सच्चा नेताहरूले पुरा गर्नका मालेमावादको अजय हतियारका साथै सर्वहारावर्गले आफ्नो वर्गको वर्गीय सत्ता संचालन कसरी गर्ने भन्ने उदाहरण समेत प्रस्तुत गरेर जानु भएको छ ।*



● दिनेश शर्मा

दार्शनिकहरूले एउटा निचोड निकाले र त्यसलाई मार्क्सवादका नामबाट आफ्ना विचारहरूलाई सार्वजनिक गरे, आज त्यो सिद्धान्त वर्ग संघर्षको उठान, त्यसको निरन्तरता र सर्वहारा वर्गको मुक्ति, समानताका लागि एउटा वरदान सावित बन्न पुग्यो ।

आज भन्दा १६९ वर्ष अगाडी सन् १८४८ मा कम्युनिष्ट घोषणापत्र जारी भएपछि एकातिर उत्पीडनको जालमा परेर सर्वहारा वर्गमा परिणत भएका विश्वका हजारौं, लाखौं, करोडौं मात्र होइन अरवौं मानिसहरूमा उत्साहको एउटा लहर नै आएको थियो । तर जसले उत्पीडन गर्दै आएको वर्ग छ त्यसले भने मार्क्सवादको विरोध गर्‍यो । उनीहरू शोषक वर्गको त्यो विरोध तथा शासकहरूको शासन सत्ताको दमनको कुनै प्रवाह नगरी विश्वका कयौं देशका जनताले अगाडी बढाएको क्रान्ति अथवा विद्रोहको झिल्कोले शोषक वर्गको शासन सत्ता समाप्त बनाएर उक्त स्थानमा सर्वहारा वर्गको शासन सत्ता स्थापना गरेर देखाउने मात्र होइन कम्युनिष्ट पार्टीको झण्डालाई माथि उठाउदै मार्क्सवादको विज्ञानलाई व्यवहारमा परिणत गर्नुका साथै लेनिनवाद र माओवादका रूपमा आफ्ना विचारहरूको विकास गर्न सर्वहारा वर्ग सफल भयो । विश्वका सर्वहारा वर्गका निमित्त यतिबेला मार्क्सवाद-लेनिनवाद-माओवाद जस्तो अजय हतियार रहदै आएको छ ।

मार्क्स, एगेल्स, लेनिन, स्टालिन र माओहरूले सर्वहारा वर्गको मुक्ति र समानताका निमित्त पुरा गर्नुपर्ने अविभारा पुरा गरेर मात्र देखाउनु भएन बरु बाँकी दिनहरूमा सर्वहारा वर्गका सच्चा नेताहरूले ...बाँकी ७ पेजमा

## सम्पादकीय

# क्रान्तिकारी माओवादीको कार्यभार

दायाँ र वायाँबाट भएको चौतर्फी हमलाको प्रतिरोध गर्दै नेपालको कम्युनिष्ट आन्दोलन तथा माओवादी आन्दोलनको क्रान्तिकारी धाराको नेतृत्व गर्न सफल नेकपा (क्रान्तिकारी माओवादी)ले पन्छाउनु पर्ने अझै पनि थुप्रै चुनौतीका चाङहरू विद्यमान छन् । कम्युनिष्ट आन्दोलनको प्रक्रियाको विभिन्न कालखण्डमा बाइप्रोडक्टको रूपमा जन्मिएका र जन्माइएका संशोधनवादी, नवसंशोधनवादी र अवसरवादीहरूले थुपारेका फोहर सफा गर्नुपर्ने कार्यभार क्रान्तिकारी माओवादीको काँधमा छ ।

मार्क्सवाद, मार्क्सवाद-लेनिनवाद, मार्क्सवाद-लेनिनवाद-माओविचारधारा र मार्क्सवाद-लेनिनवाद-माओवादलाई आवरणमा पार्टीको गाइडलाइन बनाएर भित्रभित्रै त्यही गाइडलाइनलाई ध्वस्त पार्न, विकृत पार्न र स्वार्थनुरूप मालेमाको गलत व्याख्या विश्लेषण गरेर हिड्नेहरूले आम जनसर्वसाधारणमा थुप्रै भ्रमहरू पारेका छन् । जनतालाई असली अर्थमा कम्युनिष्ट(माओवादी) पार्टीको पहिचान गर्न गाह्रो परिरहेको छ । जनताले बुझ्ने भाषामा यी भ्रमको चिरफार गर्न जरुरी छ ।

नक्कली कम्युनिष्ट र माओवादीहरूको बोलवाला बढिरहेको वर्तमान समयमा राप्रपा, कांग्रेस र कम्युनिष्ट(मुख्यतः एमाले र माके)बीच भेद छुट्र्याउन जनतालाई मुस्किल परिरहेको छ । उही व्यवस्था, उस्तै सोंच, चिन्तन, उस्तै जीवनशैली र कार्यशैली, उनीहरूबीचको तालमेल र सहकार्य देखेका जनताले अलग अलग पार्टीको ब्यानर झुण्ड्याइरहनुको अर्थ देखेका छैनन् । वास्तविक कम्युनिष्ट तथा माओवादी पार्टीलाई अगाडि आउन नदिन उनीहरूले अनेकौं चुनौतीहरू खडा गरेका छन् । संसदवादी तथा कानुनी कम्युनिष्ट तथा माओवादीले खडा गरेको चुनौतीको सामना गरेर अगाडि बढ्नुपर्ने अभिभारा सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूको काँधमा छ ।

साम्राज्यवाद, विस्तारवाद र घरेलु प्रतिक्रियावादले खडा गरेको चुनौतीहरूको सामना गर्नु त छँदैछ । विश्व कम्युनिष्ट आन्दोलन र नेपाली कम्युनिष्ट आन्दोलनको निर्मम समीक्षा गर्दै आफ्नै कमीकमजोरीप्रति पनि निर्मम बन्नुपर्ने र कमीकमजोरी सच्याउँदै अगाडि बढ्नुपर्ने ऐतिहासिक कार्यभार सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूकै काँधमा छ ।

प्रकृति, मानव समाज र अहिलेसम्म मानिसले आर्जन गरेको सारा ज्ञानको अध्ययन अनुसन्धान गरेर ठोस परिस्थितिको ठोस विश्लेषणको आधारमा आफ्नो रणनीति र कार्यनीतिको विकास गर्नुपर्ने सबैभन्दा महत्वपूर्ण कार्यभार सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूले नै पूरा गर्नुपरेको छ ।

नेपाली धरातलीय यथार्थको सुक्ष्म अध्ययन गरी श्रमजीवि शोषित उत्पीडित वर्गभित्रको पछिल्लो पुस्तालाई कम्युनिष्ट आन्दोलन तथा माओवादी आन्दोलनतर्फ आकर्षित गर्ने योजना तथा कार्यक्रमको तर्जुमा गर्नमा पनि क्रान्तिकारीहरू खप्पिस बन्नुपरेको छ । आन्दोलनमा देखिएका निराशालाई उत्साहमा र पलायनलाई प्रतिबद्धतामा बदल्न सक्ने ल्याकतको विकास पनि गर्नुपरेको छ ।

वर्गसंघर्ष, उत्पादनका लागि संघर्ष र वैज्ञानिक प्रयोगबीच सन्तुलन कायम गर्दै संघर्षका बीचबाट नेतृत्व निर्माण हुने मान्यतालाई दह्रोसँग पकड्दै जनवादी केन्द्रीयतामा आधारित अनुशासनवद्ध, प्रतिबद्ध, गतिशील र जुझारु संगठन निर्माण र विस्तारमा जोड दिनु नेपालको कम्युनिष्ट तथा माओवादी आन्दोलनको तत्कालको कार्यभार बनेको छ ।

उल्लेखित कार्यभारको पूरा गर्ने सामर्थ्य नेपाली कम्युनिष्ट आन्दोलनको सन्दर्भमा नेकपा (क्रान्तिकारी माओवादी) बाहेकले सक्ने देखिन्न । नेपालमा अस्तित्वमा रहेका अन्य कम्युनिष्ट नामधारी पार्टीहरूले मालेमाका सर्वमान्य सिद्धान्त- वर्गसंघर्ष, सर्वहारावर्गको अधिनायकत्व, निरन्तर क्रान्ति, वलप्रयोगको अनिवार्यता लगायत-लाई परित्याग गरिसकेका छन् । यो सिद्धान्तलाई पकड्ने नेकपा (क्रान्तिकारी माओवादी) मात्र बँचेको छ । यसर्थमा, नेपालमा सम्पन्न गर्नुपर्ने नयाँ जनवादी क्रान्तिको कार्यभार यही पार्टीका नेता कार्यकर्ताहरूको काँधमा छ । र, यही पार्टीको नेतृत्वको वरिपरि अन्य वाम पार्टीभित्र रहेका क्रान्तिकारीहरू र समाजको आमूल परिवर्तनका पक्षधर जनपंक्ति गोलबन्द हुँदै जानेछन् । यो ऐतिहासिक कार्यभार पूरा गर्नुपर्ने दायित्वबोध क्रान्तिकारी माओवादीका सबै नेता कार्यकर्तामा हुन जरुरी छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com

# नेपाली नयाँ जनवादी क्रान्तिकाबारे केही सैद्धान्तिक कुरा



● पवनमान श्रेष्ठ ●

नेपालको सन्दर्भमा नयाँ जनवादी क्रान्ति नेपालजस्तो अर्धसामन्ती र अर्धऔपनिवेशिक देशमा विगतमा अपरिहार्य ठान्दै आएका र आज पनि आफूलाई कम्युनिष्ट भन्न नछोडिसकेका ती पार्टीहरूले नेपालको परिस्थितिमा ठूलो परिवर्तन आइसकेकोले नयाँ जनवादी क्रान्तिको औचित्य समाप्त भएको कुरा गर्न थालेका छन् र अबको क्रान्ति समाजवादी क्रान्ति हुने कुरा बताउँदै आएका छन् । यसमा प्रमुख रूपमा नेमकिपा, एमाले, माओवादी केन्द्र र नेकपा रही आएका छन् ।

नेमकिपाले ०४६ सालमा बहुदल आइसकेपछि अबको क्रान्तिको राजनैतिक कार्यदिशाको रूपमा समाजवादी क्रान्ति हुने कुरा बताउँदै आएको थियो । यसको कारणको रूपमा सो पार्टीले नेपालमा संसदीय व्यवस्था स्थापित भइसकेको र संसदीय व्यवस्था भनेको पुँजीवादी व्यवस्था हो भन्ने तर्क थियो र आज पनि यसको यहि रहि आएको छ ।

एमालेले पनि आफ्नो पाँचौ महाधिवेशनबाट जनताको बहुदलीय जनवादको कार्यक्रम पारित गरेपछि नेपालमा नयाँ जनवादी क्रान्ति सारतः छोड्ने काम भयो । यसको व्याख्या गर्दा जबज भनेको नयाँ जनवादी क्रान्तिको नयाँ रूप हो र यसमा बहुदलीय प्रतिस्पर्धा हुने तथा बाँकी सबै नयाँ जनवादी क्रान्तिकै कार्यक्रम हो भनेर नेताहरूले व्याख्या गर्दै आएका थिए । तर सो पार्टीको महाधिवेशनको प्रतिवेदन हेर्दा सारतः संसदीय बहुदलीय व्यवस्थालाई नै जबज भनेको देखिन्छ र अहिलेसम्म एमालेले व्यवहारतः यही गर्दै आएको छ । तत्कालीन अवस्थामा सिधै नयाँ जनवादी क्रान्ति परित्याग गरेको भन्दा नाङ्गिने र सो पार्टी तथा नेताहरूको भण्डाफोर हुने हुँदा जबजलाई त्यसरी व्याख्या गर्ने काम भयो । अहिले आएर सो पार्टीका नेताहरूले अबको राजनैतिक कार्यदिशा समाजवाद हुने कुरा बताउँदै आएका छन् । यसको कारणको रूपमा राजतन्त्रको अन्त्य भएको र नेपालमा ठूलठूला जमिन्दारहरू नरहेको, सामन्ती उत्पादन प्रणाली नरहेको भन्ने रहेका छन् ।

अर्कोतिर माओवादी केन्द्र, जसको संगठनात्मक र नेतृत्वपंक्तिको मुख्य हिस्सा अहिले पनि तत्कालीन नेकपा(माओवादी)सँग सम्बन्धित छ, त्यसको हेटौंडा महाधिवेशनले नयाँ जनवादी क्रान्तिको कार्यभार मूलभूत रूपमा सम्पन्न भइसकेको. र नयाँ जनवादी क्रान्तिका केही बाँकी रहेका कार्यभारसहित समाजवादी क्रान्ति सम्पन्न गर्ने अबको राजनैतिक कार्यदिशा हुने भनेर पारित गरेको थियो । यसको कारणको रूपमा मुख्यतः राजतन्त्रको अन्त्य भएको, संघीयता, समावेशी र समानुपातिकताको कुरा संस्थागत गरेको भन्ने थियो । यसको साथै नेपालमा हिजोको जस्तै उत्पादन प्रणाली सामन्ती उत्पादन प्रणाली नरहेको, मान्छेहरूको बसाईं सहरतिर बढ्दै गएको, युवाहरूको ठूलो संख्या रोजगारीका लागि विदेशिने गरेको आदि कारण दिइएको थियो । तर ०७२ सालको संविधान बनाउने र जारी गर्ने सवालमा मुख्य भूमिका खेलेको माओवादी केन्द्रले संघीयता भूगोललाई मानेर बनाउने, संसदीय व्यवस्था स्वीकार्ने, पूर्ण समानुपातिकतालाई छोड्ने मात्र होइन, भई आएकोमा पनि घटाएर संविधान जारी गर्ने काम भएको छ र यही प्रतिक्रियावादी संविधान र संसदीय व्यवस्था संस्थागत र दिगो बनाउन कम्मर कसेर लागेको छ । बादलहरू माकेमा प्रवेश गर्दा पार्टी एकताको खुबै हल्ला गरेता पनि प्रचण्डसँग नयाँ जनवादी क्रान्तिलाई पूर्णता दिई समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्ने आधारभूत राजनैतिक कार्यदिशा हुने भन्ने कुरामा सम्झौता गरेर घुमाइफिराइ उही प्रचण्डको समाजवादी क्रान्तिका राजनैतिक कार्यदिशाको पुच्छर समाएर एमाओवादी पार्टीमा आत्मसमर्पण गर्न पुगेका छन् । झण्डै एक डेढ वर्षको सो पार्टीको गतिविधि र व्यवहारमा पनि प्रचण्डको राजनैतिक लाइन अनुसार अगाडि बढिरहेको छ । खाली पार्टीको नाम एमाओवादीबाट माओवादी केन्द्र भएको छ ।

विप्लवको नेकपा, जुन पार्टीमा संगठनात्मक र नेतृत्वको मुख्य हिस्सा तत्कालीन नेकपा (माओवादी)को रहेको छ, को भर्खरै सम्पन्न महाधिवेशनले अबको राजनैतिक कार्यदिशाको रूपमा समाजवादी क्रान्तिलाई मानेको छ । यसको मूल कारणको रूपमा नेपालको सत्तामा दलाल तथा नोकरशाही पुँजीपतिहरू हावी रहेको, देशमा शहरीकरण बढ्दै गएको, सामन्तवाद नेपालमा कमजोर रहेको आदि रहेका छन् ।

नेपालमा मूल नेतृत्वको गद्दारी, धोका र आत्मसमर्पणले गर्दा जनयुद्ध र नयाँ जनवादी क्रान्तिले धक्का खाएपछि अहिले आएर थोरै कम्युनिष्ट समूह र पार्टीहरूले मात्र नेपालको अबको राजनैतिक कार्यदिशा नयाँ जनवादी क्रान्ति रहेको कुरा बताउँदै आएका छन् । यसमा मूल रूपमा नेकपा (क्रान्तिकारी माओवादी)ले आफ्नो राजनैतिक कार्यदिशा नयाँ जनवादी क्रान्ति रहेको कुरालाई स्पष्ट र सशक्त रूपमा उठाउँदै आएको छ ।

यहाँ राजनैतिक कार्यदिशा समाजवादी देखाउन जे-जस्ता तर्कहरू दिएका छन्, ती सही छन् त ? यहाँ यसबारेमा केही चर्चा गरौं ।

संसदीय बहुदलीय व्यवस्था हुनु नै नेपालमा पुँजीवाद आइसकेको हुन्छ त ? संसदीय बहुदलीय व्यवस्था निश्चित रूपमा पुँजीवादीहरूले पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरेर युरोपमा पुँजीवादको विकास गर्न राज्य सञ्चालन गर्ने विधिको रूपमा विकास गरेको व्यवस्था हो । तर कुनै देशले राज्य सञ्चालन गर्न संसदीय व्यवस्था अपनाउँदैमा त्यहाँ पुँजीवादको विकास भैसकेको नहुन सक्छ । देश समन्तवादी उत्पीडनकै अवस्थामा रहेको हुन सक्छ । ०४६ सालको जनआन्दोलनले निश्चित रूपमा संसदीय बहुदलीय व्यवस्था ल्याए तापनि सामन्ती उत्पीडन, सामन्ती उत्पादन प्रणाली र सामन्ती उत्पादन सम्बन्धमा तात्विक फरक आएन । त्यसैले नेपालमा पुँजीवादी क्रान्ति भएको वा पुँजीवाद आएको मान्नु र सो आधारमा क्रान्तिको राजनैतिक कार्यदिशा समाजवाद मान्नु गलत हुन्छ ।

राजतन्त्रको अन्त्य हुनु आफै पनि सामन्तवादको अन्त्य भएर पुँजीवाद आएका मान्नु पनि पूर्णत गलत हुन्छ । सामन्तवाद र राजतन्त्र पर्यायवाची शब्दहरू होइन । निश्चित रूपमा राजतन्त्रले सामन्तवादको राजनैतिक प्रतिनिधिको रूपमा इतिहासमा भूमिका खेल्दै आएको सत्य हो । तर इतिहासमा दास युग, सामन्तवादी युग र अझ पुँजीवादी देशहरूमा पनि राजा र राजसंस्था रहेको देखिन्छ भने ठीक त्यसको विपरीत कतिपय ठाउँहरूमा दास युग, सामन्तवादी युग र पुँजीवादी देशमा गणतन्त्र पनि देखिन्छ । रोममा दास युगको अन्त्यतिर राजतन्त्र रहेको देखिन्छ भने सामन्तवादी युगको शुरुवातमा गणतन्त्र रहेको देखिन्छ । नेपालकै सवालमा हेर्दा लिच्छवीकाल गणतन्त्रात्मक लिच्छवी शासनबाट सुरु भएको देखिन्छ, जतिबेला हामी नेपाल सामन्तवादको विकासको चरणमा रहेको पाउँछौं तर पछि वृषदेवका छोरा शंकरदेवको शासनकालदेखि राजतन्त्र शुरुवात भएको देखिन्छ । पुँजीवादी देश बेलायतमा अहिलेसम्म राज्य प्रमुखको रूपमा महारानी यथावत छन् । रुसमा सन् १८६१ देखि पुँजीवादी देश भएको देखिन्छ, जबकि रुसमा त्यतिबेला शक्तिशाली राजतन्त्र यथावतै थियो । त्यसैले कुनै देशमा राजतन्त्र हुनु वा नहुनुले नै देश सामन्तवादमा छ कि पुँजीवादमा छ भन्ने कुराको निर्क्यौल गर्दैन, बरु यसको निर्क्यौल उत्पादन प्रणाली र उत्पादन सम्बन्धले गर्दछ । त्यसैले राजतन्त्र अन्त्य भएकै आधारमा नेपालमा पुँजीवाद आइसकेको र अबका क्रान्तिको राजनैतिक कार्यदिशा समाजवाद मान्नु पनि पूर्णत गलत हुन्छ ।

अर्को युवाहरू रोजगारीका लागि विदेशिएका छन् । देशका जमीन बाँझै छन् । देशको कूल आन्तरिक उत्पादनमा कृषिबाट हुने योगदान ह्वात्तै घटेको छ । भएगरेका कृषि उत्पादनमा पनि पुँजीवादी उत्पादन ...बाँकी ३ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# ककटेल पार्टी : ककटेल चुनाउ

दुई चरणमा भैसकेको चुनाउमा संसदको खोरमा छिरेका दलहरूमा कोही कसैको शत्रु र मित्र भएनन् । यो गजबको चुनाउ भयो । ब्वाँसो र बाख्रो एउटै खोरमा रहँदैनथे । तर बाख्रोले पनि ब्वाँसोको रूप धारण गरेपछि समस्या रहेन । अब नेपाल मण्डलको संसदवादमा वर्ग सकियो । यहाँ चारतारेदेखि हँसियाठोक्के दल हुँदै राजावादी र रङ्कवादी दलसम्म सबैका शत्रुजति मित्रमा बदलिए । हिजका दिनमा एकार्कालाई जरोकिलै समेत उखेलेर फाल्ने भन्दै लडेका लाउके दलहरू यतिखेर ककटेल दलमा परिणत भए । जहाँ जोसँग मिलेर हुन्च चुनाउ जित्ने रणनीति बनाएको हुनाले कोही कसैका विरोधी भएनन् । चारतारे + गोलघेरे, सूर्यछाप + गाईदल, चारतारे + सूर्यछाप, गोलघेरे + गिलासछाप, सूर्यछाप + गिलासछाप, चारतारे + गाईदल, गिलासछाप + चारतारे, मशालछाप + सूर्यछाप, चारतारे + मशालछाप, मशालछाप + गोलघेरे । जहाँ जोसँग मिल्दा स्थानीय विपक्षीलाई हराउन सकिन्छ त्यसैअन्सार तालमेल गरे । यस्तो प्रकारको कार्यगत मोर्चा बनेपछि को कस्को शत्रु र मित्र हो भन्ने कुरा चिन्नु न बिन्नु भयो । ककटेल दलका ककटेल चुनाउ । यो हो लोकतान्त्रिक गन(ण होइन)तन्त्रको अशली अनुहार । त्यही भएर सबै सत्ताधारी लाउके दलहरूले भनेका रहेचन् राजनीतिक क्रान्ति सकियो अब आर्थिक क्रान्ति गर्नु पर्च भनेर । यो भौंदुराम कैलुब्राहले के बुझोस् कुरोको चुरो । बल्ल कैलुको घैंटोमा घाम लागो । हो, साँच्चै राजनीतिक क्रान्ति त सकिएकै रैच । सत्ताधारी लाउके दलदेखि भुरेटाकुरे दलसम्मका लाउके नेताहरूको आर्थिक क्रान्ति त छ/छ मैने सरकारले पूरा गरिदिएकै थियो, अब स्थानीय चुनाउबाट बन्ने स्थानीय सरकारले लाउके दलका हनुमान कार्यकर्ताहरूको आर्थिक क्रान्ति पूरा गरिदिने भयो । त्यसपछि त आर्थिक क्रान्तिको पाटो पनि पूरा हुन्च । तल र माथि दुबैतिर आर्थिक क्रान्ति पूरा भएपछि संविधान अन्सारको समाजवाद झिलिमिलि भएर उदाउँछ । यति सजिलो तरिकाले आउने समाजवादतिर नलागेर मार्क्स-लेनिनले भनेजस्तो समाजवाद र माउ बुढाले भनेजस्तो जनवाद खोज्ने हामीजस्ता भौंदुरामहरू जड्शूत्रवादी नभए अरू को हुन्च त ?

यो चुनाउको ककटेलको अर्को पक्ष पनि छ । जहाँ आफ्नो दलले जित्न सक्ने बलियो आधार थियो त्यस्तो ठाउँमा दलभित्रै टिकट पाउनका लागि तँछाडमछाड, मारामार, कुटाकुट र भकुराभकुर पनि चल्यो । कतै कतै टिकेट नपाएको झोँकमा दलबदल गर्ने र स्वतन्त्र उठेर आफ्नै दलका उमेदवारलाई ल्वापे ख्वाउने काम पनि भयो । जहाँ हार्ने निश्चित थियो त्यस्तो ठाउँमा चुनाउमा उठ्न कसैले पनि नमानेपछि दलले विभिन्न शर्तमा आदेश गर्नु पर्‍यो । जित्ने ठाउँको टिकेटका लागि दलभित्र पैसाको जुवा चल्यो । जस्ले बढि पैसा चुनाउमा खर्च गर्न सक्ने हुति देखायो लाउकेहरूले उसैलाई टिकेट दिए । रातदिन गाउँमा बसेर सङ्गठनको काम गर्ने हनुमानहरू जिल्लाराम परे । सत्ताधारी सबै लाउके दलहरूमा चलेको टिकेट जुवा हो यो । त्यसपछि चुनाउमा दिनरात गाउँटोलहरूमा लाखौं ब्रोइलर, हजारौं खसीबाख्रा र सयौं राँगाहरूले बलिदानी दिए । कैलास पर्वतबाट भोलेबाबाले सोमरसको नदी नै बगाइदिएर सबैलाई तृप्त पारे । यसरी अहिलेको चुनाउको रमिता सकियो ।

सरकारदेखि चुनाउसम्म विशेषगरि चारतारे र गोलघेरेका बिचमा वर्गीय साइनो अत्यन्तै कसिलो गरि बाँधियो । मोल तोकिएको टाउको र मोल तोक्ने टाउकाको गर्दन जोडिएपछि उनीहरूका बिचमा वर्गीय मितेरी पनि दरिलोसँग जोडिएको हो । हिन्दूस्तानबाट फर्कंदा सान्दाजुले भनेका थिए रे 'राजाको घाँटी र मेरो घाँटी जोडिएको छ, अब राजासँग नडराऊ ।' अहिले माकेका सुप्रिमोले भनेका छन् 'टाउकाको मोल तोक्नेको र मेरो घाँटी जोडिएको छ, अब चारतारेसित नडराऊ ।' त्यसैले सुप्रिमोको दल गोलघेरेका कार्यकर्ताहरूले अहिलेको चुनाउमा भकाभक चारतारेसित घाँटी जोडेर एउटै मोर्चा बनाएर मितेरी गाँसे । जनयुद्धका बेला भाटे कारबाही गर्ने भुइँफुट्टा माउवादी र कारबाहीको शिकार बनेका चारतारे दलका 'सामन्त र सुराकीहरू' मिलेर ब्रोइलरका साँप्रा लुछ्दै र सोमरस घुट्क्याउँदै ककटेल मनाएर एकार्कालाई ड्याम्म भोट हाले । यो हो असली राजनीति । मौकामा चौका हान्न नजान्ने भौंदुरामले केको राजनीति गर्नु ।

सत्तामा भएजति सबै लाउके दलका हनुमानहरूका लागि भाग पुग्नेगरी सिट भएको स्थानीय तहको व्यवस्था गरेको भए सायद चुनाउ गर्ने लफाडा पनि गर्नुपर्ने थिएन कि । त्यसै अन्सारको व्यवस्था संविधानमा नगर्नु लाउके दलहरूको महाभुल भएको यो कैलुको ठहर छ । स्थानीय सरकारको चुनाउमा समानुपातिक प्रणाली नराख्नु पनि उनीहरूको गम्भीर भुल हो । स्थानीय प्रमुख उपप्रमुख तोकेरै चुनाउ गर्ने व्यवस्था संविधानमा राख्नु अर्को महागल्ती भयो । त्यसो नगरेको भए स्थानीय तहमा पनि छ/छ महिनामा विभिन्न दलहरूका बिचमा तालमेल र सहकार्य गरेर सरकार गठन गर्न हुने थियो । हिजोका दिनमा सुराकी भनेर भाटे कारबाही गर्नु र आतङ्ककारी भनेर टाउकाको मोल तोक्नु पनि गम्भीर गल्ती भएको छ । मतदाता परिचयपत्रमा फोटो राख्नु पनि अक्षम्य गल्ती भएको छ । फोटै नटाँसेको भए धेरै मनुखेलाई लाइनमा लाउनु पर्ने थिएन । आआफ्ना दलका चुल्ठे मुन्द्रेहरूले सबैको प्रतिनिधित्व गरेर शतप्रतिशत भोट खसालीदिने थिए । सत्ताधारी लाउकेहरूले निर्वाचन आयोगलाई समयमै रोक्न नसक्नु पनि गल्ती भयो । यसपटकको चुनाउको नतिजा अन्सार अब हुने प्रदेश र संसदको चुनाउमा चारतारे, सूर्यछाप र गोलघेरे दलहरूले भागशान्ती सीट बाँडपाँड गरेपछि चुनाउ गराउने र अरूलाई मनाउन मिति सारिरहनु पर्ने लफडाबाट मुक्त हुने छन् । चुनाउमा हुने अरबौंको खर्चपनि लाउके दलहरूले भागशान्ती मिलिजुली बाँडचुड गरेर लिएपछि आर्थिक क्रान्तिमा ठूलो टेवा पुग्ने ठहर यो कैलुले गरेको छ । आगे महाराजहरूको आज्ञा । लाउकेहरूलाई चेतना भया ।

*१८ असार २०७४*

kailubraha73@gmail.com

# माके प्रतिक्रियावादीहरूको एजेण्डा बोकेर हिंडिरहेको छ



## ● सीपी गजुरेल

### अध्यक्ष– देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

## देजमोका उम्मेदवारलाई मतदान गर्ने जनतालाई मेरो सलाम छ !

***प्रतिक्रियावादी व्यवस्थामा आधारित दोश्रो चुनावको उपयोगितासम्म आइपुग्दा के कस्ता अनुभव संगाल्नु भयो ? संक्षिप्तमा बताइदिनुहोस्***

हामीले प्रतिक्रियावादी चुनावलाई उपयोग गर्ने भनेर जुन निर्णय गर्‍यौं, त्यसको निश्चित उद्देश्य थियो । चुनावमा भाग लिएर उनीहरूले भनेजस्तो स्थानीय नगरपालिका, गाउँपालिका, स्थानीय तह कब्जा गरेर शासन गर्ने, विकास बजेट ल्याएर त्यसलाई दुरूपयोग गर्ने इत्यादी उद्देश्य हाम्रो थिएन । हामीले स्थानीय तहको निर्वाचनलाई उपयोग गरिरहँदा केही कुरामा ध्यान दिइरहेका थियौं । पहिलो, हाम्रो पक्षमा रहेको मत कुनै प्रतिक्रियावादीलाई पार्टीलाई हाल्नलाई जनता बाध्य नहोउन् । त्यसको लागि हामीले हाम्रा उम्मेदवारहरू खडा गर्‍यौं । अहिले क्रान्तिकारी आन्दोलन उभार नभएर उतारको अवस्थामा रहेको बेला, ठुलो प्रतिक्रान्तिले ल्याएको निराशा, प्रतिक्रियाको कालमा आन्दोलन अगाडि बढाउने सम्भावना त रहँदैन । आन्दोलनको उतारको अवस्थामा जनताले अरु कुनै विकल्प नभएपछि जनताले चुनावमा भाग लिन्छन् । जनतालाई छोडेर राजनीति गर्न सकिंदैन । तसर्थ जनताकै साथमा रहेर राजनीति गर्न र जनतालाई साथमा लिएर जान पनि हामीले चुनावलाई कुनै न कुनै रूपले उपयोग गर्नुपर्ने हुन्थ्यो । दोस्रो, हामीले प्रतिक्रिया कालमा क्रान्तिकारी आन्दोलनलाई कसरी संगठित पार्ने, जनताको बीचमा कसरी पुग्ने भन्ने जुन समस्या थियो, यो निर्वाचनलाई उपयोग गरेर यस्ता नेटवर्कहरू खडा गरेर जनताको बीचमा पुग्ने र क्रान्तिको निमित्त तयारी गरिरहने मूल उद्देश्यका साथ चुनावमा गएका थियौं । पहिलो चरणको चुनावमा यसको परिणाम धेरै राम्रो आउन सकेन, कारण स्पष्ट नै थियो, किनभने दोश्रो संविधान सभाको निर्वाचन बहिष्कार गर्दाखेरी हामीले हाम्रा पक्षका मानिसहरूको नामावली दर्ता नै गराएनौ, हामीले जो उम्मेदवारहरू सोचेका थियौं, उहाँहरूको नामावलीमा नाम दर्ता थिएन । त्यसैगरी समर्थकहरूको ठुलो हिस्साले पनि दर्ता गराएको थिएन । अर्को कारण हामीलाई चुनाव चिन्ह दिएन । चुनावको चार दिन अगाडि चुनाव चिन्ह दिएर त्यसको प्रचार हुने सम्भावना पनि भएन । यी कारणले गर्दा अपेक्षित रूपमा जनताले चाहेको ठाउँमा भोट हाल्न पनि पाएनन् । त्यसकारणले हाम्रो जितको सम्भावना कमै रहयो । अब दोश्रो चरणमा यी सबै अनुभवहरूलाई ध्यान राखेर हामीले केही राम्रो तयारी त गरेका छौं, तुलनात्मक रूपमा । अहिलेसम्म आएको परिणाम अनुसार कतिपय ठाउँमा प्रतिस्पर्धामा आएका छौं र पहिलो चरणको तुलनामा यो दोश्रो चरणमा केही न केही राम्रो मत आएको थाहा पाइएको छ ।

***चुनावी मत परिणामले फेरि पनि स्थानीय सत्ता संशोधनवादी कै हातमा गएको देखिन्छ, यो चुनावी परिणामले जनताले अपेक्षा गरे अनुसार परिवर्तनको अनुभूति गर्न पाउलान् र ?***

सत्ता उनीहरूको हातमा जाने कुरा स्वभाविक जस्तो लाग्छ । किनभने केन्द्रीय सत्ता उनीहरूकै हातमा त छ । र अहिले त्यही सत्ता प्रयोग गरेर चुनाव जित्ने कुरा हो । जो सत्ताधारी छ, त्यसले नै जित्ने त स्वभाविक हो । माहोल सबै उनीहरूको पक्षमा छ, मिडिया उनीहरूको पक्षमा छ, पैसाको खोलो उनीहरूले बगाएका छन्, मतहरू किनिएका छन्, मान्छेहरू किनिएका छन् । सत्ताको यति धेरै दुरूपयोग त पहिले पनि भएको थिएन । मानिसहरू भन्छन् पञ्चायतकालमा पनि सत्ताको यति दुरूपयोग भएको थिएन । त्यसैले सत्ताको दुरूपयोग गरेर जति पनि स्थानीय तह जितेका छन्, त्यसले आमजनताको जनजीवनमा कुनै परिवर्तन ल्याउला भन्ने हामीलाई लागेको छैन ।

> **राष्ट्रिय स्वाधीनता, जनगणतन्त्र र जनजीविकाका मुद्दाहरू प्रमुख हुन् । यी मुद्दाहरूलाई उठाएर आन्दोलन गर्ने अनि वर्ग संघर्ष र स्थानीय वर्ग संघर्षको तयारी सँगसंगै गर्ने दिशाममा देजमो अगाडि बढ्छ ।**

***अहिले संसदवादीहरू त्यसमा पनि विशेषत: माओवादी केन्द्रले सिंहदरवारको अधिकार गाउँ नगरमा भनेर बढी प्रचार गरिरहेको छ, के त्यस्तै हो त तथ्य ?***

जनताका सबै एजेण्डा छाडिसकेको, वर्ग संघर्ष छाडिसकेको माओवादी केन्द्रलाई भन्ने ठाउँ केही छैन । पहिले जनताको अधिकार, किसानलाई जमिन, मजदुरको हक अधिकार सुनिश्चितको माग हुन्थ्यो, महिलाको अधिकार सुरक्षित गर्ने एजेण्डा हुन्थ्यो तर हाल आएर त्यस्तो कुनै एजेण्डा छैन । सिंहदरवारलाई गाउँमा लैजाने एजेण्डा संसारका कुनै कम्युनिष्टले नारा लगाएको थाहा छैन । त्यो पाखण्ड भनेको प्रतिक्रियावादको अन्तिम अवस्थामा पुगेको संकेत हो । सिंहदरवार भनेको शासन गर्ने ठाउँ हो । त्यो शासनलाई गाउँघरमा लैजानु भनेको कम्युनिष्ट पार्टीका सबै एजेण्डा छाडेर प्रतिक्रियावादीकरणको नमूना हो । फेरी सिंहदरवार गाउँ पुर्‍याउने भन्ने नाराले जनतालाई खासै आकर्षित गरेको पनि छैन किनभने माओवादी आन्दोलनबाट त्यस प्रकारको अपेक्षा गरिएकै थिएन ।

***चुनावी मत परिणामले के देखाएको छ भने, माओवादी जनमत अझै पनि बलियो छ, तर माओवादीको नाममा माओवादी केन्द्रले ब्याज खाइरहने अवस्था देखियो, यो अवस्था कहिलेसम्म रहला ?***

यो अवस्था प्रतिक्रान्तिको असर र प्रभावलाई चिरेर नयाँ वर्ग संघर्षको नयाँ चरण शुरु नभएसम्म यसरी ब्याज खान सक्छन् । माओवादी केन्द्रले जति सिट ल्याएको छ, त्यो त प्रतिक्रियावादीको दयामायाले सानो हिस्सा दिएको हो । माओवादी केन्द्रका नेताहरूले प्रतिक्रियावादीका एजेण्डा बोकेर हिडिरहेका छन् । वास्तवमा प्रतिक्रियावादी एजेण्डा बोक्ने भरियाहरू हुन ती । भरियालाई भारी बोकेको पारिश्रमिक दिए जस्तै प्रतिक्रियावादी एजेण्डा बोकेकोमा पारिश्रमिक स्वरूप केही दिएका हुन यिनीहरूलाई । माओवादी कै माहोललाई पक्रेर यति सिट बनाएको चाँही होइन । त्यो भनेको प्रतिक्रिवादको दलाली गरेर पाएको सुविधा मात्रै हो, दिएको हो । जनतामा माओवादीको प्रभाव अहिले पनि जबर्जस्त नै छ । माओवादी केन्द्रले जनताका एजेण्डा छोडेकोमा दुःखी छन्, निराश छन् । त्याग, बलिदानलाई पनि सम्झेका छन् । माओवादी केन्द्रले ल्याएको परिणाम जनतामा रहेका यी छापले भन्दा पनि प्रतिक्रियावादी, दलाल नोकरशाहीहरूको एजेण्डाको भारी बोकेर पाएको पारिश्रमिक मात्रै हो जस्तो लाग्छ ।

***देजमोको पक्षमा जुन मत देखियो, त्यो जनतामा पकड नै नभएर हो कि, चुनाव चिन्हको प्रचार प्रसार हुन नसक्नुको लगायतका कारणले हो ?***

देजमो संगठन पछिल्लो चरणमा मात्रै बनेको हो । जनतामा खासै स्थापित हुने अवसर पनि पाएन । हामी चुनावमा जाँदा धेरै नै प्रतिकूल अवस्थामा थियौं । हाम्रो संगठनलाई मान्यता नदिनु, चुनाव चिन्ह पनि नदिनु, चौतर्फी घेराबन्दीमा पारेर यो संगठनलाई कुनै पनि हालतमा उठ्नै नदिने योजना प्रतिक्रियावादीले बनाए । उनीहरू सबै मिलिजुली बाँडिचुडि खाने बाटोमा लागिरहेका छन् । तर यो संगठनले फरक नीति बोक्ने, फरक कित्ताको प्रतिनिधित्व गर्ने भएको हुनाले शुरुवाती संगठन भएतापनि उनीहरूको लागि घातक हुने बुझे । त्यसकारणले यसलाई उठ्नै दिन हुन्न भन्नेमा उनीहरू बीच सहमति भयो । संगठनलाई मान्यता दिने, चुनाव चिन्ह दिने विषयमा छलफल हुँदाखेरि विशेष गरी माओवादी केन्द्रले नदिनेमा विशेष जोड दियो । माकेकै लहलहैमा काँग्रेस, एमाले कति छिटै सहमत भयो भने उनीहरू तुरुन्तै हाम्रो संगठनको विरुद्ध चौतर्फी घेराबन्दीमा लागी परे । अर्कोतर्फ फेरि पहिले चुनाव बहिष्कारका कारण नाम दर्ता नभएका उम्मेदवारहरूको दर्ता गर्ने अवसर पनि दिएन, संगठन पनि दर्ता गर्न नदिएर चौतर्फी घेराबन्दीको अवस्थामा चुनावमा गएर परिणाम आउनु फलामको च्यूरा चपाए जस्तै नै भयो ।

> **जनताका सबै एजेण्डा छाडिसकेको, वर्ग संघर्ष छाडिसकेको माओवादी केन्द्रलाई भन्ने ठाउँ केही छैन । पहिले जनताको अधिकार, किसानलाई जमिन, मजदुरको हक अधिकार सुनिश्चितको माग हुन्थ्यो, महिलाको अधिकार सुरक्षित गर्ने एजेण्डा हुन्थ्यो तर हाल आएर त्यस्तो कुनै एजेण्डा छैन ।**

***हिजो युद्धकालीन अवस्थामा माओवादी नेता कार्यकर्ताहरू मरिन्छ भन्दा भन्दै पनि युद्धमा हामफाल्थे अहिले चुनावमा हारिन्छ भन्दा भन्दै पनि चुनावमा उम्मेदवार बनेर जनताको बीचमा गए, यसलाई त्यसबेलाको स्थितिसँग तुलना गर्न सकिन्छ ?***

यो वास्तवमा कार्यकर्ताहरू, पार्टीका कमरेडहरू अझै पनि अनुशासित छन् भन्ने राम्रो उदाहरण हो । किनभने चुनावमा हार्नको लागि जाने भनेर पहिले नै भनेका हौं । हार्नका लागि कोही पनि उठ्दैनन् । अरु पार्टीका भए उम्मेदवार उठ्दै उठ्दैनन् थिए । यो कुरा उहाँहरूलाई कसरी पनि दिशाबोध गरियो भने चुनावमा जित्नकै लागि गएको भए चुनाव अर्कै किसिमले लड्ने थियौं । अर्कै शक्तिसँग तालमेल गर्थ्यौं । हामी सबैले बुझेकै छौं, चुनाव कसरी जित्नु पर्छ, त्यसको लागि को-कोसँग एलाइन्स गर्नु पर्छ, पैसा खर्च कसरी गर्ने, पैसा पनि त्यस्तैसँग भिख माग्न जान्थ्यौं होला । तर हामीले त्यसो गरेनौं, किनभने हाम्रो पहिलो शर्त चुनाव जित्नै पर्छ भन्ने थिएन । हामीले पहिले माथि पनि उल्लेख गरिसक्यौं, कि ती उद्देश्यहरू पुरा गर्नको निमित्त हामी चुनावमा गएका थियौं । हामी त वास्तवमा क्रान्तिकारी आन्दोलन तयारीको लागि गएका हौं । हामीलाई जनताले यो नभनुन कि भोट हाल्ने ठाउँ पनि पाएनौं । हाम्रा समर्थकहरूलाई काँग्रेस एमाले माकेलाई भोट हाल्नलाई छोडिदिनु घातक कुरा हो । जनतालाई पनि नैतिक आधारमा पनि अप्ठ्यारो पर्थ्यो । यसकारणले हार्ने जान्दा जान्दै पनि चुनावमा उठ्ने राम्रो स्पिरिट देखियो, यो उदाहरणलाई पार्टीमा स्थापित गर्नेुपर्ने जरुरी देखिन्छ ।

***जुन मुद्दाहरू स्थापित गराउन, जनतालाई बुझाउनको लागि चुनावको क्रान्तिकारी उपयोग देजमोले गरेको थियो, त्यो विषयमा कति हदसम्म सफल भएको पाउनु भयो ?***

यस विषयमा धेरै त सफल हुन सकेनौं । यसको प्रमुख कारणहरू मध्ये एउटा मिडियाको भूमिका पनि रहयो । मिडिया अहिले अत्यन्त व्यवसायीकरण र ध्रुबीकरण भएको छ । क्रान्तिकारी शक्तिलाई निमिट्यान्न पारिनु पर्छ, मिडियामा, प्रचार प्रसारमा ल्याउनु हुन्न भन्ने मान्यता आमरूपमा स्थापित गरेको पाइयो । कयौं कार्यक्रमहरूमा मिडिया आउँदैन त कयौं कार्यक्रमहरूमा मिडिया आएर पनि प्रसारण गरिँदैन, ब्ल्याक आउट नै गरिदिन्छ । मिडिया निष्पक्ष भइदिए न प्रचार प्रसार हुने हो । प्रचार प्रसारको अर्को पक्ष भनेको मिडियामा पैसा खर्च गर्नु, त्यो भनेको ठुलठुला होटेलहरूमा कार्यक्रमहरू गर्ने, प्रेस कन्फरेन्स गर्ने र यस्तोमा मिडिया आकर्षित भएको देखिन्छ । यसरी भएका कार्यक्रमको मिडियामा कभरेज पनि नहुने, मिडिया आकर्षित हुने रंगीन कार्यक्रम पनि गर्न नसकिएता पनि जनता बीच पुग्ने ठुला साना निकै कार्यक्रमहरू गर्‍यौं । भलै ति आशातित परिणामुखी नभए पनि केही पनि नभएको भन्ने पनि होइन ।

***मिडियाले यसरी ब्ल्याक आउट नै गरिनुको कारण पैसा खर्च गर्न नसक्नु मात्रै हो कि अन्य कारण पनि छ ?***

अरु भनेको राजनैतिक मुख्य कारण हो । किनभने केही सामान्य बाहेक अरु मिडिया अहिले दलाल नोकरशाही पुँजीपतिहरूको कब्जामा रहेको देखियो । केहीले देशभक्त हुन भने केही ठाउँ दिएको पनि देखियो, अरु बाँकी पुरै विरुद्धमा लागे, दलाल नोकरशाही पुँजीपतिहरूको माथि उठ्नै दिनु हुन्न भन्ने प्रतिक्रियावादीको योजनामा मिडिया पनि एउटा अंग भएको छ । पैसा त दोश्रो पक्ष भयो, राजनैतिक रूपमा नै हामीलाई कुनै स्पेस नदिने योजनामा मिडिया रहेको हामीले पायौं ।

***तपाईले भन्नु भएको प्रतिक्रियाको कालको अवधि चाहिं कति लामो होला ?***

रुसमा यसको अवधि अलि लामै भएको थियो, ८-१० वर्ष नै भएको थियो । हाम्रो यहाँ पनि प्रतिक्रान्ति भएको १० वर्ष नै भइसकेको छ, यसलाई स्थापित गर्न सकेका थिएनौं । संक्रमण काल बाँकी नै थियो । अहिलेको निर्वाचनले त्यसलाई स्थापित गर्ने अलिकति काम गरेको छ । त्यही उद्देश्यले पनि निर्वाचन गराइएको हो । त्यसरी हेर्दा प्रतिक्रिया काल त धेरै भएको छैन । नेपालको सन्दर्भमा यो काल धेरै लामो समय जाला जस्तो लाग्दैन । किनभने नेपाल धेरै उथलपुथलहरू जनयुद्ध, क्रान्तिका बीचबाट गुज्रिरहेको भएकोले धेरै लामो समय नगइकन, केही वर्ष मात्रै रहला कि । समय नै तोकेर त भन्न नसकिए पनि लामो अवधि नहोला भन्न सकिन्छ ।

***राष्ट्रियता, जनतन्त्र, जनजीविकाका मुद्दाहरू अझै जटिल बन्दै गएको छ, यी मुद्दाहरूलाई देजमोले उठाउँदै पनि आएको छ । अबको देजमोको कार्यभार के हुन्छ ?***

राष्ट्रिय स्वाधीनता, जनगणतन्त्र र जनजीविकाका मुद्दाहरू प्रमुख हुन् । यी मुद्दाहरूलाई उठाएर आन्दोलन गर्ने अनि वर्ग संघर्ष र स्थानीय वर्ग संघर्षको तयारी सँगसंगै गर्ने दिशाममा देजमो अगाडि बढ्छ ।

***अब गरिने स्थानीय वर्ग संघर्षको स्वरूप चाहिं कस्तो हुनेछ ?***

स्थानीय वर्ग संघर्षको दुई पक्ष हुनेछ । एउटा जनआन्दोलन, जसले अहिले प्रधानता पाउँछ । यसको साथसाथै सामाजिक, आर्थिक लगायतका विषयहरू जनताका समाधान भएका छैनन्, ती विषयहरूमा तलबाटै वर्ग संघर्ष उठाउनुपर्ने हुन्छ । वर्ग संघर्षको सर्वोच्च रूप भनेको क्रान्ति हो, विद्रोह हो, त्यस चरणमा एकैचोटी त पुग्दैन । तलैबाट उठाएर त्यहाँसम्म पुर्‍याउनु पर्ने आवश्कता हुन्छ ।

***अन्तमा, देजमोलाई मतदान गर्नुहुने मतदाता र देजमोबाट उठ्नु भएका उम्मेदवारहरूलाई के भन्न चाहनु हुन्छ ?***

यस्तो प्रतिकूल अवस्था र चौतर्फी घेराबन्दीको बीचमा, हामीलाई अपमानित, उपहास गरिरहेको बेलामा पनि उम्मेदवारहरूले उम्मेदवारी दिनु र मतदाताहरूले मतदान गर्नु, हामीलाई भोट हाल्दा दुरूपयोग हुन्छ भन्ने नारा लगाउँदा पनि त्यसको प्रवाह नगरी उम्मेदवारहरूलाई भोट हाल्नु हुने मतदाताहरूलाई देजमोको तर्फबाट म धेरै धेरै धन्यावाद दिन्छु, सलाम गर्छु ।

## नेपाली...

प्रणाली शुरु भएको जस्ता तर्क पनि छन् । यी तर्कका आधारमा नेपालमा पुँजीवाद आइसकेको कुरा पुष्टि हुँदैन र यसकै आधारमा नेपालको क्रान्तिको राजनैतिक कार्यदिशा समाजवाद मान्नु पनि पूर्णत गलत नै हुन्छ ।

देशको राज्यसत्तामा दलाल तथा नोकरशाही पुँजीपतिको हालीमुहाली छ । दलाल तथा नोकरशाही पुँजीपतिहरूको हालीमुहाली हुनु नेपालमा दलाल पुँजीवाद आउनु हो र यो पनि एक प्रकारको पुँजीवाद हो, त्यसैले अबको क्रान्तिको कार्यदिशा समाजवाद हुन्छ भन्नु अज्ञानता हो । दलाल तथा नोकरशाही पुँजीपति वर्ग प्रतिक्रियावादी, धनी तथा उपल्लो वर्ग हो र यसलाई अंग्रेजीमा कम्प्राडर (अफउचबमयच) भनिन्छ । यसले आफू विदेशीको दलाल (एजेण्ट) भएर आफू धनी बन्दछ तर यसले देशमा पुँजीवादको विकासमा अवरोधकको भूमिका खेल्दछ ।

वास्तवमा पुँजीवादको विकास हुँदा उत्पादन प्रणाली पुँजीवादी उत्पादन प्रणाली हुन्छ । उत्पादन सम्बन्धको हकमा भने उत्पादित वस्तु तथा उत्पादनका साधनका मालिक पुँजीपतिहरू हुन्छन् तर उत्पादनमा प्रत्यक्ष संलग्न हुने मजदुरहरू जो जिउनका लागि आफ्नो श्रम बेच्न विवश छन्, उनीहरूको उत्पादनका साधन र उत्पादित वस्तुमा कुनै हक हुँदैन जस्ता दुई वर्ग समाजमा प्रमुख वर्गका रूपमा देखिन्छन् । देशमा ठूलठूला उद्योग, कलकारखानाहरू हुन्छन् र देशका कूल उत्पादनमा यसले मुख्य भूमिका खेलेको हुन्छ । पुँजीवादको विकास भएका ठाउँहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष विदेशी हस्तक्षेप रहेको हुँदैन । जहाँ विदेशी हस्तक्षेप हुन्छ, त्यहाँ पुँजीवादको विकास झण्डै-झण्डै असम्भव जस्तै हुन्छ । पुँजीवादी देशमा मुख्य अन्तरविरोध मजदुर र पुँजीपति वा पुँजीवादीहरू बीचमा हुन्छ । पुँजीवादको विकास भइसकेपछि पूजीवाद आफै समाजको उत्पादन शक्तिको विकासको अवरोधक बन्दछ र यसको हल सर्वहारावर्गको नेतृत्वमा गरिने समाजवादी क्रान्तिद्वारा हुन्छ ।

त्यसैले नेपालजस्तो देश जहाँ वैदेशिक हस्तक्षेप अत्यन्त भयावह अवस्थामा छ र यहाँ पुँजीवादको विकास हुन सकेको छैन, यद्यपि कृषि उत्पादन न्युन, अझै निर्वाहमुखी उत्पादन गर्ने प्रचलनको अधिक्यता, सामन्तवाद कमजोर भए पनि अन्त नभएको, देश रेमिट्यान्सको भरमा चलेको अवस्थामा यहाँको क्रान्तिको राजनैतिक कार्यदिशा नयाँ जनवादी क्रान्ति जुन सारतः पुँजीवादी जनवादी क्रान्ति हो, नै हुन्छ र हुनु पर्दछ । यसले सर्वहारावर्गको नेतृत्वमा र आम उत्पीडित जनताको सहभागितामा सामन्तवाद र वैदेशिक हस्तक्षेपजस्ता उत्पादनको विकास (पुँजीवादको विकास)को दुई ठूला अवरोधकहरूलाई अन्त्य गरी नयाँ जनवाद हुँदै समाजवादमा जान ढोका खोल्छ । तर यसको विपरीत राजनैतिक कार्यदिशा सामाजवाद मान्नु भनेको विदेशी हस्तक्षेपलाई यथावत राख्नु र विदेशी प्रभुहरूकै गुलामी गरिरहनु हुनेछ । मुखले जतिसुकै समाजवादी क्रान्तिको कुरा गरे पनि जनतामा क्रान्तिको भ्रम छर्ने काम मात्रै हुनेछ । यसले उत्पादनमा वृद्धि वा पुँजीवादको विकास होइन पराधिनतामा वृद्धि र राष्ट्रिय स्वाधीनतालाई धरापमा पुर्‍याउने काम गर्दछ । त्यसैले नेपाली सन्दर्भमा अहिले पनि नयाँ जनवादी क्रान्ति अपरिहार्य छ र नयाँ जनवाद हुँदै मात्र समाजवादी क्रान्ति वा समाजवादमा जान सम्भव छ ।

# भारतमा गोर्खा ल्याण्ड : पहिचानको आन्दोलन !

१) **विषय प्रवेश** :

भारतमा गोर्खाल्याण्डको माग राखेर दार्जीलिङबासी नेपालीहरूले संघर्ष गरेको विषयमा हामी नेपालवासीहरू थोरबहुत जानकार छौं । भारतीय नेपालीहरूको लामो र कडा संघर्ष पश्चात भारतसरकारसँग एउटा सहमतिमा पुगेर 'गोर्खा पर्वतीय परिषद'को नामबाट दार्जिलिङबासीहरूले आफ्नो नेतृत्व छान्न पाउने अधिकार प्राप्त गरे । उनीहरूको माग 'गोर्खा ल्याण्ड' एउटा स्वायत्त राज्य हुनु पर्दछ भन्ने थियो र हो । तर उनीहरूले तत्काल संझौताबाट 'जो हात सो साथ' को नीति लिए । अनी उनीहरूले 'परिषद'लाई मानेर नै आईरहेको अवस्थामा एक्कासी पश्चिम बंगालको सरकारले 'गोर्खा पर्वतीय परिषद' भित्रका नेपालीहरूमाथि 'माध्यामिक विद्यालय तहसम्म बंगाली भाषा अनिवार्य' गर्ने निर्णय गरेकोले सो को विरोधमा अहिले आन्दोलन उठिरहेकोछ । दार्जिलिङबासी नेपाली मूलका जनताहरूले आफ्नो पहिचानको रक्षाका निम्ति भारतमा लामो समयदेखि संघर्ष गर्दै आईरहेका छन् तर भविष्य अझै पनि सुरक्षित बन्न सकेको छैन, किन ? यसै विषयमा यहाँ छलफल गरिनेछ ।

२) **के हो दार्दिलिङ र त्यहाँका नेपालीहरूको स्थिति** ?

गोर्खा राज्यको बिस्तार भएर अहिलेको नेपाल सरहद बन्नु भन्दा अघि र वृटिश - साम्राज्यले दक्षिणी मैदानमा राज्य विस्तार गरी अहिलेको भारत सरहद निर्माण गर्नु अघि कञ्चनजंगा हिमालको दक्षिण पाटोमा (पहाडी भूखण्डमा) लाप्चे (लाप्चा !) आदिवासी जातिको मुख्खेली थियो जसलाई सिक्किम राज्य भनियो । त्यसरी नै सिक्किमभन्दा पश्चिम क्रमशः लिम्बु, किरात, तामाङ, नेवार, आदि जनजातिको मुख्खेलीहरू थिए ।

ङ ऊबेला सिक्किमको राजधानी वर्तमान दार्जिलिङ जिल्लाको (जोङ) खर्साङ (कार्साङ) भन्ने ठाउँमा थियो । राजा तरमे पुनुको पालामा राजधानी 'योकसाम'मा सारिएको थियो । पछि राजा तेनसुङ नामग्यालले (सन् १६४४-१७००) राजधानी 'रावदेन्-त्से' बनाएका हुन् । तर उनको मृत्युपछि भोटाङे राजाले (ई. १७०६) टिस्टा पूर्वको भूभाग (वर्तमान कालिम्पोङ) खोस्यो जुन डा. राहुल सांकृत्यायनका अनुसार 'कालिम्पोङ र तराईका केही भूभागसहित दार्जिलिङ समेत सिक्किमको अधिनमा रहिआएको थियो (जय धमला, १९८३ : ५४)।

● इतिहासविदले सिक्किममा तिब्बतको 'चाङपो' उपत्यकाबाट 'चोङ' (लिम्बु) आएको बताएका छन् । त्यसपछि फैलिंदै, फैलिंदै तमोर -फून्सो (अरुण) क्षेत्रसम्म बसोवास गरेका हुन । तिब्बति भोटेहरू सिक्किममा आप्रवासन गर्नु अघि त्यहाँ किरात, मगर, तामाङको पनि बसोवास रहेको थियो । तिब्बतिहरूको सिक्किममा राजनीतिक आधिपत्य हुनु अघि नै लिम्बुवानको अलग अस्तित्व बनिसकेको थियो । सन् १६७० मा सिक्किमका राजा तेनसुङ नामग्यालले तमोर - अरुणका लिम्बु राजा 'योमोहाङ'लाई परास्त गरी उनकी छोरी बिबाह गरी लगेकोले पनि सो कुरोको पुष्टि हुन्छ (जय धमला, १९८३ : ३१-३३)।

● पृथ्वी नारायण शाहको गोर्खा राज्य विस्तारक्रममा गोर्खा जर्नेल दामोदर पाण्डेले (सन् १७८८-८९) सिक्किमको टिस्टापारिसम्म जितेका हुन् । गोर्खालीहरूले 'रावदेन-त्से'लाई युद्धमा क्षतविक्षत पारेपछि सिक्किमको राजधानी 'गान्तोक' बन्न गएको थियो । गोर्खा विजयपछि सिक्किममा गोर्खालीको आप्रवासन निकै बढ्न गएको थियो ।

● सन् १८०० मा पूर्व टिस्टादेखि पश्चिम कागडासम्मका सम्पूर्ण पहाड तथा तराईका पनि धेरै भूभागहरू लिएर नेपाल शक्तिशाली बनेको थियो । दक्षिणमा इष्ट इण्डिया कम्पनी पनि आफ्नो अंग्रेजी राज फैलाउँदै थियो । सन् १८१४ मा दुबै शक्तिशाली प्रतिद्वन्दीवीच युद्ध छेडियो र १८१६ मा सुगौली सन्धि सकियो । नेपालको (पूर्वी) तराई र अन्य भाग सिक्किमलाई दिनका लागि अंग्रेजलाई जिम्मा दिइयो । अंग्रेजले १० फेब्रुअरी १८१७ को तितलिया सन्धिअनुसार सो भूभाग (टिस्टा पश्चिम र मेची नदी पूर्वमा रहेका समस्त पर्वतीय देश) सिक्किम राजालाई सुम्पिएको थियो (डा.राहुल सांकृत्यायन र इष्ट इण्डिया कम्पनी- सिक्किम सन्धि; १० फेब्रुअरी १८१७) । तर सिक्किमको राजा पूर्ण सन्तुष्ट भएनन् किनभने उनको सबै भूभाग फर्काइएन । त्यसको कारण सुगौली सन्धिमा सिक्किमको केही भाग नेपाल सरहदभित्रै परेको थियो ।

● सन् १८३५ मा इष्ट इण्डिया कम्पनीले दार्जिलिङ भूमिलाई स्वास्थ्यका दृष्टिकोणले उपयुक्त ठानी सिक्किमलाई प्रतिवर्ष रु. ३०००।- बुझाउने सहमति गरी करारमा लियो । सन् १८६० सम्म त्यो सहमति कायम रह्यो । तर सन् १८६१ मा कम्पनीले सिक्किमसँग भएको सबै सन्धिलाई तोड्यो र दार्जिलिङलाई आफ्नो अधिनमा राख्यो ।

● भारत स्वतन्त्र भएयता दार्जिलिङ पश्चिम बंगालको भूभागको रूपमा रहँदै आएको छ ।



सीताराम तामाङ

३) **सिक्किमको नयाँ स्थिति** :

● नयाँ भारत र सिक्किमबीच सन् १९५० मा सन्धि भयो जसअनुसार सिक्किम भारतको संरक्षित राज्य रहिरहनेछ र आफ्नो आन्तरिक मामिलामा सिक्किमले स्वायत्तताको उपयोग गनेछ (धारा-२)।

● भारत सिक्किमको सुरक्षा र क्षेत्रीय अखण्डताका निम्ति उत्तरदायी रहनेछ ... (धारा-३) ।

● सिक्किमको रानी कुकले १९७० ताका सिक्किमको भूभाग दार्जिलिङलाई भारतीय सरहदभित्र राख्नु अन्याय भएको र सिक्किमलाई नै फर्काइनु पर्दछ भन्ने बहस बाहिर ल्याएपछि दिल्लीमा हल्लीखल्ली भयो, जसको कारण ।

● १७ मे १९७५मा सिक्किम भारतमा गाभियो र भारतको २२औं राज्य भयो ।

● सिक्किमबाट सन् १८६१मा कम्पनीले दार्जिलिङको भूभाग खोस्यो र फर्काएन । अहिले पश्चिम बंगालको सीमाभित्र राखिए पनि यो उसको भूभाग होइन ।

● भारत र सिक्किमबीचको सन्धिले (१९५०) दार्जिलिङको विषयमा बोलेको छैन ।

● सन् १९५० मा नेपाल -भारतबीच शान्ति तथा मैत्री सन्धि भएको थियो जसमा (धारा-८) नेपाल वृटिश- इण्डियाबीच पहिले भएका सबै सन्धिसम्झौताहरू खारेज हुने भनिएको छ ।

४) **दार्जिलिङ अहिले आन्दोलित छ** !

● यतिबेला दार्जिलिङमा नेपाली मुलका भारतीयहरूले आफ्नो अधिकारको लागि संघर्ष थालेका छन् । तर भारत सरकारले ती अधिकार माग्ने जनतामाथि दमन गरेकोछ। निहत्था जनताको हत्या गरेकोछ । दशकौंदेखि अधिकारका लागि संघर्षरत आफ्नै देशका अल्पसंख्यक जनतामाथि सत्तारुढ जातिले आफ्नो भाषा जवर्जस्ती लाद्न खोजिरहेको छ । भारतको संविधानले गोर्खालीलाई समान ब्यवहार गरेको छैन ।

● सुवास घिसिंङको पालादेखि (१९८६) आजसम्म दार्जिलिङका नेपालीमूलका गोर्खाहरूले ठूलठूला संघर्ष गरेका छन् १२०० भन्दा बढीको ज्यान गएकोछ । तै पनि सरकारले उनीहरूको माग पुरा गरेको छैन, बरु अहिले पनि संघर्षरत जनता माथि गोली हान्ने गरिरहेकोछ ।

● भारतले नेपाली मूलका भारतीय जनतामाथि दशकौंदेखि दोस्रो दर्जाको नागरिकको ब्यवहार गर्दै आएको छ । आसाम, मेघालय, आदि राज्यहरूमा पटक,पटक नेपाली मूलका जनतामाथि अन्याय र अत्याचार भएको छ । भुटानबाट नेपाली भाषीलाई देश निकाला गर्नेमा पनि भारतकै हात थियो ।

● दार्जिलिङले गरेको भाषिक अधिकारको संघर्षको कारणले नै भारतको संविधानको अनुसुचिमा नेपाली भाषा परेको छ । यो संघर्षको सकारात्मक पक्ष हो । तर पूर्ण होईन ।

● अहिले बंगाल सरकारले दाजिर्लिङमा बंगाली भाषालाई अनिवार्य (१० कक्षासम्म) गर्ने निर्णय गरेकोले त्यसका विरुद्ध संघर्ष उठेकोछ ।

५) **दार्जिलिङको दुःख** :

● सुवास घिसिङको नेतृत्वमा गोर्खा ल्याण्डको (१९८६) माग राखेर लामो र बलिदानी संघर्ष भयो तर त्यो पार्वत्य परिषदको संझौतामा टुंगिएको थियो ।

● अहिले पुनः अलग गोर्खा ल्याण्डको माग (सन् २००७ देखि) राखेर संघर्ष उठाईरहेकोछ । भारत सरकारले 'गोर्खा ल्याण्ड' को माग भन्दा पछि माग गरेकाहरूलाई जातीय भाषाकै आधारमा उत्तराखण्ड, छत्तीसगढ र झारखण्ड राज्यहरू निर्माण गरिसकेको अवस्था छ । तर गोर्खा भाषीहरूले मागेको 'गोर्खा ल्याण्ड'लाई भने वेवास्ता गरेकोछ ।

६) **गोर्खा ल्याण्डको माग** :

नेपाली बौद्धिकहरूलाई के थाहा छ भने भारत धेरै जातीय र भाषिक भएको मुलुक हो । भारतमा पहिले राज्यको पुनः संरचना (संघीयता) गर्दा दुई कुरामा ध्यान दिइएको थियो । प्रथम; जातीय ९ल्बतष्यलर्बा कतबतभ० राज्य बनाउने, जस्तो कि पंजाव, बंगाल, उडिसा, आसाम, कास्मिर, आदि । द्वितीय; प्रशासनिक सुविधाको आधारमा जस्तो कि बिहार, मध्यप्रदेश यू.पी. आदि । तर यो (द्वितीय) नीति लागु हुन सकेनन् । सन् १९५३ मा नै तेलगु भाषी राज्यको रूपमा आन्द्र प्रदेश (राज्य)को स्थापना गरियो । त्यसपछि जाति/भाषाका आधारमा राज्यहरूको निर्माण प्रकृया आघि बढ्यो । सन् २००२मा बिहारबाट छुटिएर संथाल जातीय राज्यको रूपमा 'झारखण्ड राज्य' बन्यो भने यु.पी.बाट ( ) छुट्टिएर बन्यो खस जातीय राज्य 'उत्तराञ्चल राज्य' । बिहारमा पनि मैथिल र भोजपुरी भाषिक क्षेत्र छुट्टिन सक्ने सम्भावना अझै देखिन्छ । इतिहासतः दार्जिलिङ सिक्किमकै भूभाग हो, बंगालको भूभाग होइन । त्यसो भए प्राविधिक रूपले बंगलाभित्र पार्दैमा गैर-बंगाली भाषी समुदायलाई बंगाली भाषा अनिवार्य गर्न कसरी जायज हुन सक्छ । तसर्थ गोर्खा ल्याण्डको माग जायज ठहर्छ, बरु त्यसभित्र स्वशासनभित्र स्वशासनको नीति लागु गर्न सकिन्छ ।

७) **नेपालको दायित्व के** ?

● देशभित्र मात्र नभएर देशबाहिर बसेका नेपालीहरूमाथि पनि हुने कुनै पनि प्रकारको अन्याय, उत्पीडन र शोषणको विरोधमा र उनीहरूले गरेको न्यायपूर्ण संघर्षको पक्षमा बोल्नु न्यायप्रेमी नागरिकको कर्तव्य हुन्छ । आज 'गोर्खा' पहिचानको लडाई लडिरहेको दार्जिलिङ बासीहरूको पक्षमा नेपालीहरूले बोल्नु हुन्न भन्ने एक थरीको भनाईछ, जुन गलतछ । भारतीय नेपालीका पक्षमा हामीले बोल्दा तराईका मधेसीको पक्षमा भारतीयहरू बोल्न सक्छन् र हामीलाई फसाद पार्छ भन्नेहरू मण्डले राष्ट्रवादीहरू हुन् ।

● दार्जिलिङबासीहरूको जायज मागहरूलाई सम्बोधन गरोस भनेर सम्बन्धित सरकारलाई आह्वान गर्न नसक्नु आन्दोलनकारीहरूको मनोवल गिराउनु हो । विभिन्न कारणले नेपालीहरू देश बाहिर जहाँ पुगे, रहेबसे पनि उनीहरूको पितृभूमि नेपाल नै हो । उनीहरूलाई अप्ठयारो पर्दा गुहार गर्ने ठाउँ पनि पितृभूमि नै हो र पितृभूमिका नागरिकहरूको पनि के कर्तव्य हुन्छ भने उनीहरूको न्यायपूर्ण संघर्षको पक्षमा बोल्नु वा पहल गरुन ।

● नेपालमा पनि मधेसी र आदिवासी जनजातिहरूले भारतमा (दार्जिलिङमा) जस्तै पहिचानको लडाई लडिरहेका छन् । नेपालका पहिचान विरोधीहरू मधेसी, आदिवासी जनजातिहरूलाई पहिचानको अर्थात स्वशासनको अधिकार दिनु पर्ला भनेर विदेशी नेपालीलाई टुहुरा बनाउन चाहान्छन् । तर पहिचान विरोधीहरूले यस प्रकारको महेन्द्रवादी नीति अपनाउँदैमा मधेसी र आदिवासी जनजातिको पहिचानको संघर्ष रोकिने छैन न त यिनले (भारतीय विस्तारवादी शक्तिका अगाडि लम्पसारवादीहरूले) नबोल्दैमा दार्जिलिङको पहिचानको संघर्ष रोकिनेछ । सबैलाई चेतना भया !

srtamang@gmail.com

# दुनियाँलाई जान्ने र बुझ्ने मात्र होइन बदल्ने हो



● पुष्पगोपाल श्रेष्ठ

मार्क्सवादले युगौंदेखिको रीति-रिवाज, राजनैतिक दाउपेच, जटिल कानुनहरू, धूर्त विद्याहरूको पर्दा पछाडि लुकेर रहेको वर्गसंघर्ष, विभिन्न सम्पन्न वर्गहरू र गरिब जन-समूह बीचको संघर्ष, त्यस सर्वहार ासँग, जसले समस्त गरिब जनताको नेतृत्व गर्दै आएको छ, परिचित हुन मद्दत गऱ्यो । निश्चितै रूपमा आज त्यो शक्ति अर्थात सर्वहारावर्गीय नेतृत्वको विश्व कम्युनिष्ट आन्दोलनमा शिथिलता आएको छ । यसको माने यो होइन कि मार्क्सवादले जुन क्रान्तिकारी कम्युनिष्ट पार्टीको वास्तविक उद्देश्य स्पष्ट पारेको छ- त्यो उद्देश्य समाज पुनः निर्माणसम्बधी योजनाहरूको रचना होइन, फेरि त्यो उद्देश्य ती सामन्ती, पुँजीपति र तिनका भरौटेहरूलाई मजदुर किसान तथा सम्पूर्ण श्रमजीवी जनताको अवस्थामा कसरी सुधार गर्ने भन्नेबारे उपदेश होइन, त्यो षड्यन्त्रहरूको रचना पनि होइन, हो त सर्वहारावर्गद्वारा वर्गसंघर्षको आयोजना र त्यस संघर्षको नेतृत्व, जुन संघर्षको अन्तिम लक्ष्य सर्वहाराद्वारा राजनैतिक सत्तामाथि कब्जा गरी नयाँ जनवाद हुँदै समाजवाद र साम्यवादी समाजको निर्माण । हामीले गर्न खोजेको नयाँ जनवादी आन्दोलन समस्त जनवादीहरूको लागि हो । यद्यपि यो जनवादी आन्दोलन भन्नाले पुँजीवादी आन्दोलन नै हो, तर जनवादी आन्दोलनको सार पुँजीवादी वा कुनै पनि पुँजीपतिहरूको मनोमानीले चल्ने होइन र त्यस्तो मनोमानी नेता चल्नेवाला छैन । जनवादको अर्थ हो सर्वहारा अधिनायकवाद अर्थात् शोषित पीडित, देशभक्त आमजनता तथा राष्ट्रिय पुँजीपतिहरूको साझा मञ्च हो र साझ सम्पत्ति । नयाँ जनवादी आन्दोलनबाट सिर्जना गर्ने र हुने नयाँ जनवादी राज्य-व्यवस्थाभित्र पूर्णतया सर्वहारा अधिनायकवाद लागू हुनेछ र गरिनेछ । यस व्यवस्थाभित्र दलाल पुँजीपति, नोकरशाही तथा सामन्तवादी प्रतिक्रियावादीहरूको कुनै किसिमको बोलवाला चल्ने छैन बरु उनीहरूमाथि कडाइका साथ सर्वहारा अधिनायकवाद लागू गरिनेछ र हुनेछ । यसो भनेर फेरि राष्ट्रिय पुँजीपतिहरूमाथि सर्वहारा अधिनायकवाद लागू गर्ने र हुने होइन ।

क्रान्तिकारी कम्युनिष्टहरू मार्क्सको सिद्धान्तलाई एकदम सम्पूर्ण र पवित्र ठान्दैन । बरु यसको उल्टो, क्रान्तिकारीहरू यस मानेमा विश्वस्त छन् कि मार्क्सवादले त्यस विज्ञानको मात्र जग हालेको छ, जसलाई क्रान्तिकारीहरूले, यदि उनीहरू जीवनमा पछि पर्न चाहँदैनन् भने सर्वत्तोमुखी विकास गर्नुपर्छ । जसले यसो गर्दैन ऊ जीवनमा सदा पछाडिको पछाडि नै रहिरहन्छ कहिल्यै अगाडि बढ्न सक्तैन ।

दुनियाँलाई जान्न र बुझ्ने मात्र होइन, दुनियाँलाई बदल्ने त्यस विज्ञानलाई विकसित तुल्याई अगाडि बढाउन क्रान्तिकारी कम्युनिष्टहरूलाई इच्छापत्र मार्क्स र एगेंल्सले छोडेर जानु भएको थियो । जसलाई आ-आफ्नो देश, काल र परिस्थितिलाई सर्वहारा वर्गका महान् नेता भ्ला.इ.लेनिन र माओत्सेतुङले आफू अनुकूल अर्थात् क्रान्तिको अनुकूल बनाई, क्रान्तिकारी विज्ञानलाई त्यतिबेलाको आवश्यकताअनुरूप विकसित तुल्याई समाज परिवर्तनका उपादेयता सावित गर्दै २०औं शताब्दीका महानायक बन्न पुगेका थिए । त्यसै विज्ञानलाई आजको आवश्यकताअनुरूप अरु विकसित तुल्याई अगाडि बढाउन मार्क्सवादको विकसित रूप मार्क्सवाद-लेनिनवाद-माओवादले हामीलाई इच्छापत्र छोडेर गएका छन् । यसको अर्थ अवश्य पनि यो होइन कि मालेमावादको पदचापलाई यान्त्रिक रूपले पछ्याउनु । हो त मार्क्सवाद-लेनिनवाद-माओवादलाई आजको आवश्यकताअनुरूप विकसित तुल्याई सोहीअनुरूप देश, काल र परिस्थितिलाई क्रान्तिमा रूपान्तरण गरी अग्रगामी छलाङ मार्नु हो । अर्थात् उहाँहरूले प्रतिपादन गर्नुभएको सिद्धान्तप्रतिको दृढता र क्रान्तिप्रतिको कठोर अनुभवहरूलाई आत्मसात गर्दै हाम्रो देश नेपालको वर्तमान वस्तुस्थितिले माग गरेअनुरूप मालेमावादी क्रान्तिकारी विज्ञानलाई आजको आवश्यकताअनुरूप व्यवहारतः कार्यक्षेत्रमा उतार्नु क्रान्तिकारीहरूको दायित्व हो ।

त्यसो त मार्क्सवादी विज्ञानको सिर्जनशीलतालाई सुरुदेखि आजसम्म अनवरत रूपले ध्वस्त पार्ने काममा संशोधनवादीहरू वर्नस्टीन, प्लेखानोभदेखि ख्रुस्चोभ र ल्यू साओ चि र यिनीहरूकै अनुयायीहरू नेपालका केशरजंग रायमाझी र तुलसीलालहरू नलागेका हैनन्, लागेकै हुन् । अहिले पनि तिनीहरूकै अनुयायी नवसंशोधनवादी प्रचण्ड र बादलहरू जस्ताहरूले, क्रान्तिकारी कम्युनिष्ट पार्टी र क्रान्तिकारी कम्युनिष्टहरूमा टुटफुट र छिन्नभिन्न पार्न उनीहरूले पुराना सिद्धान्तहरूका अधुरा सूत्रहरू उधारो लिएर सर्वहारावर्गका कट्टर शत्रुहरू, ती सरकार र बुर्जुवा पार्टीहरूसँग साँठगाँठ गर्ने उपदेश दिने, जो क्रान्तिकारी कम्युनिष्टहरूलाई सताउन नयाँ नयाँ स्रोत र साधनहरूको खोजीमा लागिरहेका छन् ।

हामीले गर्ने जनवादी क्रान्ति कतै लुकीचुरी, ढाँटछल गरेर हैन, नेपालमा हिजोका दिन त्यो ऐतिहासिक दश वर्षीय जनयुद्धका प्रमुख नेतृत्वको गद्दारीले गर्दा बीच बाटोमा त्यत्तिकै अलपत्र परी अधुरो रहिरहेको छ । त्यो नयाँ जनवादी क्रान्तिलाई पूर्णतामा परिणत गर्ने काम क्रान्तिकारीहरूको काँधमा छ । जसको सार सर्वहारावर्गको संघर्षको आयोजना र यस संघर्षको नेतृत्व हो, सर्वहारावर्गको वर्गसंघर्ष आर्थिक संघर्ष, फेरि यो आर्थिक संघर्ष ती नवसंशोधनवादीहरूले भन्ने गरेको आर्थिक संघर्ष दलाल पुँजीपतिहरूको भरणपोषण र तिनीहरूकै हितार्थ गर्ने आर्थिक संघर्ष जस्तो होइन । जुन संघर्षको आन्तिम उद्देश्य हो- सर्वहारावर्गद्वारा राजनैतिक सत्ता प्राप्ति र यसैको माध्यमबाट समाजवादी समाजको निर्माण गर्ने हो ।

सर्वहारावर्गको वर्गसंघर्ष आर्थिक संघर्ष मजदुरवर्ग किसान तथा शोषित पीडित आम जनसमुदायको अवस्थामा सुधार ल्याउनको लागि सामन्त तथा दलाल पुँजीपतिहरू अथवा दलाल पुँजीपतिहरूको अलग-अलग गुटहरू, सामन्तहरू, नोकरशाही तथा प्रतिक्रियावादीहरू विरुद्ध संघर्ष र राजनैतिक संघर्ष भन्नाले जनताको अधिकारलाई व्यापक बनाउनको लागि अर्थात् संघीय जनगणतन्त्रको लागि, सर्वहारावर्गको राजनैतिक शक्ति व्यापक बनाउनको लागि दलाल पुँजीपति, नोकरशाही र सामन्तवर्गहरूको कब्जामा रहेको प्रतिक्रियावादी राज्य सत्ताको विरुद्ध चलाइने संघर्षमा विभाजित हुन्छ । हिजोका क्रान्तिकारीहरू जो आज नवसंशोधनवादमा पटन हुन पगेका ती नवसंशोधनवादीहरू आर्थिक संघर्ष नै एक मात्र प्रमुख र अत्यावश्यक ठान्छन् र राजनैतिक (जनवादी क्रान्ति) संघर्ष पूरा (सफल) भइसकेको छ र राजनैतिक संघर्ष अहिलेको आवश्यकता होइन । यस्तो दृष्टिकोण पूर्णतः गलत छ ।

क्रान्तिकारीबाट प्रतिक्रान्तिका नायक बनी खलनायकमा परिणत हुनपुगेका ती नवधनाढ्य पुँजीपतिवर्गका कट्टर हिमायती र तिनका भरौटे यी कम्युनिष्ट (मार्क्सवाद-लेनिनवाद-माओवाद)को वाक्लो खोल ओढेका प्रचण्ड नेतृत्वको सरकारले वर्गीय दुश्मनहरूको साँठगाँठमा संसदबाट ल्य ध्यचप ल्य एबथ जस्तो कालो नियम पारित गरी मजदुरहरूको विशुद्ध राजनैतिक अधिकार अर्थात् मजदुरहरू स्वतन्त्र रूपमा सभाहरू र युनियनहरू आयोजना गर्ने, आफ्नो अखबार निकाल्ने र जनसभाहरूमा आफ्नो प्रतिनिधिहरू पठाउन पाउने जस्ता सबै अधिकारबाट बञ्चित गरी मजदुरहरूलाई पूरै भाडाका टट्टु बनाउने धृष्टता साथ उत्रेर ती हिजोका तमाम जनविरोधी सरकारहरूलाई उछिन्न पुगेका छन् । उता वर्गीय दुश्मनहरू आफू यसरी उछिनाइमा पर्नु परेता पनि हर्षित नै देखिन्छ किनभने यस सरकार र यसका हिमायतीहरूको मुख्य उद्देश्य भन्नु नै मजदुरहरूको ध्यान आफू उत्पीडित एवं अधिकारविहीन भएको अवस्थाप्रति आकर्षित हुन नपाओस् र हरहमेसा काममा मात्र जति रहून् भन्ने हो ।

मजदुरहरूमाथि अइपरेको यो बज्रपातविरुद्ध सबै क्रान्तिकारी जनवादीहरू एकजुद्ध भई, मजदुरहरूको आर्थिक एवं राजनैतिक संघर्षलाई संगठित पार्नु जरुरी छ र यसै आधारमा मजदुरहरूबीच प्रचार कार्य चलाउँदै मजदुरहरूलाई उनीहरूका मालिकहरूसँगको दैनिक संघर्षमा मद्दत पुऱ्याई, उत्पीडनका प्रत्येक रूप र प्रत्येक प्रश्नप्रति मजदुरवर्गको ध्यान आकर्षित गर्नुपर्छ र यस प्रकारले उनीहरूलाई एकताको आवश्यकता बुझाउनु पर्छ ।

भन्न त यहाँ बहुदलीय प्रतिस्पर्धात्मक प्रजातान्त्रिक संघीय राज्यव्यवस्था भनी टोपलिएको छ र जनविरोधी संविधानमा पनि संघीय राज्य हुनेछ भनी उल्लेख गरिएको छ । र पनि ती कथित तीन ठूला दलीय सिन्डिकेटले

...बाँकी ८ पेजमा

# पश्चिमा मिडियाले प्रचार गरेजस्तो छैन उत्तर कोरिया



● हस्तबहादुर केसी

बाहिरबाट हेरे जस्तो छैन उत्तर कोरिया । बाहिरबाट बुझे जस्तो छैन उत्तर कोरिया । बाहिरबाट अनुमान गरे जस्तो छैन उत्तर कोरिया । साम्राज्यवादी तथा पुँजीवादी सञ्चारमाध्यमहरूले अर्थात पहिलेदेखि नै पश्चिमा सञ्चारमाध्यमहरूले आफ्नो अनुकूल दुश्प्रचार गर्दै आए जस्तो छैन उत्तर कोरिया ।

उत्तर कोरियामा म आफै पुगेर, भित्रैसम्म पसेर त्यहाँको समग्र क्षेत्रको अध्ययन गर्दा र गहिरो गरी बुझ्ने क्रममा पहिलेदेखि पश्चिमा सञ्चारमाध्यमहरूले जुन प्रचार गर्दै आएका छन्, त्यसको ठीक उल्टो पाएँ मैले । उत्तर कोरियालाई हेर्ने दुईवटा पाटाहरू छन्- भित्री पाटो र बाहिरी पाटो ।

कुनै पनि चिजलाई हेर्ने र बुझ्ने सवालमा बाहिरी पाटोलाई भन्दा भित्री पाटोलाई मुख्य मानिन्छ । किनकि मार्क्सवादी द्वन्द्ववादले सिद्ध गरिसकेको कुरा हो, विज्ञानले प्रमाणित गरिसकेको कुरा हो हरेक वस्तुको बाहिरी पाटो गौण हो र भित्री पाटो नै मुख्य हो । यसका आधारमा हेर्दा बाहिरी पाटो रूप हो भने भित्री पाटो त्यस वस्तुको सार हो । पश्चिमी सञ्चारमाध्यमहरूले पहिलेदेखि नै उत्तर कोरियाको बारेमा दुस्प्रचार गर्दै आएको कुरा के हो भने उत्तर कोरियामा राजतन्त्रात्मक शासन प्रणाली छ । बाबुपछि छोरो र छोरोपछि नाति राष्ट्रप्रमुख हुने व्यवस्था छ । यस प्रकारको व्यवस्था भनेको राजतन्त्रात्मक व्यवस्था हो भन्ने अत्यन्तै चर्को स्वरमा प्रचार गर्दै आएका छन् । जनवादी गणतन्त्र कोरियाका संस्थापक नेता किम इलसङ उत्तर कोरियाको पहिलो राष्ट्रपति बने । उनको मृत्युपछि उनको छोरो किम जुङ इललाई राष्ट्रपति बनाइयो र उनको निधनपछि उनकै छोरो, अर्थात किम इल सङको नाति किम इल उनलाई राष्ट्राध्यक्ष बनाइएको छ । यसलाई आधार बनाएर उत्तर कोरियामा राजतन्त्रात्मक शासन प्रणाली छ भनेर पश्चिमा सञ्चारमाध्यमहरूले प्रचार गर्दै आएका छन् ।

उत्तर कोरिया प्रति लगाइदै आएको अर्को आरोप हो- त्यहाँ मानव अधिकार व्यापक रूपमा हनन् गरिएको छ । त्यस्तै उत्तरको बारेमा लगाइएको आरोप र कुप्रचार के हो भने त्यहाँको कम्युनिष्ट सरकारले जनतालाई खान, लाउनबाट बञ्चित गरिदै आएको छ र जनतालाई भोकभोकै मारिन्छ भन्ने हो । यससँगै जोडिएको अर्को दुस्प्रचार के हो भने जनताले उचित मात्रामा पोषणयुक्त खाना खान नपाएर, कुपोषणले गर्दा ख्याउटे छन् त्यहाँका जनता भन्ने प्रचार गरिदै आएको छ ।

पश्चिमा सञ्चारमाध्यमहरूले दुस्प्रचार गर्दैआएको अर्को आरोप के हो भने उत्तर कोरियामा सैनिक शासन छ । जनतालाई चुँसम्म पनि बोल्न, लेख्न र विरोध गर्न पाइन्न भन्ने छ । व्यापक रूपमा प्रचार गरिएको अर्को आरोप के हो भने सूचनाको हकबाट कोरियन जनतालाई पूरै बन्धक बनाइएको छ भन्ने आदि-इत्यादि ।

बाहिरी पाटोबाट हेर्दाखेरि पश्चिमा सञ्चारमाध्यमहरूले साम्राज्यवादी तथा पुँजीवादीवर्गको स्वार्थको अनुकूल र कम्युनिष्ट शासन प्रणाली, वैज्ञानिक समाजवादी राज्यव्यवस्था र शासन प्रणालीका विरुद्ध, कम्युनिष्टहरूलाई बदनाम गर्ने, विश्वस्तरमै सर्वहारा श्रमिक जनसमुदायका बीचमा कम्युनिष्ट शासन प्रणाली र वैज्ञानिक समाजवादप्रति घृणा पैदा गराएर आमश्रमिक जनतालाई निराश तुल्याउने उद्देश्यले षडयन्त्रपूर्ण ढंगले गरिएका गलत प्रचार मात्रै थियो ।

किनकि उत्तर कोरियामा म स्वयम् भौतिक रूपमा उपस्थित भएर सच्चा क्रान्तिकारी कम्युनिष्टहरूको जगमै पुगेर भित्री पाटोबाट हेर्दा र गहन ढंगले वर्कर्स पार्टी कोरियर, लामो समय पहिलैदेखि र आजको २१औं शताब्दीको आफ्नो विशेषताहरूसहित जनवादी गणतन्त्र कोरिया सरकारले सञ्चालन गर्दै आएको समाजवादी व्यवस्था, जनताको उच्च प्रकारको जीवनस्तर, मुलुकको आधुनिकीकरण र विकास निर्माण, भौतिक संरचनाहरूको निर्माण र प्रयोग, जनताको उच्चस्तरको वैज्ञानिक चेतनाको विकास, वर्गीय भावना, वर्गीय प्रेम, कम्युनिष्ट जीवनशैली उच्च छ । जनताको राष्ट्रियताप्रति उच्च समर्पणभाव, गास, वास, कपास र शिक्षा, स्वास्थ्य, यातायातका क्षेत्रमा जनताको ग्यारेन्टी राज्यले लिएको अवस्था आदि विषयमा त्यही पुगेर स्वयम् आफ्नै आँखाले हेर्ने मौका पाए पछि आजसम्म पश्चिमा सञ्चारमाध्यमहरूले गरेका प्रचारहरू सव गलत रहेछन् । साम्राज्यवादी तथा पुँजीवादीहरूले शुरुदेखि नै चारैतिरबाट नाकाबन्दी लगाएर, विश्वरंगमञ्जबाटै एकलो पारेर उत्तर कोरियामा त्यहाँका कम्युनिष्टहरूले आफ्नै विशेषतासहितको समाजवादका विरुद्धमा एकलौटी रूपमा पुँजीवादी, साम्राज्यवादी स्वार्थ पूरा गराउने उद्देश्यले सञ्चालन गरिएका पश्चिमा सञ्चारमाध्यमले उत्तर कोरियाप्रति लगाइएका सम्पूर्ण आरोपहरू विश्व जनताका बीचमा भ्रम छर्नका लागि गरिएको कुप्रचार रहेछ । समाजवादका विरुद्धमा, कम्युनिष्ट क्रान्तिकारीहरूका विरुद्ध गरिएको गतल र झुट प्रचार मात्रै रहेछ । आन्तरिक पाटोबाट उत्तर कोरियामै पुगेर हरक्षेत्रको अध्ययन गर्ने क्रममा यी तथ्यहरू प्राप्त गरे मैले ।

उत्तर कोरियाका कम्युनिष्टहरूले सुरुदेखि नै कम्युनिष्ट पार्टी नराखेर पार्टीको नाम वर्कर्स पार्टी कोरिया राख्दै आएका छन् । वर्कर्स पार्टीको पथप्रदर्शक सिद्धान्त, मार्गदर्शन सिद्धान्त मार्क्सवाद-लेनिनवाद-जुछेविचारधारा (आत्मनिर्भरताको सिद्धान्त) हो । जुछेविचारधारा कमरेड किम इलसङले प्रतिपादन गरेको विचार प्रणाली हो ।


सन् १९४५ मा जापानी साम्राज्यवाद र घरेलु सामन्तवादलाई ध्वंश गरेर कोरियाको उत्तरी भूभागमा समाजवादको स्थापना गरिएको थियो भने दक्षिणी भूभाग (आधा भूभाग) अमेरिकी साम्राज्यवादको सेनाको उपस्थिति र सहयोगमा पुँजीवादको स्थापना गरिएको थियो । त्यसदेखि यता उत्तरकोरिया र दक्षिण कोरियाको नामाकरण गरियो । विपरीत विचार र सिद्धान्तका आधारमा शासन प्रणालीहरू सञ्चालनमा रहँदैआएका छन् । पानमानजोङ भन्ने स्थानले सीमा छुट्याएको छ ।

सन् १९४५ देखि यता उत्तर कोरियामा निरन्तर रूपमा वैज्ञानिक समाजवादलाई आजको २१औं शताब्दीका विशेषतासहितको र कोरियन विशेषतासहितको समाजवादलाई अभ्यासमा ल्याइएको छ भने दक्षिण कोरियामा भने अमेरिकी साम्राज्यवादको सेनाको उपस्थिति र सहयोगमा एक प्रकारको विकृत र कुरूप पुँजीवादको स्थापना र विकास गर्दै ल्याइएको छ । अहिले उत्तर कोरियामा वैज्ञानिक उच्चस्तरबाट विकास गरिएको छ भने दक्षिण कोरियामा अमेरिकी साम्राज्यवादको सहयोग र आडभरोसामा संसारमै एउटा विकृत र कुरूप प्रकारको पुँजीवादको विकास गरिएको छ ।

सन् १९५० देखि १९५३ सम्म उत्तर कोरिया र अमेरिकाका बीचमा भीषण युद्ध चल्यो । त्यसलाई कोरिया र अमेरिकी युद्ध भनिन्छ । त्यस युद्धमा १५ लाख जति उत्तर कोरियाका जनताले ज्यान गुमाएका थिए भने करिब ५ लाख जति चिनीयाँ स्वयम् सेवकहरूको हत्या भएको थियो । कोरिया युद्धमा चिनीया नेता कमरेड माओको जेठो छोरा आङछिङको पनि मृत्यु भएको थियो । रसीयाले सैनिक साहेता सहित उत्तर कोरियालाई त्यस युद्धमा ठूलो सहयोग गरेको थियो ।

कोरियन युद्धमा करीब ६० हजार जति सेनाहरू मारिएका थिए र कोरियाले त्यस युद्धमा अमेरिकी साम्राज्यवादलाई खरानीमा परिणत गरि दिएको थियो ।

कोरिया-अमेरिकी युद्धमा राजधानी प्योङ्याङ बम, गोलाबारुदले ध्वंश बनाएर खरानीमा परिणत हुन पुगेको थियो, पछि कोरियनहरूले प्योङ्याङ उपत्यकालाई पूर्णरूपमा पुनर्निर्माण गरेर आधुनिकरण गरेका रहेछन् । अहिले प्याङ्याङ उपत्यका संसारकै एउटा अत्याधुनिक शहरका रूपमा निर्माण र विकास गरिरहेछन् कोरियनहरूले ।



अहिले पनि जनवादी गणतन्त्र कोरिया सरकारले दक्षिण र उत्तर कोरियाको एकीकरणको अभियानलाई प्रमुख प्राथमिकतामा राखेको रहेछ । दक्षिण कोरियालाई अमेरिकाले सहयोग गर्दै आएको र ठूलो संख्यामा सेना समेत तैनाथ गर्दै आएकोले उत्तरकोरिया र अमेरिकाका बीचमा पुनः अर्को पटक भीषण युद्ध हुन सक्ने आँकलन गर्न सकिन्छ । त्यसो भएर उत्तर कोरिया सरकारले अत्याधुनिक हतियार, मिशाइल र क्षप्रयास्त्रको निर्माण र परिक्षण गरिरहेको छ ।

शुरुदेखि नै कोरियन कम्युनिष्टहरूले कम्युनिष्ट पार्टीको वर्कर्स पार्टी कोरिया राख्दै आएका छन् र कमरेड किम इलसङको नेतृत्वमा कोरियन क्रान्ति सम्पन्न भयो र उहाँकै नेतृत्वमा वैज्ञानिक समाजवादको स्थापना र विकास गरियो । त्यसपछि उहाँको छोरा किम जुङ इल र नाति किम इल उनको नेतृत्वमा कोरियामा समाजवाद उच्चस्तरमा विकास गरिरहेको पाइयो त्यहाँ ।

जनवादी गणतन्त्र सरकारले सम्पूर्ण जनताको गास, वास र कपासको पूर्ण ग्यारेन्टी गरेको रहेछ । शिक्षा, स्वास्थ्य, यातायात जनताका लागि निःशुल्क गराइएको रहेछ । निजी सम्पत्ति छैन । बैंकहरू छैनन् । सम्पूर्ण जिम्मा राज्यले लिएको रहेछ । पैसो चल्तीमा छैन । जनताका सम्पूर्ण आवश्यकताहरू खाने, ल्याउने र आवासको ग्यारेन्टी राज्यले लिएको रहेछ । जनताले कुनै पनि निजी मामिला बेहोर्नु पर्ने रहेनछ । जनताले ८ घण्टा अनिवार्य रूपमा श्रम गर्नुपर्ने व्यवस्था रहेछ उत्तर कोरियामा । अहिले वर्कर्स पार्टी कोरियाको केन्द्रीय कमिटी ३०० जनासम्मको रहेछ । ५० वर्षभन्दा मुनि उमेरको कोही पनि केन्द्रीय समितिमा पुग्न सक्दो रहेनछ । पार्टीका सम्पूर्ण स्तरका नेताहरूले पार्टी र राज्यको काम बाहेक ८ घण्टा अनिवार्य रूपमा श्रममा (उत्पादनमा) मा भाग लिनु पर्ने व्यवस्था रहेछ । केन्द्र, क्षेत्र, जिल्ला र स्थानीयस्तर गरी पार्टी र राज्यमा पार्टीगत तथा प्रशासनिक विभाजन गरिएको रहेछ ।

शहरी क्षेत्रमा करीब ५०/६० तलाका भवनहरू निर्माण गरेर एक परिवारलाई एक फ्ल्याट निःशुल्क रूपमा वितरण गर्ने व्यवस्था मिलाइएको गाउँलाई पनि लगभग शहरीकरण गरिसकेको रहेछ र बाँकी गाउँहरूमा किसानहरूका लागि एकै आकारका तीनतले घरहरू निर्माण गरेर निःशुल्क रूपमा वितरण गरिएको रहेछ ।

बैंकहरू छैनन्, नोटहरू चल्दैनन् । तर जनताका कतिपय व्यक्तिगत चाहना पूर्तिका लागि ८ घण्टा श्रमको एउटा सानो हिस्साको रूपमा पैसा उपलब्ध गराउने व्यवस्था रहेछ । गाउँमा किसानले उत्पादन गरेको कृषि उपजबाट बिक्रीका सानो अंश किसानलाई उपलब्ध गराउने व्यवस्था रहेछ ।

ानो देखि ५०००।- सम्मका नोटहरू सरकारले काटेको रहेछ । तर बैंकहरू छैन । जनताका बिचमा ती नोटहरू प्रचलनमा पनि छैन । उत्तर कोरियामा अमेरिकी डलर, युरो डलर र चाइना डलर चल्तीमा ल्याइएको रहेछ ।

उत्तर कोरियामा मुख्य खेती धान रहेछ । मकै, गहुँ, जौ र अन्य बालीनाली र फलफूल तथा तरकारी खेती गरिँदो रहेछ । नपुगे पछि खाद्यान्न अन्य वस्तुहरू चीनबाट पनि आयात गरिदो रहेछ, शिक्षा सतप्रतिशत रहेको छ । बाल शिक्षण अस्पतालहरू पनि सञ्चालन ल्याइएको रहेछ । खेलकुद र मनोरञ्जनलाई जनताको चाहनाको प्राथमिकता राखिएको रहेछ । जनवादी, शीपमूलक, प्रयोगात्मक र वैज्ञानिक शिक्षा अनिवार्य गराइएको रहेछ । शिक्षा सम्पूर्ण रूपमा निःशुल्क रहेछ । सरकारी छात्रावृत्तिमा विविध विषयमा विद्यार्थीहरूलाई विश्वका विभिन्न विश्वविद्यालयहरूमा अध्ययन गर्न जाने र आर्जित सीपलाई बोकेर स्वदेशमै फर्कने व्यवस्था रहेछ ।

समाजवाद र जुछेविचारधाराको बारेमा विरोध गर्न पाइदैन । १८ वर्ष भाषीका आमजनतालाई सैनिकीकरण गरिएको रहेछ । हरेक जनता सैनिक तालिम प्राप्त हुनैपर्ने रहेछ । स्वास्थ्य राम्रो छ । जनताको जीवनस्तर उच्च रहेको छ । सम्पूर्ण जनता कालो सुटकुटमा सजिएका हुन्छन् । महिलाका लागि मिनी स्कटको व्यवस्था पनि रहेछ । जनता अत्यन्तै हाँसी खुसी र उमंग देखिन्छ र राष्ट्र निर्माणमा समर्पित भएको पाइयो । जनताका राष्ट्रियताको सवाल ज्यादै बलियो देखिन्छ ।

उत्तर कोरियामा राजतन्त्रात्मक शासन प्रणाली छ भनेको साम्राज्यवादी, पुँजीवादी र सबैखाले संशोधनवादीहरूले लगाउँदै आएको झुटो आरोप मात्रै रहेछ । किम इलसुङको परिवारले कोरियन मुक्ति युद्ध र समाजको निर्माण र विकासमा ...बाँकी ८ पेजमा

## सामाजिक सञ्जाल



*चुनाव मत परिणामले भरतपुरकै बाटो समातेजस्तो छ माकेजनहरू : मतपत्र च्यात्ने रिहर्सल गर्दैगरे राम्रो ! उपलब्धि ठूलो हुनसक्छ, खति त जावो हजार रूपैयाँ धरौट न हो ! !–* ***खगेन्द्र छन्त्याल***



*चिन्ता पनि कस्ता कस्ता फेसबुकेका*
*भारतले लुम्बिनी बनायो रे,गोर्खाल्यान्ड बनाउने भो, हुँदा हुँदा नक्कली शेरे, PK, KP, BRB पनि बनाउला अनि झुक्किएर तिनको पछिलाग्न उतै कुद्नु पर्ला रे!! सक्कली ले पो कम्ती दुख दिया छन र ? बेकारमा झुक्किएर नक्कलिको पछि लाग्नु पर्ने चिन्ता किन गर्नु परो ? रूप मात्र यताको सार उतैको छा बरु यतैको रूप र यतैको सार भएको विकल्प पो खोज्नु पर्ला जस्तो छा –* ***सुरेश गौतम***



*दर्शन संसारलाई हेर्ने दृष्टिकोण हो, अन्य दर्शन जति अध्ययन गरेपनि द्वन्द्वात्मक भौतिकवादको अध्ययन नगरेसम्म सत्य जान्न र सत्यको नजिक पुग्न सक्नुहुन्न ।–* ***यादव शिवराम***



*लोकतान्त्रिक गणतन्त्रको कार्यदिशा पारित गर्ने चुनुवाङ बैठकमा प्रचण्डले भनेका थिए- 'पुराना शक्तिहरू (कांग्रेस-एमालेलगायत) ले बुर्जुवा गणतन्त्रमा परिवर्तन गर्न खोज्नेछन्, त्यसबेला हामी क्रान्तिकारीहरूले त्यसलाई विद्रोहमार्फत जनगणतन्त्रमा परिणत गर्नेछौं ।' बिचरा ती प्रचण्ड र अहिलेका पर्चन्ड !–* ***केशरमणि कटुवाल***



*कम्युनिस्ट आन्दोलनमा लागेका अधिकांश मान्छेहरूको अन्तिम लक्ष्य कसरी र कताबाट हुन्छ जुगाड लगाएर चीन घुम्ने हुन थाल्यो ।–* ***गणेश चितौरे***



*राजपा भन्ने पार्टीले जहिले चुनाव मात्र सार भनिरहने तर हामी चुनावमा भाग लिन्छौं चाही नभन्ने । नियन प्रष्ट छ कि उनीहरू चुनाव चाहदैनन् तर सरकारसँग जहिले ल्याङल्याङ (मेरो भाषामा) गरिरहने ।-* ***सूर्य बुढाथोकी***



*यो गणतन्त्र होइन, न हो कुनै मानव तन्त्र । बरु हो भने हिजोका देशद्रोही, राष्ट्रघाती तथा सामन्ती दलाल तस्करहरूको गठबन्धनमा उद्देश्य छोडेर हराई रहेका एक हुल नयाँ अनुहारसहितको मिलेमतोमा चलाईएको अर्को लुट अर्को अत्याचार र अर्को दमन सहितको घोर भन्दा घोर तानाशाही र प्रतिक्रियावादी तन्त्र हो । जहाँ एउटा अपराधी सम्मानित हुने वा अर्को पागल पुरस्कृत हुने कुरा सामान्य कुरा हुन ।-* ***बसन्त बोगटी***



*नेपालको कम्युनिष्ट आन्दोलन वामपन्थ अवसर वादबाट र दक्षिणपन्थी सम्बोधनबाट संक्रमित छ । यसको बिकल्पमा एउटा सच्चा क्रान्तिको मोर्चा होस् भन्ने जनता र सचेत क्रान्तिहरूको पनि चाहना छ । क्रान्तिहरूले वैचारिक सैद्धान्तिक विषयलाइ कार्यनीति कार्यदिशा रणनीतिमा छलफल गरेर कार्यगत एकता क्रान्तिकारीमोर्चा कार्यगत एकता पार्टी एकतासम्म हुन सकोस् भन्ने जनचाहना छ ।-* ***हर्क शाही***



*रुकुम रोल्पामा गणतन्त्र, लोकतन्त्र त के बहुदल पनि आएको छैन रे !*
*जुन बस्तिले बलिदानी दिएर दरवार र दिल्लीका गोठालाहरु आज आफ्नो चुनाबी जितमा रमाइरहेका छन्, उनिहरुले यहि भन्छन् । गुहेकिरालाइ महको चास्नीमै डुबाए पनि गन्हाउन छोड्दैन हजुर ! –* ***देवेन्द्र कोइराला***



*नेकपा माओवादी केन्द्र कम्युनिषट पार्टी त हुँदैहैन ट्रेडमार्क मात्रै हो, स्कोन्डिभियन सोसल डेमोक्रे टिक टायपको पनि रहेन –* ***नरेन्द्रजंग पिटर***

# समाजवादी यथार्थवाद र नेपाली कथामा त्यसको प्रभाव

● प्रा.डा. गोपिन्द्र पौडेल

नेपाली कथामा समाजवादी यथार्थवादको प्रभावका बारेमा अनुशीलन गर्नुपूर्व समाजवादी यथार्थवादको बारेमा पनि थोरै चर्चा गर्नु उपयुक्त देखिन्छ । त्यसपछि मात्र समाजवादी यथार्थवादी नेपाली कथा लेखनको पृष्ठभूमि, पृष्ठभूमि स्वरूप समाजवादी यथार्थवादी लेखन पूर्वको नेपाली कथा परम्परा र त्यसपछि मात्र समाजवादी यथार्थवादको प्रभावका कारक/प्रेरक प्रसङ्गहरूको चर्चा गर्नु उपयुक्त हुनेछ ।

२.१ तात्पर्य बोधका सन्दर्भमा समाजवादी यथार्थवाद

समाजवादी यथार्थवाद यथार्थवादी आन्दोलनको नवीनतम् एवम् उच्चतम् प्राप्ति हो । अझ स्पस्ट रूपमा भन्दा समाजवादी यथार्थवाद ऐतिहासिक एवम् द्वन्द्वात्मक भौतिकवादी दर्शनमा आधारित साहित्यिक सिद्धान्त हो जसले कला साहित्यको समीक्षण र मूल्याङ्कन सम्बन्धी वस्तु तथ्यात्मक विधि अवलम्बन गर्छ । यथार्थवादी लेखन परम्परामा समाजवादी यथार्थवाद भन्दा पूर्व प्रभावशाली रहेको आलोचनात्मक यथार्थवाद आफ्नो समयको उन्नत साहित्यिक संस्करण थियो तापनि उत्तरोत्तर यसका सीमालाई औंल्याउँदै समाजवादी यथार्थवादको उदय भएको हो । खास गरी आलोचनात्मक यथार्थवादले मार्क्सवादी दर्शनलाई आत्मसात् गर्न नसकि रहेको अवस्थामा मार्क्सवादी दर्शन चिन्तनलाई आत्मसात् गर्दै समाजवादी यथार्थवादको उदय भएको हो । समाजवादी यथार्थवादको नामकरण, यसमा विद्यमान सौन्दर्यपरक मूल्यको व्याख्या र प्रतिस्थापन, यसको उत्थान र विकासमा म्याक्सिम गोर्की लगायतका रुसी लेखकहरूको महत्त्वपूर्ण योगदान रहेको छ । तात्कालीन सन्दर्भमा आलोचनात्मक यथार्थवादका सीमालाई औंल्याउँदै अनि मार्क्सवादका मूलभूत प्रस्थापनालाई समेट्दै सर्वप्रथम समाजवादी यथार्थवाद नामकरण र प्रवर्तन गर्ने चिन्तक म्याक्सिम गोर्की नै हुन् (मिश्र, सन् १९९२ : २५७) । उनले सन् १९३४ मा सम्पन्न रुसी लेखकहरूको प्रथम अधिवेसनमा समाजवादी यथार्थवादको औचित्यपरक अवधारणा प्रस्तुत गरेका हुन् । वस्तुतः समाजवादी यथार्थवाद भन्नु नै मार्क्सवादी यथार्थवाद हो भन्ने पनि बुझ्िन आउँछ ।

समाजवादी यथार्थवादले समाज र जीवन जगत्को वस्तुनिष्ठ एवम् कलात्मक प्रतिबिम्बनमा जोड दिनुका साथै समाज विकासका हरेक मोडमा देखिने व्यवधान अनि अन्तर्विरोध र त्यसबाट उत्पन्न परिस्थितिको ठोस व्याख्या एवम् विश्लेषण गर्दछ । यसका साथै समाजवादी यथार्थवादले समाजको ऐतिहासिक विकासका विभिन्न चरणको ठोस व्याख्या गर्दै भविष्यप्रति आशावादी दृष्टिकोण प्रस्तुत मात्र गर्दैन अपितु भविष्य प्राप्तिका लागि उत्प्रेरित समेत गर्दछ । समाजवादी यथार्थवादले कला साहित्य सम्बन्धी सौन्दर्यात्मक, ज्ञानात्मक तथा विचारधारात्मक पक्षको सम्यक् विवेचन गर्दै यी तिन वटा पक्ष भन्नु नै कलाका कार्य हुन् भन्ने वस्तुनिष्ठ धारणा प्रस्तुत गर्दै आएको छ । समाजवादी यथार्थवाद मूलतः पुरातन, यथास्थितिवादी, आदर्शवादी एवम् पुँजीवादी साहित्यिक मान्यताका प्रतिध्रुवमा स्थापित वैज्ञानिक विधिमा आधारित उन्नत साहित्यिक मान्यता हो जसले समाज विकासको आधारभूत प्रक्रियाका रूपमा वर्ग सङ्घर्षमा जोड दिन्छ । वर्गीय संरचनायुक्त समाजमा वर्ग सङ्घर्ष अपरिहार्य हुने हुँदा कला साहित्यमा पनि वर्ग सङ्घर्षको कलात्मक प्रतिबिम्बन सम्बन्धी व्याख्या समाजवादी यथार्थवादले गर्दछ । समाजवादी यथार्थवादले कलाकृतिमा जीवन सत्यको अन्वेषण गर्छ, त्यो सत्य भनेको यथास्थितिवादी एवम् स्थिर सत्य नभई गतिशील सत्य हो र सुन्दर भविष्य पछ्याउने क्रान्तिकारी आशावादमा आधारित सत्य हो । समाजवादी यथार्थवादले परिवर्तन सम्बन्धी यान्त्रिक एवम् सङ्कुचित धारणालाई आत्मसात् गर्दैन बरु समाज विकासको द्वन्द्ववादी मान्यतालाई आत्मसात् गर्दै सर्वहारा वर्गीय यथार्थको प्रतिबिम्बनमा विशेष चासो देखाउँछ । यसले मूलतः पुरानोको अन्त्य र नयाँको आमन्त्रण गर्दै त्यस निम्ति कला साहित्यमा उदात्त विचारको सम्प्रेषण हुनु पर्ने मान्यता राख्दछ ।

समाजवादी यथार्थवादले पुरातन सामन्ती एवम् पुँजीवादी विचारको कठोर आलोचना गर्दै कम्युनिष्ट विचार र राजनीतिको पक्षपोषण गर्नुका साथै सर्वहारा वर्गीय पक्षधरता तथा आम श्रमजीवी वर्गको उत्थानमा उत्प्रेरित गर्दछ । त्यसका साथै यसले वर्ग सङ्घर्षका माध्यमबाट उत्पीडित जनताको उन्मुक्तिको सन्देश सम्प्रेषण गर्दछ । यसले रूपवादका माध्यमबाट साहित्यको भ्रष्टीकरण गर्ने रूपवादी लेखनको कठोर आलोचनाका साथ कला कृतिमा उन्नत सौन्दर्य मूल्यको खोजी र सुस्पष्ट व्याख्या समेत गरेको पाइन्छ । खासगरी ऐतिहासिक एवम् द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोणको अवलम्बन, वस्तुगत यथार्थप्रतिको निष्ठा एवम् क्रान्तिकारी भविष्यदृष्टिको अभिव्यञ्जना, कला कृतिमा सर्वहारा वर्गीय दृष्टिकोणको अपरिहार्यता, विगत, वर्तमान र भविष्यलाई निरन्तरता र कार्यकारण सम्बन्धका आधारमा व्याख्या गर्नु, यान्त्रिकता, कोरा काल्पनिकता र रूपवादी लेखनको विरोध र सौन्दर्य मूल्यको सम्प्रेषण, अन्तर्वस्तु र रूपका बिचमा द्वन्द्वात्मक सम्बन्ध देखाउनु, इतिहासका निर्माता जनता हुन् भन्ने मान्यतालाई सर्वोपरि ठान्दै कला साहित्य सिर्जनाका क्रममा आम उत्पीडित जनको उपस्थितिमा जोड दिनु, आम जनतामा आशा एवम् भरोसाको सम्प्रेषण गर्नु तथा सौन्दर्यात्मक, ज्ञानात्मक एवम् विचारधारात्मक पक्षलाई कलाका मुख्य कार्य ठान्नु समाजवादी यथार्थवादका मुख्य वैशिष्ट्य हुन् ।

**समाजवादी यथार्थवादी कथा लेखनको पृष्ठभूमि**

मार्क्सवादले कला साहित्यलाई आर्थिक आधारमाथि खडा भएको बाह्य संरचना मान्ने गरेको परिप्रेक्ष्यमा उत्पादन इतिहाससित साहित्यको गहिरो सम्बन्ध देखिन्छ । विश्व साहित्यकै परिप्रेक्ष्यमा र विशेषतः समाजवादी यथार्थवादी साहित्यको अध्ययनका परिप्रेक्ष्यमा पृष्ठभूमि स्वरूप राजनीतिक, आर्थिक तथा सामाजिक सांस्कृतिक क्रियाकलापको अध्ययन हुने गरेको छ । वस्तुतः प्रस्तुत कार्यपत्र लेखनका क्रममा पनि नेपाली कथामा समाजवादी यथार्थवादको प्रभाव र विकास क्रमको अध्ययनका सन्दर्भमा राजनीतिक, आर्थिक, सामाजिक तथा साहित्यिक सांस्कृतिक वस्तुस्थितिको सङ्क्षिप्त चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

**१) राजनीतिक पृष्ठभूमि**

नेपालमा पृथ्वीनारायण शाहको एकीकरण अभियान पश्चात् विकेन्द्रित सामन्ती राज्य रजौटाहरूको अन्त्य भई केन्द्रीकृत सामन्ती व्यवस्थाको स्थापना हुन गयो । पृथ्वीनारायण शाहको एकीकरणसँगै लेख्य नेपाली साहित्यको आरम्भ हुनु सकारात्मक पक्ष भए पनि राजा र दरबारिया भारदारहरूको चरम स्वार्थ र षड्यन्त्रले नै प्रश्रय पायो भन्ने कुरा वि.सं. १८३४ देखि १९०३ सम्मका कुनै पनि प्रधानमन्त्री कालगतिले नमर्नुले पुष्टि मिल्छ (रावल, २०४७ : ११) । उत्तरोत्तर दरबारिया षड्यन्त्र र हिंसा मौलाउँदै जाँदा वि.सं. १९०३ मा जङ्ग बहादुरद्वारा कोतको पटाङ्गिनी रक्तमुछेल बनाएर राणा शासनको जग बसालियो । राणाहरूले ब्रिटिस साम्राज्यवादको चाकरी गरेर आफू सत्तामा टिकि रहन नेपालको राष्ट्रिय अस्मितालाई धरापमा पारेर गोरखा भर्ती सुरु गर्नु तथा ब्रिटिस महारानीको जन्म दिनमा नेपालमा २१ तोप पड्काउनु (रावल, २०४७ : १२) ले उनीहरू देश र जनताप्रति अनुदार थिए भन्ने पुष्टि हुन्छ । राणा शासकहरूको अङ्ग्रेज भक्ति, निरङ्कुश प्रवृत्ति तथा विलासी जीवन शैलीका कारण त्यतिवेलाको नेपाली साहित्य पनि आमोद प्रमोदको भोगविलासतिर लहसिन पुग्यो । उत्तरोत्तर राणाहरू जति निरङ्कुश बन्दै थिए उति नै राणा विरोधी स्वर पनि ध्वनित हुन थाले । एकातिर राणा शासकहरू निरङ्कुश बन्दै जानु र अर्कोतिर उनीहरू आन्तरिक सङ्कटमा फस्दै जानु तथा प्रथम विश्वयुद्धपछिको नयाँ परिवेशका कारण वि.सं. १९९० को दशकसँगै राणा विरोधी स्वर मुखरित हुन थालेको पाइन्छ ।

एकातिर राणाहरूको दमनका साथै अध्ययनका क्रममा भारतमा पलायन भएका युवाहरू भारतमै बसेर राणा विरोधी गतिविधिमा संलग्न थिए भने अर्कोतिर देशभित्रै पनि राणाहरूका विरुद्ध सङ्गठित प्रयासको थालनी स्वरूप वि.सं. १९८८ मा प्रचण्ड गोरखा र वि.सं. १९९३ मा नेपाल प्रजापरिषद्को स्थापना भयो । नेपाल प्रजापरिषद्को अगुवाइमा राणा विरोधी राजनीतिक क्रियाकलाप हुन थालेपछि वि.सं. १९९७ मा गङ्गालाल श्रेष्ठ, दशरथ चन्द, धर्मभक्त माथेमा र शुक्रराज शास्त्रीलाई मृत्युदण्ड दिइयो । यस घटनाले राणा विरोधी आन्दोलन झन् तीव्र बन्दै गर्दा २००३ साल कार्तिकमा कलकत्तामा अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना भयो (के.सी., २०५६ : ४४) जुन विदेशमा स्थापित पहिलो राणा विरोधी सङ्गठन मानिन्छ । पछि यसको नाम नेपाली राष्ट्रिय काङ्ग्रेस राखियो र २००५ सालमा नेपाली प्रजातन्त्र काङ्ग्रेसको स्थापना भएपछि यी दुवै संयुक्त भएर नेपाली काङ्ग्रेसको गठन भएको पाइन्छ (देवकोटा, २०३६ : ९–११) । २००६ सालमा मार्क्सवादी दर्शन चिन्तनको अनुसरण गर्ने राजनीतिक सङ्गठनका रूपमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भए लगत्तै २००७ सालमा भएको राणा विरोधी आन्दोलनको परिणाम स्वरूप राणा शासनको अन्त्य भए पनि त्रिपक्षीय दिल्ली संभौताका कारण राणाहरू पनि शासन सत्ताको हिस्सेदार बन्न पुगे । यही राजनीतिक पृष्ठभूमि र २००७ सालपछिको खुकुलो राजनीतिक परिवेशसँगै समाजवादी यथार्थवादी कथा लेखन (समग्र साहित्य समेत)को आरम्भ र उत्तरोत्तर विकास भएको हो ।

**२) आर्थिक सामाजिक पृष्ठभूमि**

केन्द्रीकृत सामन्ती शासन व्यवस्थाको स्थापना भएपछि शासकरुको स्वार्थी मनोवृत्ति तथा दरबारिया स्वार्थ र षड्यन्त्रका कारण नेपाली जनताको आर्थिक तथा सामाजिक स्थिति खस्कन थालेको पाइन्छ । राणाहरूको उदयपूर्व र उदय पश्चात् नै शासकहरूको ध्यान शोषण केन्द्रित हुनु, राणा कालमा सामन्ती भूस्वामित्वका कारण जमिनको अधिकांश हिस्सा शासक, भारदार, राजपुरोहित, मुखिया, द्वारे आदिको कब्जामा हुनु तथा यिनै जमिनका मालिकले नै जनताबाट तिरो उठाएर आफ्नै भोगबिलासका निम्ति खर्च गर्नु (नेपाल कम्युनिष्ट पार्टीको घोषणा पत्र, सन् १९४९) ले जनतालाई दासको रूपमा व्यवहार गरेको पाइन्छ । अझ राणा प्रधानमन्त्री वीर समशेरका पालादेखि मुलुकको उब्जाउ भूमि राणा परिवारले बिर्ताका रूपमा आफ्नो नाउँमा बनाउनु (शर्मा,: २०३३ : १३८) ले त्यस बखतको अर्थतन्त्र शासकमुखी थियो भन्ने स्पष्ट हुन्छ । खेतीपाती र बन्द ब्यापारमा ह्रास आएको, उद्योग धन्दाको विकास हुन नसकेको र भएका केही जुट, कपडा र चिनी मिलहरू पनि भारतीय दलाल पुँजीपतिहरू-बिडला, सिन्धिया र चौधरियाहरूको नियन्त्रणमा रहनु (रावल, १०४७ : २९) ले त्यति बेला जनताहरू देशी सामन्तका साथै विदेशी दलाल पुँजीपतिको शोषणबाट प्रताडित भएको बुझिन्छ ।

राणा शासकहरूको अङ्ग्रेजसँगको साठँगाठँका कारण त्यति बेलाको सामाजिक अवस्था पनि अर्ध सामन्ती र अर्ध औपनिवेशिक प्रकृतिको हुनाले आम जनतामा त्यसको नकारात्मक प्रभाव पुर्न स्वाभाविक थियो । वस्तुतः नेपाली जनता राणाहरूको सामन्ती उत्पीडनका साथै अङ्ग्रेजहरूको साम्राज्यवादी उत्पीडनबाट पनि थङ्थिलिएका थिए भन्ने यथार्थ बोध पहिलो विश्वयुद्धमा हरतरहले ब्रिटेनलाई सहयोग गर्ने राणाहरूको नीति अनुरूप (पुष्पलाल, २०५४ : १२) दुई लाख नेपाली युवाहरू ब्रिटेनको तर्फबाट युद्ध मोर्चामा सहभागी हुनुले प्राप्त गर्न सकिन्छ । यिनै नकारात्मक आर्थिक सामाजिक गतिविधिका बिचबाट जनमानसमा राणा विरोधी चेतनाको सञ्चार हुनु भने सकारात्मक पक्ष थियो । वस्तुतः वि.सं. १९९६ मा केही सचेत लेखकहरूले पुस्तकालय खोल्ने प्रयास गर्दा राणाहरूको उत्पीडनको शिकार भएका थिए जसलाई नेपालको इतिहासमा पुस्तकालय पर्वका नामले पुकारिन्छ । अर्थात्, लामो समयको दमित मानसिकताले उन्मुक्ति खोजिरहेको अवस्थामा २००७ सालको राजनीतिक परिवर्तनसँगै आर्थिक तथा सामाजिक अवस्थामा केही सुधार हुँदै गएको यसै पृष्ठभूमिमा सामाजवादी यथार्थवादी साहित्य सिर्जनातर्फको सचेत प्रयास थालिएको पाइन्छ ।

**३) साहित्यिक सांस्कृतिक पृष्ठभूमि**

नेपाल एकीकरण अभियानसँगै आरम्भ भएको लेख्य नेपाली साहित्यको यात्रा सामन्ती कुरूपता तथा बितण्डा संस्कृतिका बिचबाट अगाडि बढेको पाइन्छ । वि.सं. १८७१-७२ को सुगौली सन्धिपूर्व राष्ट्रियताको भाव सुशेल्ने नेपाली साहित्यकारहरू (विशेषतः कविहरू) लाई सन्धिले ठुलो आघात पुऱ्याएको पाइन्छ । त्यसैको परिणाम नेपाली साहित्य भक्तिको मार्गतर्फ र उत्तरोत्तर शृङ्गारिक लेखन तर्फ प्रवृत्त हुन थाल्छ । अर्थात्, सामन्ती उत्पीडन र विसङ्गतिका बिरुद्ध कलम चलाउने साहस यतिबेलाका साहित्यकारले गर्न नसकेकै देखिन्छ । वि.सं. १९५८ मा गोरखापत्रको प्रकाशन तथा १९५८ मै गोर्खे खबर कागत् (दार्जिलिङ), १९६३ मा सुन्दरी (वनारस), १९६५ मा माधवी (वनारस) तथा १९७२ मा गोर्खाली (वनारस) आदिको प्रकाशनले लेखनमा गतिशीलता आए पनि निरङ्कुश सत्ता र शासकका विरुद्ध तात्कालीन साहित्यकारहरूले कलम चलाउने हिम्मत गरेनन् ।

मुलुकभित्र यस्तो स्थिति रहे पनि भारतका वनारस, दार्जिलिङ, देहरादुन आदि स्थानबाट जातीय एवम् शैक्षिक जागरणका स्वर सुनिन थालेपछि त्यसलाई थुमथुम्याउन चन्द्र समशेरले वि.सं. १९७० मा गोरखा भाषा प्रकाशिनी समितिको स्थापना गरे (शर्मा, २०३९ : ८३) पनि नेपालभित्रबाटै १९७७ मा सुब्बा कृष्णलाल अधिकारीले परोक्ष रूपमा राणाहरूको विरोध गर्दै मकैको खेती नामक पुस्तक लेखे वापत कृष्णलाल अधिकारी र शम्भुप्रसाद लगायत नौ जनालाई नौ वर्ष कैद र जागिर खोसुवा गरिएको (शर्मा, २०३९ : ८३) यस घटनालाई मकै पर्व भन्ने गरिन्छ । यसै वर्ष प्रकाशित धरणीधर कोइरालाको नैवेद्य कविता सङ्ग्रहले पनि जागरणको स्वर सुशेल्ने काम गरेको छ । त्यसपछि मुलुक बाहिरबाट प्रकाशित भएका गोर्खा संसार (१९८३), तरुण गोर्खा (१९८५), उदय (१९९४) आदि र देशभित्रबाट शारदा (१९९१), उद्योग (१९९२), साहित्य स्रोत (२००४), युगवाणी (२००४) आदि पत्रिकाले जागरणमुखी स्वर सुशेल्नुका साथै नेपाली साहित्यलाई आधुनिकतातर्फ डोऱ्याउने प्रयत्न गरेका हुन् ।

वि.सं. १९९९ तिर भारतको दार्जिलिङमा सूर्य विक्रम ज्ञवाली, धरणीधर कोइराला, सन्तवीर लामा, सरदार निमा, डिल्ली रमण रेग्मी, विश्वेश्वर प्रसाद कोइराला, शङ्कर प्रसाद शर्मा आदि सर्जक चिन्तकहरू मिलेर अखिल नेपाल वर्ग महासभाको स्थापना गरेका थिए जसको उद्देश्य क्रान्तिकारी साहित्यको रचना र प्रचार प्रसार गर्नु थियो (उप्रेती, सन् १९४८ : १४३-१४४) । यतिबेलै प्रगतिशील अध्ययन मण्डलको स्थापना भारतको कलकत्तामा भयो जसले क्रान्तिकारी साहित्यको उत्थानमा योगदान पुऱ्याएको पाइन्छ । २००७ सालको सङ्घारमा आइ पुग्दा लक्ष्मी प्रसाद देवकोटा, गोपाल प्रसाद रिमाल, गुरु प्रसाद मैनाली, पुष्कर समशेर, रमेश किल, विश्वेश्वर प्रसाद कोइराला आदिले फरक फरक वैचारिक प्रवृत्ति सहित आधुनिकतातर्फ पाइला चाल्दै थिए । वस्तुतः २००७ सालपूर्वका यिनै साहित्यिक सांस्कृतिक गतिविधिले समाजवादी यथार्थवादी साहित्य लेखनको आधारशीला निर्माण गरेको पाइन्छ ।

**४) समाजवादी यथार्थवादी लेखनपूर्वको कथागत पृष्ठभूमि**

सङ्क्षिप्त एवम् सघन संरचनायुक्त उदात्त विचार र उच्च कलामूल्यद्वारा आवेष्टित आख्यानात्मक गद्य रचना नै कथा हो । कथा बारेको यो सूत्रात्मक पहिचान आधुनिक कालमा मात्र स्थापित भएको पाइन्छ । आधुनिक कालपूर्व कथाकारमा कथा भन्ने सिप सामान्य रूपमा देखिए पनि कथाले आफ्नो मौलिक पहिचान प्राप्त गर्न नसकेकै देखिन्छ । आधुनिक कालमा प्रवेश गर्नुसँगै नेपाली कथाले मौलिक पहिचान र विधागत स्वायत्तता समेत प्राप्त गरेको पाइन्छ । साहित्यका अन्य विधामा जस्तै नेपाली कथामा पनि मुलुकमा विद्यमान राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक गतिविधि र क्रियाकलापको प्रभाव पर्न गएको छ । सामाजिक राजनीतिक जीवनले पारेको प्रभाव र सिर्जन वैशिष्ट्यका आधारमा आरम्भदेखि वर्तमानसम्मको नेपाली कथाको विकास प्रक्रियालाई दुई काल खण्डमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

*१) आधुनिक कालपूर्वको नेपाली कथा (१८२७–१९९१)*

*२) आधुनिक नेपाली कथा (१९९२– हालसम्म)*

**१) आधुनिक कालपूर्वको नेपाली कथा** (१८२७–१९९१)

आधुनिक कालपूर्वको नेपाली कथाको समयावधि झण्डै १६४ वर्षको रहेको छ । यस बिचमा राजनीतिक, आर्थिक एवम् सामाजिक सांस्कृतिक जीवनमा तात्त्विक परिवर्तन नभए पनि सामान्य रूपमा केही घटना र उतार चढाव देखिएका छन् । पृथ्वी नारायण शाहद्वारा केन्द्रीकृत सामन्ती सत्ताको स्थापना, १८७१–७२ को सुगौली सन्धि, वि.सं. १९०३ मा अनुदारवादी राणाहरूको उदय, राणा अङ्ग्रेज सम्बन्ध, सत्ता स्वार्थ जस्ता राजनीतिक प्रकृतिका घटना प्रक्रियासँगै सामन्ती भू-स्वामित्व, शासकमुखी अर्थतन्त्र (उर्वर भूमि राणाहरूले आफ्नो बनाउने प्रचलनका कारण), अङ्ग्रेजसँगको राणाहरूको साँठगाँठका कारण साम्राज्यवादी उत्पीडन जस्ता घटना प्रक्रियाहरू यस समयावधिमा देखिन्छन् । त्यसैगरी वि.सं. १९५८ मा गोरखापत्रको प्रकाशनसँगै मुलुकबाहिर (भारतका विभिन्न स्थाबाट) पत्रपत्रिकाको प्रकाशन हुनुले अनुकूल पारिवेशको काम गरेको पाइन्छ । यस समयावधिका कथामा संस्कृत एवम् फारसी स्रोतका आख्यानको प्रभाव प्रशस्त मात्रामा देख्न सकिन्छ । नीति उपदेशप्रतिको रुचि, मनोरञ्जनात्मकता, काल्पनिक विषयवस्तु तथा पात्र, यान्त्रिक संवाद, अति मानवीकृत घटना आदिका कारण यस समयावधिका कथा प्राचीन तथा मध्य युगीन प्रवृत्तिबाट मुक्त हुन सकेका छैनन् ।

नेपाली कथाको आरम्भ बिन्दुका रूपमा वि.सं. १८२७ मा शक्ति बल्लभ अर्यालद्वारा अनुदित महाभारत विराट पर्वलाई मान्ने गरिएको छ । यति बेला यही अनुवाद रूपान्तरणको प्रक्रियाले नै प्रश्रय पाएका कारण यही परम्परामा हास्यकदम्ब (१८३३) पिनासको कथा (१८७२) दशकुमार चरित (१८७५), बृहत्कथाटीका (१९०७), सत्रसेनको कथा (१९५५) आदि नाम मात्रका कथाहरू लेखिएको पाइन्छ । वि.सं. १९५८ पूर्वका यी कथामा समाज बोधका साथै कथागत संरचना न्यून मात्रा रहनुले अलौकिक आख्यानात्मक वृतान्त मात्र देख्न सकिन्छ । अनुदित परम्परामा सीमित हुनु, रहस्यात्मक एवम् विष्मयकारी घटना वृतान्तको समावेस हुनु तथा अति मावीकृत एवम् अलौकिक आदर्शको अनुसरण गरिनुले उपर्युल्लिखित कथामा मानव जीवन र तज्जन्य क्रियाकलापले प्रवेश पाएका छैनन् । अर्थात्, वि.सं. १९५८ पूर्वको कथा लेखन भनेको ऐतिहासिक विवरण मात्र हो, कथा लेखनको आरम्भ हो र सामाजिक सम्पृक्तता विनाको इतिहासको तन्काइ मात्र हो ।

वि.सं. १९५८ देखि गोरखापत्रको प्रकाशनले नेपाली कथामा थोरै भए पनि नयाँ बान्की देखापऱ्यो । यस घटनाबाट नेपाली कथामा थोरै भए पनि सैद्धान्तिक चेतनाको सङ्केत देखिनुका साथै कथाले उपन्यासबाट पृथक भएर आफ्नो कला अनुशासनलाई अनुसरण गर्न खोजेको पाइन्छ । यसै सन्दर्भमा वि.सं. १९५८ पछिको नेपाली कथा परम्परालाई साहित्ये इतिहासकारहरूले माध्यमिक कालको संज्ञा दिएका छन् तापनि वि.सं. १९५८ पूर्वको कथा लेखन र उत्तरको कथा लेखनमा तत्त्विक भिन्नता भने पाइन् ।

गोरखापत्रको प्रकाशन पश्चात् नेपाली कथाले पाठकसम्म पुग्ने अवसर प्राप्त गऱ्यो, यो यस समयावधिको महत्त्वपूर्ण उपलब्धि हो । यस समयावधिमा गोरखापत्रमा प्रकाशित विनासकाले विपरित बुद्धि (१९५९), उट्पट्याङ (१९५९), ठट्टावाज (१९६२), भूतलीला (१९६३), सुकुलगुण्डाको कहानी (१९६९), हीराको औंठी (१९७०), स्वर्गको साँचो (१९७१) आदि कथाका साथै अन्य पत्रिकामा प्रकाशित पातिव्रत्य प्रभाव (१९६५), सुलोचना वृतान्त (१९६५-६६), उपन्यास (१९७२), देवीको बलि (१९८३), अन्नपूर्ण (१९८३), एउटा गरिब सार्कीकी छोरी (१९८६) आदि विशेष उल्लेख्य रहेका छन् । यस समयका कथामा थोरै भए पनि विधागत सचेतता, सामाजिक विषयवस्तुको प्रयोग, मानवीय पात्रको चयनतर्फको रुचि र मौलिकता देख्न सकिन्छ जुन प्राथमिक कालबाट माध्यमिक काललाई बेग्ल्याउने सीमा रेखा पनि हो र यस कालको कथा लेखनको प्राप्ति पनि हो । यसो भए तापनि यस काल खण्डका कथामा पनि विष्मयकारी घटनाको संयोजन, कृत्रिम परिवेशको निर्माण, उडन्ते पात्र, अयथार्थिक विषयवस्तु, हावादारी कथोपकथन, आध्यात्मिक चिन्तन आदिको चापले गर्दा मानवीय जीवन मूल्य समेटिएको छैन तथापि आधुनिक नेपाली कथा लेखनका लागि यसलाई पृष्ठभूमि र आधार शीला मान्न सकिन्छ ।

२) **आधुनिक काल** (१९९२– **हालसम्म**)

नेपाली कथामा आधुनिक कालको प्रचेष्टा आधुनिकता र यथार्थवादसँग गाँसिएको छ । नेपाली कथामा आधुनिक कालको आरम्भ यथार्थवादको समानान्तरमा भएको उल्लेखका साथ त्यसको श्रेय वि.सं. १९९१ देखि प्रकाशित हुन लागेको शारदा पत्रिकामा रहेको धारणा नेपाली साहित्यका इतिहास लेखक दयाराम श्रेष्ठको देखिन्छ (श्रेष्ठ, २०३९ : ५) । तर, शारदाको प्रकाशन मात्र नेपाली कथालाई आधुनिक कालमा अवतरण गराउने मूल कारक तत्त्व नभएर राजनीतिक, आर्थिक तथा सामाजिक, सांस्कृतिक कारण बढी प्रभावी रहेका छन् । राणाहरूको उत्पीडन र उनीहरूका विरुद्ध उठेका विद्रोही स्वर, अङ्ग्रेज विरुद्धको भारतीय जनताको आन्दोलन, भारतीय भूमिबाट नेपालमा भित्रिँदै गरेको आधुनिक पाश्चात्य चिन्तन र सिर्जन विधि अनि नेपाली स्रष्टामा १९९० को दशकपछि जागृत हुन थालेको साम्राज्यवाद तथा सामन्तवाद विरोधी चेतना जस्ता प्रसङ्ग नै नेपाली कथालाई आधुनिकतातर्फ डोऱ्याउन बढी जिम्मेवार देखिन्छन् । यसको तात्पर्य शारदाको भूमिकालाई न्यूनीकरण गर्नु पर्छ भन्ने चाहिँ होइन ।

वि.सं. १९९२ देखि नेपाली कथाले समाजबोध, यथार्थपरक पात्र, विषयवस्तु र घटनाको संयोजन, आधुनिक सिर्जन प्रवृत्ति र शिल्प प्रविधि जस्ता आधुनिक गुणलाई वरण गरेकै कारण वि.सं. १९९२ को शारदामा प्रकाशित गुरु प्रसाद मैनालीको 'नासो' कथाबाट नेपाली कथाले आधुनिक कालको सङ्घारमा टेकेको हो । नेपाली कथाले वरण गरेको यही आधुनिक प्रवृत्ति नै समाजवादी यथार्थवादी कथा लेखनको पृष्ठभूमि पनि हो ।

आरम्भिक अवस्थामा मैनाली र पुष्कर समशेरका कथामा सामाजिक विषयवस्तु, निम्न र निम्न मध्यम वर्गीय पात्रको प्रयोग तथा संरचनागत सुगठन भए पनि आदर्शवादप्रतिको आग्रहले गर्दा २००७ सालपूर्वको नेपाली कथाले आदर्शवाद र स्वच्छन्दतावादबाट मुक्ति पाउन नसकेकै देखिन्छ (चापागाईं र अन्य, २०४७ : ५२) । यसो भए तापनि वि.सं. २००४ देखि युगवाणीको प्रकाशन हुन थालेपछि भने नेपाली कथामा आलोचनात्मक स्वर मुखरित हुन थालेको र यही क्रममा हृदय चन्द्रसिंह प्रधान, लक्ष्मी प्रसाद देवकोटा, शङ्कर कोइराला, गोविन्द बहादुर मल्ल गोठाले, दौलत विक्रम विष्ट आदिले यस प्रवृत्तिको पक्षपोषण गर्दै कथा लेखनमा क्रियाशील भएको पाइन्छ । उत्तरोत्तर नेपाली कथामा आलोचनात्मक यथार्थवादी स्वर मुखरित हुँदै जाँदा सामाजिक विषयवस्तुको चयन, निम्न मध्यम वर्गीय जीवनका पात्रको प्रस्तुति, समाजमा ...बाँकी ८ पेजमा

## सर्वहारा...

पुरा गर्नका मालेमावादको अजय हतियारका साथै सर्वहारावर्गले आफ्नो वर्गको वर्गीय सत्ता संचालन कसरी गर्ने भन्ने उदाहरण समेत प्रस्तुत गरेर जानु भएको छ । हाम्रो जस्तो पूँजीवादको विकास नभैसकेको देशहरूमा नयाँ जनवादी गणतन्त्र हुँदै समाजवाद साम्यवादमा पुग्न सकिन्छ र पूँजीवादको विकास भएका देशहरूमा समाजवाद हुँदै साम्यवादमा जान सकिन्छ भन्ने सत्ताका मोडल मात्र होइन क्रान्तिका स्वरूपका बारेमा समेत अध्ययनका निमित्त प्रस्तस्त मात्रामा सामाग्रीहरू पस्केर जानु भएको छ । यतिमात्र होइन सर्वहारा वर्गको पार्टी भित्र घुसेर मालेमावादको वैज्ञानिक अजय हतियारलाई कसरी भूत्ते पार्ने कोशिस गर्छन र क्रान्तिको उभारलाई भित्रैबाट कसरी समाप्त बनाउछन भन्ने विषयमा समेत मालेमावादले प्रशस्त मात्रमा उच्च विचार दिएको छ । पछिल्लो अवधिमा माओको नेतृत्वमा भएको सर्वहारा साँस्कृतिक क्रान्ति एउटा सशक्त उदाहरण हो । मार्क्सदेखि माओसम्मका महान दार्शनिकहरू भौतिक रूपमा हाम्रा सामू हुनुहुन्न । तर उहाँहरूले दिएको वैचारिक ज्ञान छोटै समयमा विश्वमा स्थापीत बन्न पुग्यो । यति बेलाको आवश्यकता भनेको मालेमावादका वैचारिक सिद्धान्तलाई आत्मसाथ गर्नु र त्यसलाई व्यवहारमा परिणत गर्न इच्छाशक्ति कायम गर्नु हो । त्याग, वीरता, वलिदानको भावनाले ओतप्रोत बन्नु हो । आन्दोलनका क्रममा आउने सबै प्रकारका कठीनाइसँग जुध्न सक्ने उच्च साहसिक क्षमताको विकास गर्नु हो ।

**२. सर्वहारा वर्ग**

मार्क्स तथा एंगेल्सले नयाँ अथवा वैज्ञानिक सिद्धान्त त्यसमा पनि उत्पीडनमा परेका वर्गको पक्षमा अनुसन्धान गर्दै पूर्वी यूरोप तथा अमेरिकामा मजदुर आन्दोलन घनिभूत तवरबाट चलिरहेको थियो । त्यसलाई आधार बनाएर उहाँहरूले अध्ययनलाई केन्द्रीत गर्नुभयो । त्यति बेला मजदुरहरू आर्थिक रूपमा यति कमजोर थिए की उनीहरूसँग आफ्नो व्यक्तिगत सम्पति भन्नु केवल श्रम मात्र थियो । मजदुरहरूको जीवन दास-दासीहरूको भन्दा अत्यन्तै गएगुज्रेको अवस्थाबाट व्यतित भैराखेको अवस्था थियो । श्रम गरेर उचित ज्याला पाउने त कता हो कता कामै नपाएर बेरोजगार बनेर र भोकभोकै सडकपेटीमा मर्नु पर्ने अवस्था थियो । काम गरेकाहरूको जीवन पनि त्यति नै कष्टसाध्य र जोखिमपूर्ण थियो । यसैलाई आधार बनाएर गरिएको गहिरो खोज, अनुसन्धान र त्यसको समाधानका रूपमा मार्क्सवाद जन्मेको हो । जसलाई हामी सर्वहारा वर्गको सिद्धान्त भन्दै आएको छौं । आर्थिक रूपमा केही नभएर मात्र होइन की मानसिक रूपमा चिन्तनमा, व्यवहारमा उत्पीडित वर्गको पक्षमा बोल्ने, त्यसको पक्षमा संघर्ष गर्ने सिद्धान्त नै सर्वहारा वर्गको सिद्धान्त हो । सच्चा मार्क्सवादी सिद्धान्त हो । आजको अवस्थामा मालेमावाद हो । यसलाई गहिरो गरी आत्मसाथ गर्ने र व्यवहारमा प्रयोग गर्न सहमत हुने व्यक्ति सर्वहारा वर्गको प्रतिनिधि हो र त्यसको समूह सर्वहारा वर्ग हो ।

विश्वमा र हाम्रो जस्तो देशमा त्यसको संख्या अत्याधिक बहुमतमा छ । तर पनि त्यो वर्ग किन आफ्नो मुक्तिका खातिर सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने सच्चा कम्युनिष्ट पार्टीमा आवद्ध हुने र वर्ग संघर्षमा हेलिने काम गर्दैनन् ? आज यो प्रश्न उठीरहेको छ । यसका दुईवटा कारणहरू छन् । एउटा कारण आफ्नो वर्गको दुश्मन शोषक वर्ग र कथित कम्युनिष्टका नाममा खुलेका पूँजीवादका दलाल पार्टीहरूले दिने व्यापक भ्रममा परेर भ्रमित हुनु । जोखिम मोलेर संघर्षमा हाम फाल्न नसक्नु । दास्रो कारण भनेको सही के हो भन्ने कुराको लेखाजोखा गर्न सक्ने चेतनाको अभाव तथा आफै भित्रको निम्नपूँजीवादी दुषित मनशायले काम गर्नु हो । यसलाई दुईवटा तरिकाबाट हल गर्न सकिन्छ । एउटा सर्वहारा वर्गीय विश्व दृष्टिकोण प्रति गहिरो अध्ययनद्वारा आफ्नो चेतनाको स्तर विकास गर्नु । अर्को भनेको वर्ग संघर्षमा निरन्तर भाग लिएर अगाडी वढ्नु । त्यसैले सर्वहारा वर्ग त्यही हो जसले मालेमावादका आधारभूत सिद्धान्तलाई गहिरोसँग आत्मसाथ गर्नुका साथै आफ्नो देश र विश्वभरिका उत्पीडित जनतालाई मुक्त गराउन दृढतापूर्वक उभिन्छ ।

**३. सर्वहारा वर्गको पार्टी**

सर्वहारा वर्गले मालेमावादको सिद्धान्त प्रति प्रतिबद्ध भएर मात्र पुग्दैन किनकी आफ्नो वर्गको मुक्तिका खातिर राज्यसत्ता आफ्नो हातमा लिनुपर्दछ । त्यसका लागि शक्ति चाहिन्छ । त्यो शक्ति भनेको सर्वहारा वर्गको विचार बोकेको सच्चा कम्युनिष्ट पार्टी हो । वर्ग संघर्षका विभिन्न भट्टीहरूमा खारिंदै आएका व्यक्तिहरूलाई कम्युनिष्ट पार्टीको सदस्यका रूपमा भर्ति गर्नु पर्दछ । मालेमावादको वैज्ञानिक अजय सिद्धान्तका आधारमा निर्मित सर्वहारा वर्गको वर्ग संघर्षको नेतृत्व गर्नुका साथ नयाँ जनवाद, समाजवाद र साम्यवादको लक्ष्य लिएर गठन गरिएको कम्युनिष्ट पार्टीको सदस्य बन्नु भनेको ठुलो गर्वको विषय हो ।

तर विडम्वना के छ भने पूँजीवादी गद्दारहरू तथा पूँजीवादका दलाल संशोधनवादीहरूको घुसपैठ, टुटफुट, विभाजन र आफै भित्रको कमजोर वैचारिकस्तरका कारण कम्युनिष्ट पार्टीको ओज, गरिमा र त्यसको महत्वलाई कमजोर बनाउने काम हुँदै आएको छ । यही कमजोरीको फाइदा संशोधनवादी गद्दार तथा पूँजीवादी तत्वहरूले लिइरहेको छन् । त्यसैले कम्युनिष्ट पार्टीलाई सस्तो भर्ति केन्द्र होइन विचारको केन्द्र बनाउन सक्नु पर्दछ । तव मात्र त्यो पार्टी, त्यसका नेता, कार्यकर्ताले वास्तविक क्रान्तिको नेतृत्व गर्न सक्दछ । नयाँ जनवादी क्रान्ति पुरा गरी समाजवाद र साम्यवादको लक्ष्य पुरा गर्न सक्छन् । मालेमावाद के हो ? सर्वहारा वर्ग भनेको के हो ? सर्वहारा वर्गको पार्टी भनेको के हो ? सर्वहारा वर्गीय पक्षधर भनेको के हो ? वर्ग संघर्ष भनेको के हो ? संशोधनवाद भनेको के हो ? भन्ने कुराको आधारभूत ज्ञान कम्युनिष्ट पार्टीको साधारण सदस्यले कम्तिमा बुझेको हुनु आवश्यक छ । तव मात्र त्यो पार्टी क्रान्ति गर्न लायक पार्टी बन्न सक्दछ भन्ने बुझाई सबैमा एक रूप हुन आवश्यक छ । त्यसैलाई भनिन्छ सर्वहारा वर्गको पार्टी ।

**४. सर्वहारा वर्गको अनुशासन**

अहिलेको विश्वको अवस्था भनेको एकातिर बहुध्रुवीय साम्राज्यवादी शक्ति र उत्पीडित जनताका विचमा मुख्य अन्तरविरोध छ । अन्य कतिपय देशका शासकहरू तिनै विस्तारवाद, पूँजीवाद वा साम्राज्यवादका दलालका रूपमा शासन सत्तामा रही आएका छन् । हाम्रो आफ्नै देश नेपालको कुरा गर्दा एक समय ब्रिटिस साम्राज्यवाद (जो भारतमा आएर शासन गर्थ्यो)को दलालका रूपमा राणाहरूले कार्यकारी भएर शासन चलाए । ब्रिटिस साम्राज्यवाद भारतबाट हटेपछि राजाहरू होउन् या उसको सरकार होस्, भारतीय विस्तारवादको दलालका रूपमा शासन सत्ता सम्हालेर बसे । राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात सत्तामा आसिन राष्ट्रपति होउन् या कार्यकारी सरकारमा पुगेका पार्टी होउन्, सबै साम्राज्यवादद्वारा संरक्षित विस्तारवादका दलाल पात्रहरू छन् । क्रान्ति जारी छ तर कमजोर अवस्थामा । दश वर्षको जनयुद्धका क्रममा सर्वहारा वर्गको क्रान्तिको मुख्य नेतृत्व सम्हालेका व्यक्तिहरूको एउटा हिस्सा आज मालेमावादका आधारभूत सिद्धान्त, वर्ग पक्षधरता, वर्ग संघर्षबाट पलायन मात्र भएनन् स्वयम् उनीहरू समेत साम्राज्यवाद, पूँजीवाद तथा विस्तारवादका दलाल बन्नका खातिर प्रतिस्पर्धामा उत्रेको अवस्थामा सर्वहारावर्गको क्रान्ति स्वभाविक रूपमा कमजोर बन्न पुगेको छ । वर्ग दुश्मनका विरुद्ध लड्ने क्रममा सँगै हातेमालो गर्दै लडेका र आफूभन्दा माथिल्लो तहमा रहेर कमाण्डर, कमिसारको भूमिका निर्वाह गरेकाहरू यतिवेला वुर्जुवा वर्गको सत्तामा वसेर गतिविधि गरेको देख्दा वैचारिक रूपमा परिपक्व, इमान्दार क्रान्तिकारीहरूमा एक प्रकारको घृणा जागेको अवस्था छ भने इमान्दार भएर पनि कमजोर वैचारिकस्तर भएकाहरू या त पलायनताको बाटो समातेका छन् या हिनतावोधको । या त पूँजीवाद भित्रैबाट भविष्यको खोजीमा ।

विश्व क्रान्तिसँगै नेपालको क्रान्ति तथा नेपाली सर्वहारा वर्ग यही जटील र कठीन मोडमा उभिएको छ । साम्राज्यवाद, पूँजीवाद, विस्तारवादको घेराबन्दी मात्र होइन संशोधनवाद, नवसंशोधनवाद र त्यसले छरेका भ्रमहरूबाट मुक्त बनाउन मालेमावादका वैचारिक विचारको स्तर विकास भएका इमान्दारहरूलाई पार्टीमा गोलबन्द गर्न र उच्च अनुशासन कायम गर्नु नै वास्तविक कम्युनिष्ट पार्टीको निर्माण गर्नु हो । मास पार्टीले क्रान्तिको नेतृत्व गर्दैन । ठुलो मास र भिडले क्रान्ति हुन्छ भन्नु सुधारवाद हो, संशोधनवाद हो, त्यसले अन्ततः बनाउने भनेको दलाल हो । सर्वहारा वर्गीय क्रान्ति त सही विचारद्वारा लैस, चुस्त र अनुशासित पार्टीले मात्र गर्न सक्दछ । लेवी नतिर्ने, कोटा नवुझाउने, वैठकमा नभ्याउने, वैठकमा वसेर गरेका निर्णय कार्यान्वयन नगर्ने, कार्यक्रममा उपस्थित नहुने जस्ता गैरजिम्मेवार नेता होउन् या कार्यकर्ता त्यसबाट क्रान्तिको आशा गर्नु भनेको निरर्थक र व्यर्थ हो । अझ कतिपय अवस्थामा चिया पसल, गाडी वा सार्वजनिक स्थानहरूमा आफ्नै पार्टीको कार्यदिशा पार्टी नेतृत्व, पार्टी निर्णयको आलोचना गर्दै हिड्ने जस्ता क्रियाकलापहरू कुनै सर्वहारा वर्गको नम्सभित्र पर्दैनन् । पारिनु पनि हुन्न । अहिले चलेको फेसबुक, अनलाईन वा अन्य समाजिक सञ्जालहरूमा पार्टीका कयौं गोपनियताहरू बाहिर जानु वा हैसियतलाई विर्सेर समाचार अन्य कतिपय विषय बाहिर जानु भनेको पनि सर्वहारा अनुशासन भित्र नपर्ने विषय हुन ।

पुँजीवादी दलालहरूको सत्तालाई जरैदेखि उखालेर फ्याँक्न वैचारिकस्तर उच्च रहेको, उच्च मनोवल सहितको अनुशासित पार्टी बनाउन विना हिचकिचाहत बहसको व्यवस्था गरौं । कडा अनुशासन भएको लडाकु पार्टीको निर्माण गरौं । जसको योग्यता र क्षमता जति हो, त्यही क्रान्तिको सेवा गर्ने प्रण गरौं । को कहिले जन्मेको र कसले कति पढेको आधारमा होइन यतिबेलाको क्रान्तिको आवश्यकता के हो र त्यो कसले इमान्दारीताका साथ पूरा गर्न सक्छ भन्ने आधारमा छलफल गर्ने सोचको विकास गर्नु अत्यन्तै आवश्यक छ । कर्तव्य पूरा गरेर अधिकारका कुरा गर्ने बानीको विकास गरेर मात्र अनुशासित क्रान्तिकारी र लडाकू पार्टी बन्न सक्छ । सर्वहारा वर्गले यसैमा ध्यान केन्द्रित गर्न आवश्यक छ । सर्वहारा वर्गको पार्टीको सदस्य वास्तवमा कडा अनुशासनयुक्त, उच्च मनोवल सहितको कर्तव्यनिष्ठ वैचारिक रूपमा परिपक्व हुन आवश्यक छ ।

**५. निश्कर्षमा**

साम्राज्यवाद, पूँजीवाद र विस्तारवादका घेरालाई तोड्दै सबै प्रकारका संशोधनवाद, नवसंशोधनवादका भ्रमबाट मुक्त वैचारिक स्तरको उच्च क्षमता सहितको क्रान्ति गर्न योग्य पार्टी निर्माणमा जोड दिउँ । कसले के भन्छ भन्नेमा होइन हामी माथि आएको सर्वहारा वर्गीय अभिभारा पुरा गर्न सर्वहारा वर्गको हेडक्वाटरलाई बलियो बनाउँ । उदारता, उदासिनता, संकृर्णता, व्यक्तिवादी अराजकता, अनुशासनहिनता जस्ता मालेमावादका आधारभूत सिद्धान्तसँग मेल नखाने विषय वस्तुका विरुद्ध डटेर संघर्ष गर्ने सहास गरौं । आत्मप्रशंसा होइन आत्मसमिक्षासहित क्रान्तिको झण्डालाई उच्च राख्दै क्रान्तिका बाँकी अभिभारा पूरा गर्ने प्रतिवद्धता जाहेर गरौं । यो नै वर्तमानको आवश्यकता हो ।

## कांग्रेस...

अवस्थामा देखिएको माओवादी केन्द्र अन्तरविरोधकै कारण तीव्र विघटनको प्रक्रियातर्फ उन्मुख रहेको छ । पार्टीभित्र हुने खाने र हुँदा खानेबीचको लडाइँ सुरु भइसकेको अर्का एक कार्यालय सदस्यले दावी गरे । उनले पनि नाम उल्लेख नगर्ने सर्तमा भने, "पैसा नहुनेले राजनीति नै नगरे हुने भयो । अब माओवादी केन्द्रभित्र युवा पुस्ताबाट विस्तारै अन्तर्संघर्षको उठान गर्ने सम्भावना बढेर गएको छ । विचार र राजनीतिक लाइनमा बहस अगाडि बढाएर सच्चा क्रान्तिकारीहरू एक ठाउँ नभएसम्म अबरुद्ध क्रान्तिको प्रक्रिया अगाडि बढ्दैन ।" माकेभित्रका सच्चा क्रान्तिकारीहरूले यसको गहिरो बोध गरेको पनि उनले दावी गरे । उनले यो पनि स्वीकार गरे कि ढिलो चाँडो क्रान्तिकारीहरू बीचमा ध्रुवीकरण हुन आवश्यक छ ।

माओवादी केन्द्रका कार्यालय सदस्य मणि थापाले आफ्नो फेसबुक स्टाटसमा लेखेका छन्, 'राजतन्त्रका अन्त्यका लागि हामीले जनयुद्ध लड्यौ । गणतन्त्रलाई वास्तविक गणको तन्त्र बनाउनका लागि धनतन्त्रका विरूद्द अर्को आन्दोलनको आवश्यकता भैसकेको कुरा चुनावी अभियानले प्रस्ट भयो ।'

माओवादी केन्द्र निकट मानिने लेखक तथा राजनीतिक विश्लेषक नरेन्द्रजंग पिटरले आफ्नो स्टाटसमा लेखेका छन्, "नेकपा माओवादी केन्द्र कम्युनिषट पार्टी त हुँदै हैन ट्रेडमार्क मात्रै हो, स्केन्डिभियन सोसल डेमोक्रेटिक टायपको पनि रहेन ।"


## चुनावी...

माके ६, राप्रपा ३, संघीय समाजवादी ४, फोरम लोकतान्त्रिक ५ र अन्य ४ स्थानमा अग्रता कायम राखेको छ । दोश्रो चरणको चुनाव गएको असार १४ गते प्रदेश नं १, ५ र ७ मा गरी जम्मा ३३४ वटा स्थानीय तहको भएको थियो । मत परिणाम अनुसार पहिलो चरणमा जस्तै दोस्रो चरणमा पनि एमाले पहिलो हुने देखिएको छ ।

यसैबीच, संविधान संशोधनको माग राख्दै आएको मधेसवादी दलहरूहरूसँग सहमति हुन नसक्दा तेस्रो चरणमा हुने भनिएको २ नं प्रदेशको चुनाव अझै निश्चित हुन सकेको छैन । मधेसवादी दलहरूको मागका अनुसार संविधान संशोधनका लागि आवश्यक पर्ने संसदको दुई हिताई मत प्रतिपक्ष एमालेविना सम्भव देखिंदैन । एमाले मधेसवादी दलको मागको विपक्षमा आफूलाई उभ्याउँदै आएको छ । एमालेको अडान कायम रहेको अवस्थमा असोजमा गर्ने भनिएको तेस्रो चरणको निर्वाचन अनिश्चिततातर्फ धकेलिएको छ ।


## देजमो...

छन् । उनले वर्गदृष्टिसँग कुराकानीको क्रममा भनेका छन्, " यस्तो प्रतिकूल अवस्था र चौतर्फी घेराबन्दीको बीचमा, हामीलाई अपमानित, उपहास गरिरहेको बेलामा पनि उम्मेदवारहरूले उम्मेदवारी दिनु र मतदाताहरूले मतदान गर्नु, हामीलाई भोट हाल्दा दुरूपयोग हुन्छ भन्ने नारा लगाउँदा पनि त्यसको प्रवाह नगरी उम्मेदवारहरूलाई भोट हाल्नु हुने मतदाताहरूलाई देजमोको तर्फबाट म धेरै धेरै धन्यावाद दिन्छु, सलाम गर्छु ।"



दैनिकी दुर्वाच्य...

रामचन्द्र हुमागाई



# 'गाउँमा छोरा, सहरमा ढिण्डोरा'

असार १२ गते । 'धान' मानिसको ज्यान हो । मानो खाएर मुरी उत्पादन गरेन भने वर्षदिन भरी भोकै बस्नुपर्छ । त्यसैले त भन्ने गरिन्छ 'घरमा आमबाबुको मृत्यु भयो भने पनि घुमले छोपेर धान रोप्न खेत–खलियानमा जानुपर्छ' । यस्तो महत्वपूर्ण महिनामा पनि राजनीतिक खिचातानीका कारण निर्वाचन गर्ने मिति असार चौधलाई तोकिएको छ । हेरौं, नेताहरूले मौसमसँग मित लगाएका छन् भने साथ पाउलान्, अन्यथा असारमा खिचडी नपाक्न पनि सक्छ ।

असार १३ गते । मुस्लिम समुदायको दोश्रो तथा महत्वपूर्ण पर्व इद–उल फित्रका अवसरमा मक्का मदिना लगायतका मसजिदहरूमा उल्लासमय उपस्थिति रह्यो । हिन्दूधर्म भन्दा दोश्रो पुरानो धर्म र अरुधर्म भन्दा कट्टर धर्म भएकाले यसलाई कठोर धर्मका रूपमा पनि लिइन्छ । मुस्लिमहरू अन्य धर्मावलम्वीहरूसँग विवाह बन्धनमा पनि बाँधिदैनन् । यदि कोहीकोहीले सीमा नाघेर गए भने धर्म नै त्याग्नुपर्ने हुन्छ । कस्तो मुर्खहरूको धर्म ? प्रेमलाई पनि नाजायज मान्ने ?

असार १४ गते । जनताद्वारा जनता झुक्याउने संसदीय लोकतन्त्र भनिएको स्थानीय तहको दोश्रो चरणको निर्वाचनमा ६२ हजार उम्मेदवार मैदानमा उत्रिएका छन् । जसबाट १५ हजार जनप्रतिनिधि चुनिने छन् । यो संख्या भनेको आधामात्रै हो । यिनीहरूले पहिले जस्तो माथिबाट खटाइएको रकममा निर्भर हुनु पर्दैन, 'आफ्नै हात जगन्नाथ' भने झैं जति पनि खान र ख्वाउन पाउने छन् । समग्रमा भन्नुपर्दा २०३६ सालको जनमतसँग्रहपछि सुधारिएको भनिएको पञ्चायत जस्तो मात्रै हो यो १० वर्षे जनयुद्धले ल्याएको गणतन्त्र । साच्चैको गणतान्त्रिक लडाइँ त हुनै बाँकी छ ।

असार १५ गते । हिजो अर्थात् असार १४ गते हुने भनिएको निर्वाचन साँच्चै भयो । 'ऊ लेउ भन्दा गु' ल्याउँने जनता भएको ठाउँमा यस्ता घिनौना खेल कति भए कति ! २००७ साल देखि यता भएका खेलको प्रत्येक्ष दर्शक त हाम्रै अगाडी हुँदाहुँदै पनि मुर्दा शान्ति चाहने समाजमा कसले विरोध जनाउँने ? असारे हिलोसँग साँच्चै नै मितेरी गाँसिएको होला र त निर्वाचनका दिन एक थोपा पानी परेन । जहाँपऱ्यो, मतदाताले हिलैमा भए पनि मत जाहेर गरे । यति हुदाँहुँदै पनि चुनिएका प्रतिनिधिहरूले सरकारी रकममा अहाल खेले भने के गति होला ? यसको पो चिन्ता लाग्न थालेको छ ।

असार १६ गते । 'गाउँमा छोरा, सहरमा ढिण्डोरा' यो कहावतले भारतीय बजारमा निकै लोकप्रियता पाएको छ । यही कहावतको सिको गर्दै नेपाल सरकार आफूलाई ख्याति योग्य बनाउँदै छ । होइनभने किन ' एकैदिन पाँच करोडको दही व्यापार' भनेर जनताको आँगनमा जनताले नै वर्षौंपिच्छे उत्पादन र उपयोग गर्दै आएको घरेलु कारोवारमा आफूलाई जोडेर लोकप्रियताको खोजि गर्ने घृष्टता गर्थ्यो र ! अर्कोकुरा मुलुकका युवा जति विदेशमा श्रम गर्न पठाउँने, नेपालमा भने 'धान उत्पादनले पुरानो तथ्याँक उछिन्यो' भनेर वजार हल्ला मच्चाउँनु पनि त्यति उपलव्धि देखिंदैन । किनभने सरकारले किसालको समस्या समाधान गरेर धानउत्पालन बृद्धि भएको होइन कि किसान आफैंले सकृयता देखाएका कारण धान उत्पादनमा बृद्धि भएको हो भन्ने कुरा जगजाहेरै भएको कुरा हो । होस् गरौं अबका जनता टुलुटुलु हेरेर बस्ने खालका छैनन् ।

असार १७ गते । यतिवेलाको काठमाडौं र पोखराको लाइफलाईनको नामले परिचित नारायणगण–मुग्लिन सडक निर्माण कार्यमा छ । अत्यन्तै अनकन्टार पहरो र त्रिशुलीको किनारलाई चिनीया सरकारले आजभन्दा झण्डै ३६ वर्ष अगाडी निर्माण गरिदिएको त्यो सडकलाई बढाउँने र स्तरोन्नती गर्ने काम नेपाल सरकारले नै गर्दैआएको छ तर कछुवागतिमा । चालु यातायातलाई रोकेर काम गर्न पनि नसकिने, सडकनिर्माण पनि नगरी नहुने अवस्थाको यो कार्यमा दर्जनौं मानिस हताहत भैसकेको परिप्रेक्षमा हिजो पनि पहिरो हेर्न गएका एक व्यक्तिलाई पहिरोलेनै बगाइदियो र आजसम्म अरु निराशा जन्माइरहेको छ । यो अवस्थामा के गर्ने त ? भन्ने विषयमा सोच्ने नेपाली प्राविधिज्ञहरू नभएकै हो भन्ने कुरा पुष्टि भएको छ । २४ घण्टाको अवधिमा कतिघण्टा यातायात बन्द गरेर बाटो बनाउँने हो, सो कार्यमा जुट्नु आवश्यक भैसकेको छ । कामदारको अभावमा छिटो काम हुन नसकेको हो भने पनि त्यसको बन्दोवस्त हुनु आवश्यक छ ।

असार १८ गते । २०७४ सालको मनसुन शुरु हुने विक्तिकै पूर्वी पहाडमा वर्षिएको पानीले दोलखा र खोटाँङमा गरी चारजनाको ज्यान लियो भने तराईको सप्तरीमा पन्ध्रसय भन्दा बढी घर जलमग्न बनायो । राजधानी र पोखरा प्रवेश गर्ने द्वारको रूपमा रहेको मुग्लिन– नारायणढको बाटो तीन घण्टा खुल्यो भने २२ घण्टा बन्द हुन्छ । यो प्रकृया कुनै नौलो होइन, परम्परा जस्तै भैसकेको छ तर राज्यमा प्राकृतिक प्रकोपका बारेमा गँभीर भएर सोच्ने कोही पनि छैन । कर्मचारी जागिर खान व्यस्त छन्, व्यापारी नाफा खान र नेता कुर्सी झम्टिनमै व्यस्त रहेका छन् । यसरी कसरी होला नयाँ नेपालको निर्माण ?

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# जन्मेको देशप्रति माया गर्नु देशभक्ति



श्रीकृष्ण सुलु

संसारमा एउटै नाम भएको दुई वटा स्थान हुन्छ । भारतमा पन्जाब प्रान्त छ पाकिस्तानमा पनि छ । भारतमा सिन्ध प्रान्त छ पाकिस्तानमा पनि छ । मलेसियामा पनि काम्पोङ गोर्खा भन्ने एउटा गोर्खाली स्वायत्त क्षेत्र छ, बर्मा मेचिनामा पनि गोर्खाली गाउँ छ । त्यस्तै नेपाली भाषा, साहित्य, कला हरेक क्षेत्रमा नेपाली भाषी दार्जिलिङ्गे गोर्खाहरूको अतुलनीय योगदान छ । उनीहरूको पहिचान पनि गोर्खाली हुनुनै हो तर नेपाली नागरिक होइनन् । दार्जिलिङबासीहरूले गोर्खाल्यान्ड माग्दा हाम्रो के टाउको दुखाई ? जे गरून् न....

**गोर्खा** (Gurkha) **राष्ट्रियता र गोर्खाली** (Gorkhali) **राष्ट्रियता बीच फरक**

राष्ट्रियता (Nationality) र देशभक्ति (Patriotism) एउटै होइन । राष्ट्रियता भन्नु जातीयता हो । आफू जन्मेको देशप्रति असाध्य माया गर्नु, त्यो देशको नागरिक हुनुमा गर्व गर्नु देशभक्ति हो । देशको सिमाना प्रायः स्थायी हुन्छ, राष्ट्रियताको सिमाना हुन्न । एउटै देशभित्र धेरै राष्ट्रियताहरू अटाउन सक्छन्, त्यस्तै एउटा राष्ट्रियता धेरै देशहरूमा फैलन पनि सक्छ । कुनै देश एकल राष्ट्रिय राज्य हुन्छन् भने कुनै देश बहुल राष्ट्रिय राज्य हुन्छन् । नेपाल, भारत, अमेरिका बहुल राष्ट्रिय र बहुजातीय देश (Country) हो । जापान, कोरिया, युक्रेन, इरान आदि एकल राष्ट्रिय राज्य हुन् । बहुल राष्ट्रिय राज्यले देश शब्द प्रयोग गर्छ भने एकल राष्ट्रिय राज्यले देश (Country) को सट्टा राष्ट्र (Nation) भन्ने शब्द पनि प्रयोग गर्छन् । जापान, कोरिया, युक्रेन, ईरान आदि राष्ट्र (Nation) हुन् । नेपाल, भारत, अमेरिका आदि भने देश (Country) हुन् । राष्ट्र(Nation) होइनन् ।

नेवार, मगर, तामाङ, गुरुङ, गोर्खाली, शेर्पा आदि राष्ट्रियता/जातीयता (Nationality) सूचक शब्द हुन् । नेपाली, भारतीय, अमेरिकन आदि देशवासी सूचक शब्द हुन् । यसले सो देशका नागरिक हुन भन्ने जनाउँदछ ।

नेवार, मगर, तामाङ, गुरुङ, गोर्खाली, शेर्पा आदि विश्वको जुनसुकै देशमा बसे पनि नेवार, मगर, तामाङ, गुरुङ, गोर्खाली, शेर्पा नै हुन्छन् । कति राष्ट्रियता मर्छन् या मारिन्छन् त कति नयाँ राष्ट्रियताहरू जन्मन्छन् पनि ।

गोर्खाली (Gorkhali) राष्ट्रियता पृथ्वीनारायण शाहको देश गोर्खाबाट शुरु भयो भने गोर्खा (Gurkha) राष्ट्रियता बृटिश गोर्खा पल्टन वा रेजिमेण्टको स्थापनाबाट भयो । नेपालमा गोर्खाली राष्ट्रियतालाई नेपालीकरणको दोजर चलाएर 'नेपाली राष्ट्रियता' मा बदल्ने ऐतिहासिक प्रयास पनि भयो जसअन्तर्गत अन्य राष्ट्रियताहरूलाई मार्ने काम पनि भयो । नेपालमा यो संघर्ष अझै जारी छ । 'नेपाली राष्ट्रियता'का पक्षधरहरू नेपालमा एक मात्र राष्ट्र छ भन्छन् त कहिले नेपाली अनि नेवार, मगर, गुरुङ, तामाङ आदि भन्न रुचाउँछन् । नेपालभित्र बहुल राष्ट्रियता छ भन्नेहरू 'हामी नेवार, मगर, गुरुङ, तामाङ आदि हौं, हामी नेपाली नागरिक हौं' भन्न रुचाउँछन् ।

गोर्खा रेजिमेन्ट वा सेनापछि गोर्खा नयाँ राष्ट्रियता बनेको हो । समान मनोविज्ञान, आर्थिक अवस्था (लाहुरे पेसा), सम्पर्क भाषा भएको गोर्खा राष्ट्रियता भयो । गोर्खा शब्दावली नेपालभित्र भन्दा बृटेन र भारतमै बढी चल्यो । नेपालकै नागरिक होस् वा भारतीय नागरिक, जो पनि बृटिश लाहुरे भएपछि आफूलाई गोर्खा भन्न रुचाउँछन् । दार्जिलिङ, सिक्किम, बर्मा आदिका खसभाषी समुदाय प्रायः गोर्खा रेजिमेण्टसँग सम्बन्धित छन् । त्यसैले उनीहरू आफूलाई सगौरव गोर्खा भन्छन् । यो तिनीहरूको अधिकार हो । पहिला नेपाली हो भन भन्नु हुन्न । कोही नेवार युरोप बसाइँ सऱ्यो भने उसले आफूलाई नेवार भन्ने अधिकार गुमाउँदैनौ भने जस्तै हो यो ।

**प्रसिद्ध गोर्खा सेना र गोर्खाली विस्तारवादबीच फरक**

सुरुमा भारतको खस्मिर भन्ने ठाउँबाट आएको भाषा भएकोले खस भाषा भनियो, यो भाषा सिञ्जामा आएर सिञ्जाली भाषा भयो, पर्वतमा आए पछि पर्वतीय भाषा भयो, गोरखामा आएपछि र गोरखाली साम्राज्यको विस्तारपछि गोरखा भाषा भयो । गोरखा भाषा नै पछि गोर्खाली विस्तारवादले काठमाडौं उपत्यका जितेपछि या नेपाल मण्डलमा गोरखा भाषा आएपछि नेपाली भाषा भनियो । नेवारहरूको नेपाल भाषालाई जबर्जस्ती नेवारी भन्न लगाइयो । गोरखापत्र भनेकै खस नेपाली भाषाको पत्रिका भन्न खोजेको हो । यो गोर्खा भाषा र गोर्खाली साम्राज्यलाई नै गोर्खालीको इतिहास या गौरव भन्नेहरू नि छन् ।

अर्को, गोर्खाको ऐतिहासिकता भनेको, गोर्खा सेनाको कुरा हो । नेपालका राणा वा शाह शासकहरूले बृटिश साम्राज्यको सेवाको लागि करोडौं रकम लिएर निर्दोष जनतालाई बेचेर बृटिश साम्राज्य रक्षा र विस्तारको लागि युद्धमैदानरूपी नर्कमा पठाए, । शासकहरूले नेपाली नभनी गोर्खा भन्न लगाए या नाम दिए । यो शासकको कमजोरी या आफ्नो पुर्ख्यौली ठाउँप्रतिको आशक्ति या त्यो बेलासम्म खुलेर नेपाली भन्न नसकेको प्रमाण हो । युद्धमा गएका सेनाले आफ्नो रगतपसिना बगाएर गोर्खाको नाम राखे, रगतले इतिहास रचे र म गोर्खा हुँ, गोर्खाको गौरवपूर्ण इतिहास र पहिचान छ भन्नेसम्म पुऱ्याए । गोर्खाल्यान्डको माग यही हो । म गोर्खा हुँ, गौरवपूर्ण इतिहासको पहिचानसहित बाँच्न मैले बाँच्न पाउनु पर्छ भन्दा पहिला नेपाली हो भन भन्नु विस्तारवादी बन्नु हो ।

अर्को, दार्जिलिङ, सिक्किमलगायत मेचीपारीदेखि उता टिस्टासम्मको भूभाग गोर्खाली विस्तारवादले बलपूर्वक गाभेको हो । पहिलादेखि गोर्खा राष्ट्र मातहतको भूभाग होइन । दार्जिलिङ छुट्टै स्थानीय जनजातिको राज्य थियो । गोर्खाका शाह राजाले भूभाग हड्पेका थिए । गोर्खालीले त्यहाँ केही दशक शासन गऱ्यो आफ्नो भाषा, संस्कृति जबर्जस्ती लादयो । केही दशक साम्राज्य या उपनिवेश या शासन चलायो भन्दैमा आफ्नो देश भन्ने हो भने बेलायतले भारतलगायत कति वटा देश आफ्नो भन्नुपर्ने होला ? यसले राष्ट्रियता भनेको भूगोल मात्र हो त्यहाँका जनता केही होइन । हारेका जनताले आफ्नो भाषा, संस्कृति छोडी बिजेताकै भाषा, संस्कृति जबर्जस्ती अँगाल्नु पर्छ भन्ने सामन्ती र आन्यायपूर्ण विचारलाई मात्र प्रश्रय दिन्छ । जुन गलत छ ।

अर्को, राष्ट्रियताका लागि धेरै आयाम चाहिन्छ । आर्थिक आत्मनिर्भर भएन भने पनि राष्ट्रियता कमजोर हुन्छ । हामी गरिब नेपाली हुन्न चाहन्न भन्नुको पछाडि यही कारण लुकेको छ ।

# ग्यासको मूल्य २५ रुपैयाँ घट्यो

काठमाडौ । आयल निगमले हिजो राति आइतबार राती १२ बजेदेखि लागु हुनेगरी इन्धनको मुल्य घटाएको छ । निगमका अनुसार खाना पकाउने ग्यासमा प्रतिसिलिन्डर २५ रुपैयाँ, पेट्रोलमा २ रुपैयाँ, डिजेलमा २, मटितेलमा २ र हवाई इन्धनमा प्रतिलिटर ४ रुपैयाँ घटाइएको छ । नयाँ मुल्यअनुसार प्रतिसिलिन्डर ग्यासको मुल्य १३ सय ५० रुपैया पर्नेछ । हाल १३ सय ७५ रुपैयामा कारोबार हुन्थ्यो । यस्तै, अबको नयाँ मुल्य अनुसार पेट्रोल ९८ रुपैयाँ, डिजेल ७४ रुपैयाँ, मटितेल ७४ रुपैयाँ, हवाई इन्धन (आन्तरिकतर्फ) ८४ रुपैयाँ र हवाई इन्धन (अन्तर्राष्ट्रियतर्फ) ७३ रुपैयाँ प्रति लिटरको पर्नेछ । यसअघि प्रतिलिटर पेट्रोल सय रुपैयाँ, डिजेल ७६, मटितेल ७६, हवाई इन्धन आन्तरिकतर्फ ८६ र अन्तर्राष्ट्रियतर्फ ७७ रुपैयाँमा बिक्री हुन्थ्यो ।

## बाहिरबाट...

पुऱ्याएको योगदानलाई कोरियन जनताले सम्मानस्वरूप पनि राष्ट्र चलाउने क्षमता भएका सन्तान रहेसम्म सङको परिवारलाई नछोड्ने देखिन्छ त्यहाँ । किल इलसङ, किम इल जुङहरूले आफूहरूले राम्रो खाएको र राम्रो लगाएको देखिन्थे । यो काम आफहरूले मात्र नगरेर आज जनतालाई राम्रो खान, राम्रो लगाउन सिकाए र बस्ने खाने व्यवस्था पनि राम्रो गरि दिएको पाइयो । यसले गर्दा पनि उनीहरू कोरियन जनताका बीचमा निकै लोकप्रिय र आस्था तथा भरोसाका केन्द्रविन्दु बन्न पुगेका रहेछन् । सूचनाको हकमा उत्तर कोरियाले आफ्नै प्रकारको गुगलको विकास गरेको रहेछ । फोन, मोबाइल, नेट, इन्टरनेट जनताका लागि निःशुल्क रहेछ भने विदेशीहरूका लागि ज्यादै महँगो छ ।

पर्यटकहरू बढी देखिन्छन् उत्तर कोरियामा । व्यक्तिगत भिसा दिंदोरहेन्छ । साम्राज्यवादविरोधी तथा जुछेविचारधारा समर्थक संघसंस्था जो सम्बन्धित देशको राजदूतावासले अनुमोदन गरेपछि कोरियाका भिसा प्राप्त हुँदोरहेछ । त्यहाँ पुगे पछि पनि सरकारको निगरानीमा रहनु पर्छ र २ जनासम्म गाइडरको व्यवस्था मिलाइदिएको हुन्छ ।

जनतालाई खान, लाउन, बस्न र निजी मामिलामा कुनै चिन्ता र झन्झट छैन । सम्पूर्ण जनताको ग्यारेन्टी राज्यले लिएको रहेछ । निजी सम्पत्ति र निजी मामिला बेहोर्न नपरेपछि जनताले आकाश चुम्ने र नौलो संस्कार निर्माण गर्ने सपना देख्दोरहेछ भन्ने एउटा नमूनामा उत्तर कोरियामा दश दिनसम्म बस्दा अध्ययन गर्ने मौका मिल्यो मलाई ।

उत्तर कोरिया अहिले पनि समाजवादको अनुपम नमूना विश्वका सर्वहारा श्रमिक जनताका लागि एउटा शिक्षाप्रद देश रहेछ । हामी पनि कम्युनिष्ट पार्टी आबद्ध भएर देश, जनता र क्रान्तिका लागि सपथ खाएर घर परिवार श्रीसम्पत्ति, श्रीमती, बाबुआमा, कलिला छोराछोरी र लालाबालाहरूलाई छोडेर पूर्णकालीन कार्यकर्ता बनेर घर परिवारबाट निस्कने बेलामा परिजनलाई 'भोलि पार्टीले क्रान्ति सम्पन्न गर्नेछ, छोराछोरी र यी लालाबालाहरूको पालन-पोषण र शिक्षा दिक्षा पनि हाम्रो सरकारले गर्नेछ' भन्ने सपना सुनाउँदै लक्ष्यप्रति ढुक्क र प्रतिबद्ध भएर घरबाट निस्काथियौं । पार्टी कार्यकर्ता र जनतालाई यही कुरा सुनाउँथियौं र क्रान्तिपछि सम्पूर्ण जनताको जिम्मा कम्युनिष्ट सरकारले लिनेछ भनेर । घर, परिवारजन र जनता पनि विश्वस्त र आशावादी बन्द थिए । यही सपना बढ्दै द वर्षे जनयुद्ध पनि भयो । दशौं हजारले सहादत पनि प्राप्त गरे । तर, नेतृत्वमा पैसा भएको विचलन र अवसरवादले गर्दा नेपाली क्रान्ति चकनाचुर बन्न पुग्यो र अहिले नेपाली जनता विरास भएर कांग्रेस, एमाले र अन्य संशोधनवादीहरू थापेको संसदीय चुनावको ढवाङ आफ्नो मत खसालेर संसदीय व्यवस्थाका दलालहरूलाई अनुमोदन गर्न विवस छन् । नेतृत्वले गरेको बेइमानी र धोकाले गर्दा २००६ सालदेखि अहिलेसम्म आइपुग्दा नेपाली धेरै टाढाको वस्तु बन्न पुगेको छ । तर पनि नेपालका क्रान्तिकारी कम्युनिष्ट बिलकुल निराश नभएर विगतको इतिहासदेखि वर्तमानसम्मको कोरियन समाजवादबाट शिक्षा लिन जरुरी छ ।

सन् २०१७ अप्रिल १३ (२०७४ चैत्र ३१) सम्म उत्तर कोरियाको राजधानी प्योङ्याङमा 'साम्राज्यवाद विरोधी लेखक/पत्रकारहरूको अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिनका लागि नेपाल-कोरिया लेखक/पत्रकार मञ्चको तर्फबाट त्यहाँ पुगेको थिएँ । हाम्रो टोलीमा ६ जना थियौ भने तीन समूहबाट गरी १५ जना नेपाल र चीन, जापान, नेपाल, भारत, बंगलादेश, पाकिस्तान, फिलिपिन्स, इन्डोनेसिया, बेलायत, आयरल्याण्ड, फिनल्याण्ड, जर्मनी, फ्रान्स, बेल्जियम, टर्की, पोल्याण्ड, ब्राजिल, रुस, चेकोस्लोभाकिया, कंगो, घाना, गिनी, अर्जेन्टिनालगायत ६० देशका करीब १५० जना लेखक पत्रकार त्यहाँ जम्मा भएका थियौं ।

## दुनियाँलाई...

संघीयतालाई धज्जी उडाउँदै स्थानीय चुनाव सम्पन्न गर्न पुगेका छन् । उनीहरूले उत्कृष्ट भनिएको संविधानमा उल्लेखित संघीय राज्यव्यवस्थाको मूल्य र मान्यता मान्ने हो भने पहिलो चुनाव केन्द्रको दोश्रो प्रादेशिक र तेस्रोमा स्थानीय हुनुपर्थ्यो । यसो नगरी सोझै स्थानीय चुनावमा जानुको सोझो अर्थ हो तीन दलीय सिन्डिकेटलाई संघीयता अमान्य हुनु नै हो । आजसम्म नेपालको राजनैतिक वृत्तमा यस्तो स्थिति देख्नु र हुनुमा कुनै अनौठो र आश्चर्य मानी बस्नु आफैमा अनौठो ठहरिन जान्छ । किनभने हिजोको दिनमा यहाँ एकतन्त्रीय निरकुंश राजतन्त्रीय केन्द्रीकृत एकात्मक राज्यव्यवस्था थियो । त्यतिखेर राजा एक्लैले नियम कानुन बनाउँथे, अधिकारीहरू नियुक्त गर्थे र उनीहरूमाथि नियन्त्रण राख्थे । तसर्थ, यस्तो देखिन्थ्यो कि नेपालमा राजा र राजतन्त्रीय (सरकार) शासन कुनै पनि वर्गमाथि निर्भर छैन र सबैको समान रूपले हेरविचार गर्छ । तर त्यसो होइन, व्यवहारमा चाहीं सबै अधिकारीहरू सम्पन्न वर्गबाट मात्र लिइन्थ्यो । र, सबै ठूल्ठूला सामन्तीहरू यसरी राजा र सामन्तीहरूबीच आन्तरिक मिलिभगतको आरम्भ रोसामा ती सामन्तीहरूले अधिकारीहरू( मन्त्रीहरू)लाई आफ्नो ईशारामा नचाउँदै आफ्नो ईरादा अनुरूप क्रियाशील गराउँथे । र, यसरी नै तिनीहरूले सिंगो देशलाई आफ्नो बपौती झैं गरी आमजनतामाथि मनोमानी ढंगले निर्धक्क भई दोहोरोतेहोरो शोषण दमन लादेर मोजमस्तीमा रमाउने गर्थे र त्यो स्थिति अहिलेसम्म पनि यथावत कायम छ, खास कुनै फेरबदल भएको छैन ।

फेरबदल भएको छ त हिजो देशमा श्रीपेचवाला एउटा मात्र राजा हुने गर्थ्यो । तर अहिले श्रीपेच बेगरका टोपीवाला कथित बडेराजा (ठूला राजा) ३ र एक छोटे राजा अर्थात् तीन बडेराजा (ठूला राजा) भन्नाले (१) नेपाली कांग्रेस (२) एमाले (३) माओवादी केन्द्र (४) छोटा राजा भन्नाले राप्रपा । यी परजीवी बडे राजाहरूको निकृष्ट सोच र व्यवहारले गर्दा आज देशको राष्ट्रिय स्वाधीनतामाथि ठूलो खतरा मडारिरहेका छन् भने जनगणतन्त्र र जनजीविका त भनिन सक्ने स्थितिबाट गुज्रँदै छन् ।

यी नै दलका परजीवी सरकार र यिनकै आसेपासे दलाल पुँजीपति र जमिन्दारहरूले देशका तमाम मजदुर, किसान, श्रमजीवी आमजनतालाई निर्धक्क भई लुटिरहका छन् र यिनीहरूको विरुद्ध संघर्ष नगरोस् भनेर पुलिसले उनीहरूको टाउकामा डण्डा बजार्न लगाइराखेका छन् र मुखमा बुजो लाइदिने मनसायका साथ, जनताको आफ्नो अधिकारको लागि गरिने प्रत्येक आन्दोलन (प्रयास)लाई कुल्चिन्दै आएका छन् ।

यस्तो स्थितिलाई चिर्दै अब हामीले जनताको थोरै मात्रामा भए पनि चेतनशील समस्त स्तरहरूमा राजनैतिक प्रदर्शनको तिर्खा जगाउनु पर्छ । अहिले राजनैतिक प्रदर्शनकारीका स्वरहरू यति कमजोर र काँतर छन् भन्ने कुराबाट हामी हिचकिचाउन हुन्न । यसको कारण, अरु जे भए पनि पुलिस तानशाही अगाडि नतमस्तक हुनु चाहिं अवश्य होइन । कारण के हो भने, योग्य र प्रदर्शन गर्न तैयार मानिसहरूसंग मञ्च छैन । जसबाट तिनीहरू बोल्न सकुन, वक्ताहरूलाई सुन्ने र तिनीहरूलाई प्रोत्साहन दिने श्रोतागण छैनन) अर्थात् भित्रै दिलदेखि क्रान्तिमा होम्न (संलग्न हुन) चाहने र हुने वर्ग निम्न वर्ग र गरिब किसानसम्म पार्टीको संगठनात्मक संरचना पुग्न नसकेको, सर्वहारावर्गमा पुग्नु त अझ टाढाको कुरा, पार्टीको संगठनात्मक संरचना आजसम्म पनि भन्नु नै पर्दा मध्यमवर्ग तथा मुस्किलले निम्नमध्यम वर्गीय गोलचकरमा रुमल्लिरहेको जस्तो स्थिति छ । यस्तो स्थितिबाट निर्भिकतासाथ माथि उठ्नै पर्छ र पार्टीलाई सर्वहारावर्गको अग्रदस्ताकै रूपमा खडा गरी क्रान्तिकारी सर्वहारावर्गको अग्रदस्ता नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)ले आफ्नो राष्ट्रिय दायित्वबोधका साथ, हिजोको त्यो ऐतिहासिक दश वर्षीय जनयुद्धका प्रमुख नेतृत्वको गद्दारीले गर्दा बीच बाटोमा त्यतिकै अधुरो र अलपत्र पारी छोडेको नयाँ जनवादी क्रान्तिलाई टुङ्गोमा पुऱ्याई जस मार्फत् देशमा समाजवादी समाज निर्माण गर्न ती परजीवी सत्तासीनहरूको राष्ट्र र राष्ट्रियताप्रतिको गैरजिम्मेवारी हर्कतबाट सिर्जित राष्ट्रिय संकट विरुद्ध, देशमा छरिएर बसेका तमाम क्रान्तिकारी कम्युनिष्टहरू, देशभक्त वामपन्थीहरू तथा शोषितपीडित आमजनसमुदायलाई एकताबद्ध पारी नयाँ जनवादी क्रान्तिको पहलकदमी लिनु क्रान्तिकारीहरूको नैतिक दायित्व हो र यो आजको राष्ट्रिय आवश्यकता पनि हो ।

## समाजवादी...

विद्यमान विषमता र शोषण वृत्तिको आलोचना तथा शिल्पगत परिष्कार हुँदै आएको पाइन्छ । २००७ सालपूर्व समाजवादी यथार्थवादी कथा लेखनका चेष्टा नभए पनि समाजवादी यथार्थवादी कथा लेखनका लागि पृष्ठभूमि भने निर्माण भएको पाइन्छ ।

२००७ सालपछि नेपाली राजनीतिक र सामाजिक जीवनमा देखिएको खुकुलोपन, आधुनिक मूल्य मान्यता सहितको सिर्जन विधि, प्रत्यक्ष वा परोक्ष रूपमा पश्चिमी जगत्सितको सम्बन्ध, साहित्य सिर्जनाका निम्ति दार्शनिक, राजनीतिक एवम् सैद्धान्तिक मूल्यको अनुसरण, साहित्य सिर्जनाका क्रममा सौन्दर्यात्मक, संज्ञानात्मक एवम् विचारधारात्मक मूल्यको खोजी तथा नेपाली समाजको वर्गीय चरित्र एवम् वैशिष्ट्य अनुरूप नेपाली कथामा आधुनिकताका लक्षणहरू स्पष्ट हुन थाले । परिणामतः नेपाली कथामा यथार्थवादी लेखन, आलोचनात्मक यथार्थवादी लेखन, समाजवादी यथार्थवादी वा प्रगतिवादी लेखनका साथै मनोविश्लेषणात्मक, विसङ्गतिवादी, अस्तित्ववादी तथा रूपवादी लेखनले पनि मौलाउने अवसर पायो । २००७ साल पश्चात् सशक्त रूपमा क्रियाशील रहेको समाजवादी यथार्थवादी वा प्रगतिवादी कथा लेखन विशिष्ट पहिचान र स्पष्ट घोषणा सहित उत्तरोत्तर उर्वर बन्दै समानान्तर कथा धाराको प्रतिध्रुवमा स्थापित हुन पुगेको छ । वि.सं. २००७ पछिको यही सेरोफेरोबाट समाजवादी यथार्थवादी कथा लेखन गतिशील रहेकाले आधुनिक कालको कथा लेखनबारेमा थप चर्चा गरि रहनु आवश्यक देखिन्न ।

*(डा.पौडेलले नेपाल प्रज्ञा-प्रतिष्ठान गध्य र आख्यान विभागको आयोजनामा प्रस्तुत गरिएको कार्यपत्रको अंश यहाँ प्रस्तुत गरिएको हो । सं.)*

## बाढी...

अनुसार बाढीबाट जोगाउन ठाउँ-ठाउँमा अस्थायी बाँध बनाउने र पीडितहरूको उद्दार गर्ने कार्यमा प्रहरी परिचालन गरिएको छ । प्रहरी स्रोतका अनुसार बाढीले सनाखत हुन नसकेको एक जना र एक प्रहरी जवानको ज्यान गएको छ ।

यसैबीच, पोखरामा शनिवार राति परेको भीषण वर्षासँगै गएको पहिरोले भिन्न भिन्न ठाउँमा दुई जनाको मृत्यु भएको छ । पोखरा लेखनाथ महानगरपालि-१८ पस्याङपाखामा गए राति १२ बजे घर पछाडिबाट ढिस्को खसेर १४ वर्षीय टंक क्षेत्रीको मृत्यु भएको हो । पहिरोमा पुरिएका क्षेत्रीलाई उद्धार गरी अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको प्रहरी श्रोतले जनाएको छ । पहिरोमा पुरिएकी अर्की धनमाया अधिकारी भने बाँच्न सफल भएकी छिन् ।

उता पोखरा-१९ अकलादेवीको मन्दिर नजिकै गए राति नै गएको पहिरोले पुरिदा ४० वर्षीया शोभा पौडेलको ज्यान गएको प्रहरीले बताएको छ । पौडेलको शव आइतबार बिहान घर भन्दा एक सय मिटर तल भेटिएको बताइएको छ ।

त्यस्तै गएराति नै बर्षापछि बढेको फुस्रे खोलाले बगाएर पर्वतको तिलहार घर भएकी लीलाकुमारी लामिछाने बेपत्ता भएको प्रहरीले जानकारी दिएका छन् । रोपाई गरेर घरमा फर्कने क्रममा खोला तर्दा लामिछानेलाई खोलाले बगाएको हो ।

पोखरा-१६ बाटुलेचोर, पोखराको विन्ध्यवासिनी र पोखरा-१७ छोरेपाटनमा बर्षा पछि बस्ती नजिकै जमीन भासिएको छ ।

यता प्युठानको गौमुखी गाउँपालिका ३ रजवारामा पहिरोले घर पुरिँदा एक किशोरी वेपत्ता भएकी छन् । शनिवार रातिको बर्षासँगै गएको पहिरोले केरबहादुर घर्तीको घर पुरिँदा उनकी १६ वर्षीया छोरी तुलसा घर्ती वेपत्ता भएकी हुन् । पहिरोले रजवाराका ३ वटा पुल, ३ वटा घर र लघ्यु जलविद्युतमा पनि क्षति पुगेको छ । सो क्षेत्रमा रातिदेखि नै विद्युत सेवा अवरुद्ध छ । मोबाइल सम्पर्क पनि विच्छेद भएको छ ।

## क्रान्तिकारी...

प्रधानमन्त्री पुष्पकमल दाहालसमक्ष अनुनय विनय गरेका थिए । कास्कीका प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनालीमार्फत् एक ध्यानाकर्षपत्र पठाउँदै प्रधानमन्त्री पुष्पकमल दाहाललाई उनीहरुले यस्तो अनुरोध गरेका थिए । तर प्रचण्ड अध्यक्ष रहेकै माओवादी केन्द्रका गृहमन्त्री जनार्दन शर्मा प्रभाकर गृहमन्त्री बनेको एकाध महिना नबित्दै प्रशासनले व्यवसायबाट बेदखल गराउन हस्तक्षेप गरेपछि व्यवसायीहरु आक्रोसित बनेका छन् ।

आफूहरुले सञ्चालन गरेको सस्तो बजार खाली गर्दा सैयौ साना स्वरोजगार व्यवसायी र तिनमा आश्रित हजारौं मानिसहरुको रोजीरोटी खोसिनुका साथै फेरि सडकमा नै आउनु पर्ने बाध्यता आउने कुरा व्यवसायीहरुले बताउँदै आएका छन् । उनीहरुले यदि सस्तोबजार खाली गराउन वलप्रयोग गरिए हजारौं परिवारहरु शहीद बन्न तयार रहेको पनि चेतावानी दिंदै आएका छन् । यस्तो परिस्थिति नआउने वातावरण बनाउनका लागि आम बुद्धिजीवि, व्यवसायी, कर्मचारी, राजनीतिक पार्टीका नेता तथा कार्यकर्ता, मानवअधिकारवादी, सञ्चार कर्मी तथा पत्रकारहरुको पनि उनीहरुले ध्यानाकर्षण गराउँदै आएका छन् ।




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।